# घ्याङलेखको चिनारी

## स्थानीय पाठ्यक्रम

## कक्षा १-५

## २०७८

घ्याङलेख गाउँपालिकाको सिमाबलोकन नक्सा




## घ्याङलेख गाउँपालिका

## सिन्धुली ।

# घ्याङलेखको चिनारी
# स्थानीय पाठ्यक्रम
## कक्षा १–५
## २०७८

**प्रकाशक**

**घ्याङलेख गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली

बागमती प्रदेश, नेपाल

**प्रमुख संरक्षक :** श्री जगत वहादुर भोलन

**सह-संरक्षक :** श्री दुर्गा देवी सुनुवार

**सल्लाहकार समितिः**

श्री राम कुमार कार्की
श्री विजय कुमार थिङ
श्री समसेर वहादुर सुनुवार
श्री नवीन कुमार सुनुवार
श्री भेष बहादुर खत्री
श्री ऋषिराज ढकाल

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**

श्री सुरेन्द्रकुमार स्याङतान
श्री मधुसुदन सापकोटा
श्री बीरबहादुर थिङ
श्री निरबहादुर स्याङतान
श्री रोमकुमार श्रेष्ठ
श्री नवराज पुलामी

**सम्पादन**

डा. हरिप्रसाद पोखरेल

**सर्वाधिकारः** प्रकाशकमा निहित

२०७८।०८।२२ गतेको शिक्षा समितिको सिफारिसमा मिति २०७८।०९।२२ को गाउँ कार्यापालिकाबाट स्वीकृत भई १० औं गाउँ सभाबाट अनुमोदित ।

**मुद्रण :** ५०० प्रति
**प्रथम संस्करण :** वि.स. २०७८
**आवरण पृष्ठ :** अगाडि पट्टी लाखाङ गुम्बा र पछाडि पट्टी लघुराम डाँडाको प्राकृतिक बोजो घारी
**कम्प्यूटर (आवरण/पुस्तक) डिजाईन :** किशोर कुमार वाइबा (९८४११६४६६५)

**नोटः** *घ्याङलेख गाउँपालिकाको लिखित स्वीकृति विना यसको पुरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाँप्रति हुवहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाईने छैन । यसो गरेको पाईएमा प्रतिलिपी अधिकार ऐन वमोजिम कारवाही गरिने छ ।*

# प्राक्कथन

शिक्षा ज्ञान, सीप र अनुभूतिहरु आदानप्रदान गर्ने माध्यम हो । व्यक्तिलाई सक्षमता प्राप्तिमा सहयोग गर्ने माध्य हो । शिक्षा समाज विकासको मार्गदर्शन हो । समाज परिवर्तन र रुपान्तरणको बाहक पनि । शिक्षालाई विकास र सभ्यताको आधारशीला पनि भन्ने गरिन्छ । औपचारिक शिक्षालाई व्यवस्थित र योजनाबद्धरुपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । शिक्षण सिकाइलाई व्यवस्थित र योजनाबद्धरुपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । स्थानीय परिवेश, आवश्यकता एवम् जनजीवनसंग गाँसिएका विषयवस्तुहरु समेटेर स्थानीय पाठ्यक्रम तयार गर्ने गरिन्छ । पाठ्यक्रम निर्माण, विकास र परिमार्जन निरन्तर चलिरहने प्रक्रिया हो । सिकारुको रुचि, अभिभावकको चाहाना र समाजको सपनाको जगमा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सके यसबाट अपेक्षित लाभ लिन सकिने कुरामा दुईमत नरहला । सिकारुमा चाहिने व्यवहारकुशल तथा जीवनोपायोगी सीप विकास गर्न निर्माण गरिने पाठ्यक्रम स्वभावले नै सिकारुमैत्री हुन आवश्यक हुन्छ । यसै पृष्ठभूमीमा शैक्षिक सत्र २०७७ देखी कक्षा १ र २०७८ सालदेखी कक्षा २-३ को पाठ्यक्रम परिवर्तन गरी कक्षा १ -३ परिवर्तित एकीकृत पाठ्यक्रम कार्यान्वयनमा आएको छ । राष्टिय पाठ्यक्रमको मौजुदा व्यवस्था अनुसार कक्षा १-३ को लागि स्थानीय विषय साप्ताहित ५ घण्टाको दरले बार्षिक १६० घण्टा र कक्षा ४-५ को लागि साप्ताहिक ४ घण्टाको दरले बार्षिक १२८ घण्टा निर्धारण गरिएको छ । यसै व्यवस्थालाई ध्यान दिदै घ्याङलेख गाउँपालिकाको स्थानीय पाठ्यक्रम घ्याङलेखको चिनारी विषयको स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेबमोजिम यही शैक्षिक सत्र २०७७ देखी क्रमश: पाठ्यक्रम परिवर्तनको स्वरुप अनुसार वि.स.२०८० सम्म सवै स्थानीय तहले कक्षा ८ सम्म स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गरि पठनपाठन गर्नंपर्ने कानुनी व्यवस्था छ। यसै निर्देशनलाई आत्मसात गर्दै घ्याङलेखको नीति तथा कार्यक्रम अनुसार पहिलो चरणमा कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखी घ्याङलेख गाउँपालिकाका सवै विद्यालयहरुमा लागू गर्ने उद्देश्यका साथ यो पाठ्यक्रम तयार गरिएको हो । स्थानीय सरोकारवालाहरुसंगको पटक पटकको छलफल, पाठ्यक्रम निर्माण कार्यदलको सामुहिक लगनशीलता, लेखन तथा सम्पादन मण्डलको मेहनत, गाउँपालिकाको सल्लाह एवम् निर्देशन र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को निर्देशनको जगमा यो पाठ्यक्रम तयार गरिएको हो । सिद्धान्ततः स्थानीय पाठ्यक्रमले पाठ्यपुस्तक (कार्यपुस्तक) को परिकल्पना गर्दैन । विभिन्न सान्दर्भिक सन्दर्भ सामग्रीहरुको सहयोगमा स्थानीय पाठ्यक्रममा उल्लेखित विषयवस्तुको सिकाइ सहजीकरण गर्नंपर्ने हुन्छ । यस पाठ्यक्रममा विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण सिकाइ क्रियाकलापका सम्भावित गतिविधिहरु, सम्भावित मूल्यांकन प्रक्रिया समेत उल्लेख गरिएको छ । स्थानीय परिवेश तथा स्थानीय वातावरणको पृष्ठभूमिमा तयार गरिएको यस पाठ्यक्रमले घ्याङलेख गाउँपालिकाको चिनारी दिने र गाउँपालिकाको आफ्नो पहिचान कायम राख्ने कुरामा सहयोग गर्ने विश्वास लिएका छौं ।

पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति शिक्षक हुने भएतापनि संविधानतः माध्यमिक तहसम्मको शैक्षिक अधिकार स्थानीय तहमा आएको परिवर्तित परिवेशमा

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको मुख्य जिम्मेवार पक्ष स्थानीय तह नै हो । प्रारम्भमा शिक्षकले सिकारुको सहभागीतामा विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने सोचबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो । तर, अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बदलिएको राजनीतिक मान्यता र प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीयतहको भएकोले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आवश्यकताको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने प्रावधान रहेको छ । स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्तित्व, शिक्षक,राजनीतिज्ञ सबैको भूमिका महत्वपूर्ण हुन्छ । स्थानीय स्रोत, साधन, अवसर, पहिचान एवम् विज्ञताको कदर गर्दै स्थानीय परिवेश र आवश्यकताको आधारमा स्थानीय आवश्यकताको क्षेत्र निर्धारण गरी स्थानीय सरकारले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने परिपाटीको विकास हुनुले पनि स्थानीय पाठ्यक्रम कार्यान्वयनको सम्भावना बढ्दै गएको देखिन्छ । स्थानीय ज्ञान, सिप र प्रविधिको समान पहुँच र विस्तारमा टेवा पुऱ्याउन स्थानीय सरोकारवालाको सहभागीता, विज्ञता र स्रोत साधन जरुरी हुन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण गर्ने क्रममा सरल र सहज तरिकाले स्थानीय तहको प्रतिनिधित्व हुन नसकेको परिवेश विद्यमान छ । शैक्षिक गुणस्तर विकासमा स्थानीय सरोकारवालाको उत्तरदायित्व र जिम्मेवारी बोध पर्याप्त मात्रामा भएको पनि छैन । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा नीति निर्माणका क्रममा स्थानीय तहका सरोकारवालाको बढिभन्दा बढि सहभागिता हुने वातावरण तयार गर्ने र त्यसबाट प्राप्त प्रतिफलमा उनीहरूकै जिम्मेवारी रहने व्यवस्था गरी विकेन्द्रीकरणको सैद्यान्तिक पक्षलाई जोड दिदै ज्ञानको विश्वव्यापीकरणलाई समेत मध्यनजर गरी स्थानीय पाठ्यक्रम निर्माण गर्नं अहिलेको प्रमुख आवश्यकता हो । घ्याङलेख गाउँपालिकाले. स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय शिक्षक तथा शिक्षा शाखाको नेतृत्वमा स्थानीय व्यक्तित्वहरुलाई ज्ञानको शुद्धीकरणमा सामेल गरी पाठ्यक्रम विकासमा ध्यान दिएको छ ।

अन्त्यमा, **"घ्याङलेखको चिनारी"** नामक यो स्थानीय पाठ्यक्रममा उल्लेखित विषयवस्तुहरुको सान्दर्भिकता र औचित्यता यसको सफल र प्रभावकारी कार्यान्वयनबाट मात्र सम्भव हुनेछ । पाठ्यक्रम निर्माणमा पाठ्यक्रम निर्माण कार्यदलमा खट्नु हुने विद्यालय, सवै प्रधानाध्यापक तथा तामाङ स्रोत सामाग्री उपलब्ध गराई सहयोग गराउनु हुने नितेश मोक्तान, राजु भ्लोन तथा यस पाठ्यक्रमको सम्पादन गरिदिनु हुने शिक्षाविद् डा. हरिप्रसाद पोखरेल लगायत सम्पूर्णमा हार्दिक धन्यबाद दिदै यसको सफल कार्यान्वयनमा आआफ्नो ठाउँबाट सक्दो सहयोग प्राप्त हुने विश्वास लिएको छौं ।

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
**घ्याङलेख, सिन्धुली ।**

# सम्पादकीय

घ्याङलेखको चिनारी  नामक स्थानीय पाठ्यक्रम निर्माण गरी सम्पादन गर्ने जिम्मेबारी मलाई दिनुहुने घ्याङलेख  गाउँपालिकाका अध्यक्ष श्री जगतबहादुर भोलन, शिक्षा प्रमुख श्री सुरेन्द्र स्याङ्तान लगायत पाठ्यक्रम निर्माण कार्यदललाई सर्वप्रथम धन्यवाद ज्ञापन गर्न चाहान्छु । यो पाठ्यक्रममा घ्याङलेखको स्थानीय परिवेश झल्केको छ । पाठ्यक्रमले स्थानीय सन्दर्भलाई पनि मुखरित गरेको छ । सीमित स्रोत, साधन र जनशक्तिको उच्चत्तम प्रयोग गर्दै पाठ्यक्रम निर्माणका प्रचलित अभ्यास र परम्परालाई अंगालेर तयार गरिएको यो पाठ्यक्रमलाई समयसापेक्ष बनाउन अरु थप प्रयास हुने नै छ । आवश्यकतानुसार यसलाई परिमार्जन र परिस्कृत गर्न सकिने भएकोले यो पहिलो प्रयास सफल भएको मेरो ठम्याइ छ ।

पाठ्यक्रम निर्माण पश्चात् यसको प्रभावकारी कार्यान्वयनमा घ्याङलेख गाउँपालिकाले सवैको साथ सहयोग लिन आवश्यक हुन्छ। पाठ्यक्रम निरन्तर परिमार्जन गर्न सकिने जीवन्त दस्तावेज भएकोले यसलाई कार्यान्वयनमा ल्याउन महत्वपूर्ण भूमिका खेल्ने शिक्षकहरुलाई स्थानीय पाठ्यक्रम प्रबोधिकरण मार्फत प्रशिक्षित गर्ने कुरामा पनि पालिकाले पहल गर्ने छ भन्ने विश्वास लिएको छु । मूलतः यस पाठ्यक्रममा शिक्षण सिकाइ सहजीकरण र मूल्यांकनको सन्दर्भलाई विस्तृतरुपमा उल्लेख गरिएकोले यसको कार्यान्वयनमा सहज आउने विश्वास लिन सकिन्छ । एकीकृत पाठ्यक्रमले निर्दिष्ट गरेको थिमगत अवधारणा र एकीकृत शिक्षण अवधारणालाई समुचित रुपमा समेट्ने कुरामा पाठ्यक्रम निर्माण कार्यदलले ध्यान दिनसक्दा यसले राखेको अपेक्षा पुरा गर्न सहयोग पुग्ने छ । अन्त्यमा, घ्याङलेख को चिनारी नामक यो स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको साथ, सहयोग र सक्रियता रहने विश्वास लिदै पाठ्यक्रम निर्माण कार्यदललाई बधाइ र शुभकामना दिन चाहान्छु ।

धन्यवाद ।

**डा. हरिप्रसाद पोखरेल**

# घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. :- ०७८/०७९
च.नं. :-    मिति :- २०७८/०९/२२

# शुभकामना

"सयौं थुंगा फुलका हामी एउटै माला नेपाली" भन्ने हाम्रो पहिचानलाई स्थापित गर्न शिक्षामा सामाजिक न्याय र समावेशितालाई विशेष प्राथमिकता दिन आवश्यक हुन्छ। विविधताको सम्मान, विकास, प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो र यसलाई योजनाबद्धरुपमा कार्यान्वयनमा ल्याउने माध्यम भनेको पाठ्यक्रम हो । शिक्षा प्रणालीलाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस भनेर हामीले घ्याङलेख गाउँपालिकाभित्र विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छौं। शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुदैन तथापी योजनाबद्ध रुपमा शैक्षिक विकासका कामहरु गर्दै जाँदा हाम्रा भावी सन्ततीहरुले पनि यसबाट यथोचित प्रतिफल लिन सक्नेछन् भन्ने कुरामा हामी विश्वस्त छौं । स्थानीय पाठ्यक्रममार्फत स्थानीय स्रोतसाधन, मूल्यमान्यता, पहिचान र असल अभ्यासलाई अझ समृद्ध बनाउने पवित्र उद्देश्यकासाथ यो पाठ्यक्रम निर्माण गरिएको हो। गुणस्तरीय र व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसस्कृत र सभ्य नागरिक तयार गर्न चाहान्छौं। समृद्ध र विकसित समाज निर्माण गर्न चाहान्छौं। श्रममैत्री र उत्पादनशील नागरिक तयार गर्न चाहान्छौं । नागरिकलाई स्वाभिमानी र आत्मनिर्भर हुन प्रोत्साहित गर्न चाहान्छौं । यी सबै का लागि हामीललाई गुणस्तरीय र व्यवहारिक पाठ्यक्रम चाहिन्छ। गुणस्तरीय शिक्षण सिकाइ चाहिन्छ। र, गुणस्तरीय शैक्षिक वातावरण चाहिन्छ। यी सबै कुराहरुको व्यवस्थापन गर्दै लाने सन्दर्भमा संविधानले दिएको माध्यमिक तहसम्मको शैक्षिक अधिकार प्रयोग गरी शैक्षिक सत्र २०७८ बाट कक्षा १-५ मा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको कुरा जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ। स्थानीय पाठ्यक्रम निर्माण पश्चात् त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने, विद्यालयहरुले यसलाई कार्यान्वयन गर्दै जाने र आवश्यकताको आधारमा समयानुकूल बनाउदै लैजाने हो भने यसको प्रभावकारिता अझै बढेर जाने विश्वास लिएको छु।

स्थानीय जात, जाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, गीत, संगीत, आदिको बारेमा आवश्यक जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको एक प्रमुख उद्देश्य हो । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय परिवेश र पहिचानको पृष्ठभूमीमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव, मेलमिलाप, सामुहीक कार्य, सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ। "विश्वब्यापी सोच, स्थानीय अभ्यास" भन्ने स्थानीय

पाठ्यक्रमको मूल मर्मलाई आत्मसात गर्दै रैथाने ज्ञान, सीप, अभ्यास र परम्परालाई संरक्षण, विकास र प्रचार प्रसारको लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक देखिन्छ । आफ्नो जन्मभूमी र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिदै आफ्नै माटोमा “केही गरौं“ भन्ने भावना विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्ने छ ।

घ्याङलेखको स्थानीय सन्दर्भ, सिकारुको आवश्यकता, अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण गरिएको यस पाठ्यक्रमले घ्याङलेखको पहिचान कायम राख्न सहयोग पुग्ने विश्वास लिएको छु । स्थानीय स्रोत, साधन र सम्भावना समेतलाई आधार बनाइ रैथाने ज्ञान, सिप र अभिवृत्तिको विकासमा यो पाठ्यक्रम एक मार्गदर्शन हुनेछ । स्थानीय सरोकारवालाहरुको संलग्नतामा तयार गरिएको “घ्याङलेखको चिनारी ” पाठ्यक्रमले घ्याङलेखको परिचय दिन सक्षम हुनेछ भन्ने मेरो विश्वास छ। यो पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष छ। यसले घ्याङलेखको भूगोललाई समेटेको छ । स्थानीय आवश्यकता र चाहानालाई प्रतिविम्बन गरेको छ । स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफ्नो विषयवस्तु बनाएको छ । स्थानीय जातजाति कला, धर्म, प्रचलन र सभ्यतालाई समेटेको छ। स्थानीय सरोकारवालाहरुलाई महत्व दिएको छ। स्थानीय सम्पदाको प्रचार प्रसार, विकास र संरक्षणलाई सघाएको छ। स्थानीय सीप, प्रविधि र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रबर्द्धन गर्ने अभिष्ट राखेको छ। र, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर, स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरुलाई पस्केको छ । यस अर्थमा यो पाठ्यक्रम घ्याङलेखको पहिचान कायम राख्न सफल पनि भएको छ ।

घ्याङलेख गाउँपालिको सवै सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०७८ देखी लागु हुने यस पाठ्यक्रम विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नुहुने यस पालिकाको कार्यापालिका सदस्य, शिक्षा समिति, उपध्याक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकारी, पाठ्यक्रम विकास कार्यदल, सल्लाहकार समिति, शिक्षकका पेशागत संघ,संगठन,राजनैतिक दल,शिक्षक,विद्यार्थी र अभिभावक सवैमा हार्दिक शुभकामना दिन चाहान्छु । गाउँपालिकाले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै उत्कृष्ट पाठ्यक्रम निर्माण गरी कार्यान्वयनयोग्य बनाउनु भएकोमा म अत्यन्त हर्षित छु। यस पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सवै सरोकारवालामा म हार्दिक अनुरोध गर्दछु। पाठ्यक्रम आफैमा एक जीवन्त दस्तावेज भएकोले आवश्यकतानुसार यसको समसामयिक परिमार्जन गर्दै सफल कार्यन्वयन हुने अपेक्षा लिएको छु ।

..........................
जगतबहादुर भोलन
अध्यक्ष
घ्याङलेख गाउँपालिका, सिन्धुली

# विषय सूची

प्राक्कथन

सम्पादकीय

शुभकामना

१. परिचय . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ११-१२

१.२ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य. . . . . . . . . . . . . . . . . . . . १३ .

१.३ तहगत सक्षमता. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १३-१५

१.४ आधारभूत तहको पाठ्यक्रमको विद्यमान संरचना . . . . . . . . . . . . १५

१.५ स्थानीय पाठ्यक्रम सम्वन्धी व्यवस्था र संरचना . . . . . . . . . . . . १६-१७

२. घ्याङलेखको चिनारी (स्थानीय पाठ्क्रम) को परिचय . . . . . . . . . १८

२.१ तहगत सक्षमता. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १८

२.२ विषय तथा पाठ्यभार निर्धारण . . . . . . . . . . . . . . . . . . . . १९

३. कक्षागत शिकाई उपलब्धि. . . . . . . . . . . . . . . . . . . . . . . २०-२२

४. विषयवस्तुको क्षेत्र र क्रम. . . . . . . . . . . . . . . . . . . . . . . २३-२४

५. विषयवस्तुको विस्तृतिकरण

कक्षा १. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २५-३३

कक्षा २. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३४-४२

कक्षा ३. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ४३-५१

कक्षा ४ . . . . . . . . . . . . . . . . . . . . . . . . . .५२-६०

कक्षा ५ . . . . . . . . . . . . . . . . . . . . . . . . . .६१-६९

६. सिकाई सहजीकरण विधि र प्रक्रिया . . . . . . . . . . . .७०-७४

७. विद्यार्थी मूल्याङ्कन प्रणाली

कक्षा (१-३). . . . . . . . . . . . . . . . . . . . . . . .७७-९३

कक्षा (४-५). . . . . . . . . . . . . . . . . . . . . . . .९४-११६

८. पाठ्यक्रम कार्यन्वयन प्रक्रिया. . . . . . . . . . . . . . . . .११७

थपसन्दर्भ सामाग्री

सन्दर्भ सामाग्री

# १ परिचय

पाठ्यक्रम शिक्षण सिकाइको निर्देशनात्मक आधार हो । शिक्षण सिकाइलाई व्यवस्थित गर्ने मुख्य आधारको रुपमा पनि पाठ्यक्रमलाई लिन सकिन्छ। शिक्षण-सिकाइको निर्धारक र समग्र शैक्षिक कार्यक्रमको मार्गनिर्देशन गर्ने सम्पूर्ण योजनाको एकीकृत स्वरुप भनेर पनि पाठ्यक्रमलाई परिभाषित गर्ने गरेको पाइन्छ। अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न बनाइएको व्यवस्थित र योजनाबद्ध शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्ने प्रचलन पनि छ। राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिस्थिति तथा स्थानीय परिवेशको पृष्ठभूमिमा पाठ्यक्रम तयार गर्ने परम्परा प्रचलनमा रहदै आएको पाइन्छ । सिकारुको आवश्यकता, अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर स्थानीय स्रोत, साधन र सम्भावना समेतलाई आधार बनाइ रैथाने ज्ञान, सिप र अभिवृत्तिको विकासको लागि स्थानीय सरोकारवालाहरुको संलग्नतामा तयार गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष हुन्छ । यसले स्थानीय भूगोललाई समेट्छ। स्थानीय परिवेशलाई आत्मसात गर्छ। स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफ्नो विषयवस्तु बनाउँछ। स्थानीय जातजाति कला, धर्म, प्रचलन र सभ्यतालाई प्रतिविम्बन गर्छ। स्थानीय सरोकारवालाहरुलाई समेट्छ। सारमा स्थानीय अवस्थाको प्रचार प्रसार, विकास, संरक्षणलाई अँगाल्छ। रैथाने, सीप, प्रविधि र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रबर्द्धन गर्ने अभिष्ट राख्दछ। र, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर, स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरु पनि स्थानीय पाठ्यक्रमले समेट्ने प्रयत्न गर्दछ ।

नेपाल भौगोलिक, सामाजिक, आर्थिक, जैविक, सांस्कृतिक र धार्मिक रुपले विविधतायुक्त देश हो । यस सन्दर्भमा केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्ण रुपमा सम्बोधन गर्दैन । शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि, माग, विज्ञता र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरूप लक्षित वर्ग र समुदायको आवश्यकता सम्बोधन गर्नका लागि स्थानीय सरोकारवाला, स्रोत साधन र विज्ञतालाई उपयोग गर्दै स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्न सकिन्छ । यसै पृष्ठभूमिमा घ्याङलेख गाउँपालिकाले आफ्नो स्थानीय क्षेत्रभित्रको परिवेशलाई आफ्नो स्थानीय पाठ्यक्रम भित्र समेट्ने प्रयत्न गरेको छ। स्थानीय पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको एउटा सबल पक्षको रूपमा लिनु सान्दर्भिक होला । पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको संलग्नता र सहभागितामा पाठ्यक्रम विकास गरिनुपर्छ भन्ने सैद्धान्तिक मान्यतालाई घ्याङलेख गाउँपालिकाले आत्मसात गर्ने जमर्को गरेको छ ।

माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीय तहको भएकोले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आवश्यकताको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने प्रावधान रहेको छ । यस कुरालाई राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, संशोधित राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७१, स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री २०७६,२०७१,स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन

मार्गदर्शन (मातृभाषासहित)२०७६र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पनि यस कुरालाई उच्च महत्व दिएको देखिन्छ । यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका महत्वपूर्ण हुन्छ नै । सवैको साथ सहयोग र विज्ञताको समुचित कदर गर्दै स्थानीय आवश्यकताको आधारमा स्थानीय सरकारले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने परिपाटीको विकास हुन थालेको सुखद अवस्था सिर्जना भएको छ। समाजमा रहेको फरकपनको सम्मान गर्दै स्थानीय ज्ञान, सिप र प्रविधिको समान पहुँच र विस्तारमा टेवा पुऱ्याउन स्थानीय सरोकारवालाको सहभागिता, विज्ञता र स्रोत साधन जरुरी हुन्छ । नेपालमा राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण गर्ने क्रममा सरल र सहज तरिकाले स्थानीय तहको प्रतिनिधित्व हुन नसकेको परिवेश विद्यमान छ । फलस्वरुप शैक्षिक गुणस्तर विकासमा स्थानीय सरोकारवालाको उत्तरदायित्व र जिम्मेवारी बोध पर्याप्त मात्रामा भएको पनि छैन । अतः स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा नीति निर्माणका क्रममा स्थानीय तहका सरोकारवालाको अधिकाधिक सहभागिता हुने वातावरण तयार गर्ने र त्यसबाट प्राप्त प्रतिफलमा उनीहरूकै जिम्मेवारी रहने व्यवस्था गरी विकेन्द्रीकरणको सैद्धान्तिक पक्षलाई जोड दिदै स्थानीय पाठ्यक्रम निर्माण गर्नँ अहिलेको प्रमुख आवश्यकता हो ।

सरोकारवालाहरुको सक्रिय सहभागितामा स्थानीय आवश्यकताअनुसारका स्थानीय ज्ञान, सीप, धारणासँग सम्वन्धित विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रमको रुपमा मान्यता दिने प्रचलन विश्वको विकासोन्मुख र विकसित देशहरुमा पनि पाइन्छ । सिकारुलाई स्थानीय विषयवस्तुहरू जस्तै स्थानीय मठमन्दिर, सांस्कृतिक सम्पदा, रहन सहन, स्थानीय माटो तथा हावा पानी, चालचलन आदिको बारेमा यथोचित जानकारी आवश्यक छ। स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरु समेटी आफ्नो स्थानीय परिवेशअनुकूल मौलिक कला, संस्कृति र पेसाप्रति चासो बढाउन स्थानीय सरोकारवालाहरुको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यान्वयन गरिने लचिलो प्रकृतिको पाठ्यक्रम हो । सिकारुलाई स्थानीय विषयवस्तुहरू जस्तै स्थानीय जात, जाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, गीत, संगीत, आदिको बारेमा यथोचित जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउन पनि स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गर्न आवश्यक छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहीत गरेसंगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रही स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ। घ्याङलेख गाउँपालिकाले पनि घ्याङलेखको विशिष्ट परिवेशको जगमा पहिलो चरणमा कक्षा (१-५) मा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने प्रयास गरेको छ। आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र पालिकाको स्वीकृत बजेटमा समेत शैक्षिक सत्र २०७७ देखि स्थानीय पाठ्यक्रम लागू गर्ने कार्यक्रम रहेको अवस्थामा विविध कारणवस कार्यन्वयन नभएको अवस्थामा नियमित प्र.अ.वैठक मिति २०७८।०१।०८ मा स्थानीय विषयवस्तुको नामकरण र मिति २०७८।०१।१४ मा शिक्षा समितिले स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी सवै सरोकारावालाहरु संगको सार्थक सहयोगले यो पाठ्यक्रम निर्माण कार्य अघि वढेको हो ।

**१.२ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य :** विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

१। प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने ,

२। राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने ,

३। श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

४। व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने ,

५। प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

६। प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मदत गर्ने ,

७। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ,

८। वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

९। रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने ,

१०। नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने ,

११। जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ,

१२। सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने,

**१.३. तहगत सक्षमता :** आधारभूत शिक्षा (कक्षा १ - ८) का सक्षमताहरू आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम,

स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम हुने छन् :

१। देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कार को विकास व्यवहारमा प्रदर्शन,
२। भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,
३। सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,
४। तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग,
५। वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग,
६। मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६,
७। जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकास बिचको अन्तर सम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८। शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास,
९। स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग,
१०। नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग,
११। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार,
१२। दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान,

**(क)** आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमताहरू आधारभूत शिक्षा (कक्षा १-३) को उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने र आधारभूत साक्षरता, गणितीय ज्ञान र सिप तथा जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्ने हुने छ । उनीहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिने छ । आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम हुने छन् :

१। आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग
२। आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
३। अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
४। विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास
५। शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास
६। कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
७। आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

**(ख)** आधारभूत शिक्षा (कक्षा ४-५) का सक्षमताहरू आधारभूत शिक्षा (कक्षा ४- ५) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१। देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास
२। आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग
३। आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
४। नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास
५। विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास
६। शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skils) तथा व्यवहार कुशल सिप (Soft Skills) को विकास
७। कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास
८। आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास,

**१.४ आधारभुत तहको पाठ्यक्रमको विद्यमान संरचना :** राष्ट्रिय पाठ्यक्रमले प्रारुप २०७६ ले (१-८) लाई आधारभूत तह मानेको छ। यस स्थानीय पाठ्यक्रम कक्षा (१-५) को हुने भएकोले यहा सोही तह समूहको पाठ्यक्रमको संरचना प्रस्तुत गरीएको छ।

**तालिका १ : आधारभूत शिक्षा कक्षा (१-५) को पाठ्यक्रम संरचना**

| क्र.स. | विषय | पाठ्यघण्टा | | बार्षिक पाठ्यघण्टा | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कक्षा(१-३) | कक्षा(४-५) | कक्षा(१-३) | कक्षा(४-५) | |
| १ | नेपाली | ५ | ५ | १६० | १६० | |
| २ | गणित | ४ | ५ | १२८ | १६० | |
| ३ | अंग्रेजी | ४ | ५ | १२८ | १६० | |
| ४ | मेरो सेरोफेरो | ८ | - | २५६ | - | |
| ५ | विज्ञान तथा प्रविधि | - | ५ | - | १६० | |
| ६ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | - | ५ | - | १६० | |
| ७ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | - | ३ | - | ९६ | |
| ८ | मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्वन्धी क्रियाकलाप | ५ | ४ | १६० | १२८ | |
| **जम्मा** | | **२६** | **३२** | **८३२** | **१०२४** | |

**१.५ स्थानीय पाठ्यक्रम सम्वन्धी व्यवस्था र संरचना :** राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, संशोधित राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७१ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पनि स्थानीय पाठ्यक्रमलाई उच्च महत्व दिएको देखिन्छ । स्थानीय पाठ्यक्रम निर्माणमा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, राजनीतिकर्मी, शिक्षाकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरुको भूमिका महत्वपूर्ण हुन्छ । स्थानीय पाठ्यक्रम निर्माण गर्ने सन्दर्भमा यी उल्लेखित पक्ष र प्रावधानहरुलाई आत्मसात् गर्ने प्रयास गरिएको छ ।

**तालिका नं २ : आधारभूत तह कक्षा (१-५) स्थानीय पाठ्यक्रम सम्वन्धी व्यवस्था र संरचना**

| क्र.स. | तह | विषय | पाठ्यघण्टा | कार्यघण्टा | कैफियत |
|---|---|---|---|---|---|
| १ | आधारभूत तह (१ देखि ३) | मातृभाषा/स्थानीय विषय | ५ | १६० | |
| २ | आधारभूत तह (४ देखि ५) | मातृभाषा/स्थानीय विषय | ४ | १२८ | |

**१.६ स्थानीय पाठ्यक्रम विकासमा अवलम्वन गरिएका सिद्धान्त र आवश्यकता :** यस पाठ्क्रम निर्माणमा देहाय अनुसारका राष्ट्रिय पाठ्क्रम २०७६ ले निर्देशित सिद्धान्त अवलम्वन गरेका छन ।

- सक्षमतामा आधारित पाठ्यक्रम ,
- एकिकृत सिद्धान्त,समावेशी सिद्धान्त,
- स्थानीय आवश्यकतामा आाधारित तथा खोजमा आधारित
- सूचना,सञ्चार तथा आधुनिक प्रविधिको उपयोगमा आधारित पाठ्यक्रम विकास
- सर्वाङ्गीण वालविकासको अवधारणा अनुरुप पाठ्यक्रम विकास
- वालकेन्द्रित विकासात्मक पद्धतिअनुरुप पाठ्यक्रम विकास
- समावेशी सिद्धान्तका आधारमा पाठ्यक्रम विकास
- खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास ।

उल्लिखित आधारहरुमा आधारित भई पाठ्यक्रम विकासका सैद्धान्तिक आधार तथा नीति लाई अंगिकार गरेको छ । भने स्थानीय पाठ्यक्रमका आबश्यकतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

क) घ्याङलेख गाउँपालिकाका क्षेत्रभित्रको स्थानीय आवश्यकता र सामाजिक परिवेश अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहित गर्न,

ख) घ्याङलेख गाउँपालिका भित्र रहेका मुख्य, वातावरणीय, भौगोलिक, धार्मिक, ऐतिहासिक,

पर्यटकीय, सांस्कृतिक एवम् प्राकृतिक सम्पदाको बारेमा परिचित गराउन,

ग) घ्याङलेख गाउँपालिकाका स्थानीय व्यक्ति समूह वा समाजको आवश्यकता बुझी तिनलाई पूरा गर्न,

घ) स्थानीय विभिन्न जातजाति, धर्म, संस्कृति, परम्परा, मान्यता चाडपर्व, मठमन्दिर, स्थान विशेष, कला कौशल उद्योग,व्यवसाय,स्थानीय स्रोतको उचित सम्मान र परिचालन गरी संरक्षण र संवर्द्धन गर्न,

ङ) स्थानीय गीत, संगीत, वाद्यवादनसंग परिचित हुन

च) स्थानीय नेतृत्व र संरचना, पोषण, खानपीन,नैतिक मुल्य शिक्षा र सरसफाइबारे सिकारुलाई सूसुचित गराउन ,

छ) स्थानीय स्तरमा उपलब्ध जडिवुटी सँग परिचित हुदै त्यसको सामान्य उपयोग गराउन ,

ज) शिक्षालाई श्रम, सीप र उत्पादन सँग जोड्दै जीविकोपार्जनमा सक्षमता अभिवृद्धि गर्न,

झ) स्थानीय परम्परागत ज्ञान, सीपको खोजी र सम्बर्द्धन गर्न

ञ) सूचना प्रविधिको आधारभूत सिपको विकास गर्न,

ट) विपत व्यवस्थापन तथा सुरक्षित विद्यालयको अवधारणाबारे स्पष्ट हुन तथा सो सम्बन्धी आवश्यक ज्ञान, सीप र अभिवृत्ति आर्जन गर्न ।

# २ घ्याङलेखको चिनारी (स्थानीय पाठ्यक्रम) को परिचय

घ्याङलेख गाउँपालिकामा अध्ययनरत कक्षा १-५ का बालबालिकाहरुले आफ्नो बस्तुस्थिति, स्थानीय परिवेशको बारेमा आवश्यक जानकारी पाउन सकुन, स्थानीय कला, संस्कृति, कृषि, जीविकोपार्जन, प्राकृतिक, भौगोलिक, सांस्कृतिक, जातिगत, भाषिक अवस्थाबारे समुचित सूचना प्राप्त गर्न सकुन भनेर यो पाठ्यक्रम निर्माण गरिएको हो । स्थानीय ज्ञान, सिप, प्रविधि, मूल्यमान्यता, संस्कार, सभ्यता र संस्कृतिप्रति सुसूचित गराउँदै बालबालिकाहरुलाई स्थानीय स्रोत-साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस भन्ने उद्देश्यले पनि यो पाठ्यक्रम तयार गरिएको हो । बालबालिकाहरुलाई स्थानीय ज्ञान, सिप र प्रविधिलाई उपयोगगर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरिएको यस पाठ्यक्रमले घ्याङलेखको समग्र बस्तुस्थितिको बारेमा समुचित जानकारी समेत दिनेछ । पाठ्यक्रम कार्यान्वयनको क्रममा सिकाइ सामाग्रीको प्रयोग, कक्षा शिक्षण र मूल्याङ्कन प्रकृयालाई प्रभावकारी बनाउन यस पाठ्यक्रममा सहजीकरण प्रकृया र विद्यार्थी मूल्याङ्कन रणनीति समेत समावेश गरिएको छ ।

## २.१ तहगत सक्षमता :

**"घ्याङलेखको चिनारी"** नामक यस स्थानीय पाठ्यक्रमले खासमा समग्र घ्याङलेख गाउँपालिकाको परिवेशमा विद्यमान वातावरण, संस्कार, संस्कृति, जातजाती तथा समग्र बस्तुस्थितिसंग सिकारु परिचित हुन सकुन भन्ने उद्देश्य राखेको छ । स्थानीय पेसा, ब्यावसाय, प्रविधि, सम्पदा लगायत विविध पक्षहरुबारे सिकारुलाई सक्षमता हासिल गर्ने तहगत उद्देश्य पनि राखेको छ । समग्रमा घ्याङलेखको चिनारी विषयले समेटेको तहगत सक्षमतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### कक्षा १–५

**यस तहको अन्त्यमा विद्यार्थीहरुमा निम्नलिखित सक्षमता प्राप्त हुने छ :**

१. घ्याङलेखको राजनीतिक तथा भौगोलिक स्थितिको परिचय दिन,
२. धर्म, संस्कृतिको संरक्षण , सम्वर्धन र समुचित प्रयोग गर्न,
३. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको पहिचान संरक्षण र प्रचार-प्रसारमा सहभागी हुन,
४. जातजाती, भाषा तथा सामाजिक,सांस्कृतिक मूल्यमान्यता प्रति सचेत रहन,
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली नैतीक मुल्य शिक्षा र जीवनोपयोगी सीपको विकास गर्न,
६. जीविकोपार्जनका लागि आयआर्जनका श्रोत पहिचान र उपभोग गर्न,
७. परम्परागत सीप तथा प्रविधिको रुपान्तरित स्वरुप प्रति सचेत रहन
८. आधुनिक सूचना प्रविधिको आधारभूत प्रयोग गर्न ,
९. स्थानीय जडिबुटीको खोजी, पहिचान, संरक्षण र प्रयोग गर्न,
१०.आफ्नो क्षेत्र वरपर घट्न सक्ने प्राकुतिक तथा मानव निर्मित प्रकोपको जानकारी लिई विपद्को उपयुक्त व्यवस्थापन गर्न,

## २.२. विषय तथा पाठ्यभार निर्धारण

**तालिका नं ३ विषयः घ्याङलेखको चिनारी**

**साप्ताहिक पाठ्यघण्टा : ५ (कक्षा १-३), बार्षिक : १६० कार्यघण्टा**
**साप्ताहिक पाठ्यघण्टा : ४ (कक्षा ४-५), बार्षिक : १२८ कार्यघण्टा**

| क.स | थिम/विषयवस्तुको क्षेत्र | कक्षा १ पा.घ. | कक्षा २ पा.घ. | कक्षा ३ पा.घ. | कक्षा ४ पा.घ. | कक्षा ५ पा.घ. |
|---|---|---|---|---|---|---|
| १. | घ्याङलेखको परिचय | २० | २० | २० | १५ | १५ |
| २. | धर्म, कला संस्कृति र पर्यटन | १५ | १५ | १५ | १२ | १२ |
| ३. | जातजाती, भाषा र सामाजिक मूल्यमान्यता | २० | २० | २० | १८ | १८ |
| ४. | घ्याङलेखको आयआर्जन र रोजगारी | १५ | १५ | १५ | १२ | १२ |
| ५ | पोषण, खेलकुद र शारीरिक सु:स्वास्थ्य | २० | २० | २० | १५ | १५ |
| ६. | परम्परागत ज्ञान, सीप र प्रविधि | २० | २० | २० | १२ | १२ |
| ७. | सूचना तथा सञ्चार प्रविधि | २० | २० | २० | २० | २० |
| ८. | जडिबुटी | १५ | १५ | १५ | १२ | १२ |
| ९. | विपद् व्यवस्थापन तथा सुरक्षा | १५ | १५ | १५ | १२ | १२ |
| **जम्मा** | | **१६०** | **१६०** | **१६०** | **१२८** | **१२८** |

**नोट :** वर्ष भरि पठनपाठन हुने दिन १९२ दिनलाई हप्तामा परिणत गर्दा ३२ हप्ता हुन जाने हुदा सोही ३२ हप्तालाई १ पाठ्यघण्टा वनाएकोले पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ कार्यघण्टाको समयावधिलाई १ पाठ्यघण्टा (credit hour) मानिएको छ ।

# ३ कक्षागत सिकाइ उपलब्धि

## तालिका नं ४ : घ्याङलेखको चिनारी (स्थानीय विषय) का कक्षागत सिकाइ उपलब्धि

| थिम/विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| घ्याङलेखको चिनारी | १) आफ्नो परिवारमा भएका सदस्यहरुको नाम, पेशा बताउन, २) गाउँपालिकाको नाम वडा सङ्ख्या, आफु बस्ने वडा नम्वर आफ्नो गाउँ टोलको नाम बताउन, | १) गाउँपालिकाको नक्सा हेरी आफु बसेको वडा, गाउँटोल नक्सामा देखाउन, २) आफु बस्ने वडा भित्रका वन जंगल, नदिनालाहरुको सूची बनाउन, | १) छिमेकी वडामा रहेका गाउँटोलको नाम बताउन, २) छिमेकी वडामा रहेका वन जंगल, खोला नालाहरुको सूची बनाउन, | १) आफ्नो गाउँपालिकाको नक्सा कोरी वडा विभाजन गर्न, २) गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोतहरुको सूची बनाउन, | १) गाउँपालिकाको नक्सा कोरी मूख्य नदिनाला, वनजंगल तथा वस्तिहरु देखाउन, २) छिमेकी स्थानिय तहको नाम बताउन, |
| धर्म कला संस्कृति र पर्यटन | १) स्थानीय रुपमा मनाइने चाडपर्वहरुको सूचि बनाइ प्रमूख धर्महरुको नाम बताउन, २) वडा भित्र रहेका पर्यटकिय स्थलहरुको नाम बताउन, | १) वडा भित्रका धार्मिक स्थलहरुको नाम बताउन, २) आफ्नो वडा भित्र लाग्ने मेला, जात्राको नाम बताई संस्कृति अनुसारका बाजा गाजा र गीत संगीतको सूची बनाउन, | १) छिमेकी वडा भित्र पर्ने धार्मिक स्थलहरुको नाम भनि पर्यटकीय स्थलहरुको सूची बनाउन , | १) गाउँपालिका भित्रका प्रमुख धर्महरु तथा प्रमुख धार्मिक पर्यटकीय तथा सांस्कृतिक स्थल र पर्वहरुको वारेमा बताउन, | १) घ्याङलेख गा.पा. भित्रका धार्मिक तथा सांस्कृतिक आस्था पहिचान गर्न, २) पर्यटकीय स्थलहरुको संरक्षण र संवर्धन गर्न, |

| थिम/विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| जातजाती भाषा र सामाजिक मूल्य मान्यता | १) आफ्नो टोल भित्रका जातजाती, भाषा भाषीको नाम बताउन,<br>२) आफ्नो समुदाय अनुसार अपनाइने सामाजिक संस्कारको अभिनय गरि देखाउन, | १) आफ्नो वडा भित्रका जातजाती र भाषा भाषीको सूची बनाउन,<br>२) छेवर र ब्रतवन्धमा गरिने मुख्य क्रियाकलापको टिपोट गर्न, | १) आफ्नो र छिमेकी वडा भित्र रहेका जातजाती र भाषा भाषीको सूची तयार गर्न ,<br>२) संस्कारगत मूल्य मान्यताको बारेमा जानकारी दिन, | १) आफ्नो गाउँपालिका भित्रका जातजाती र भाषा भाषीको सूची तयार गरि आ- आफ्नो जातीय मूल्य मान्यता अनुसारको व्यवहार प्रदर्शन गर्न, | १) जातीगत तथा भाषागत विविधता आत्मसात् गर्न<br>२) सामाजिक मूल्य मान्यता प्रति सकारात्मक व्यवहार गर्न, |
| घ्याङलेखको आय आर्जन र रोजगारी | १) आफ्नो परिवारका सदस्य तथा छिमेकीहरुले गर्ने पेशा, उक्त पेशामा प्रयोग हुने औंजार तथा हातहतियार बारेमा बताउन,<br>२) रोजगारीका उपलब्धि बारे बताउन, | १) स्थानीय खेतिपाती सम्बन्धी क्रियाकलाप बताउन,<br>२) विभिन्न पेशामा प्रयोग हुने औँजारहरुको चित्र बनाउन, | १) आयआर्जनका स्रोतहरुको पहिचान गर्न,<br>२) पेशासँग सम्वन्धित औँजारहरु चिनी प्रयोगको क्षेत्र पहिल्याउन, | १) रोजगारीका प्रमुख क्षेत्रहरु पहिचान गरि क्षेत्रगत महत्व बताउन, | १) पेशा व्यवसाय प्रतिको महत्व बुझि सकारात्मक व्यवहार गर्न,<br>२) आफ्नो अभिभावकले अपनाउने पेशाप्रति सहयोगी बन्न, |
| पोषण खेलकुद र शारीरिक सुस्वास्थ्य | १) आफुले दैनिक खाने मूख्य-मूख्य खाने कुराहरुको नाम भन्न,<br>२) व्यक्तिगत सरसफाइका लागि आवश्यक सामग्रीको नाम भनि सरसफाइ गर्नुपर्ने मूख्य स्थानहरुको पहिचान गर्न ,<br>३) दैनिक खेलिने खेलहरुको नाम बताउन, | १) घरमा निर्माण हुने पोषिलो खानाको नाम बताइ सुरक्षित प्रयोग गर्न,<br>२) फोहोर र सफा बिच हुने अन्तर बताउन,<br>३) हात खुट्टाको साधारण व्यायाम गर्न, | १) खान हुने र खान नहुने खानेकुराहरुको पहिचान गरि फरक छुट्याउन,<br>२) समूहमा खेलिने खेलबाट शारीरिक स्फुर्ती र मेलमिलाप विकास गर्न,<br>३) हात खुट्टा र कम्मर तन्काइको व्यायाम गर्न, | १) जङ्क फुड (पत्रु खाना) ले पाने नकारात्मक असर बारे बताउन,<br>२) शारीरिक र मानसिक विकासका लागि स्थानिय स्तरमा उत्पादित खाने कुराको प्रयोग गर्न,<br>३) मेच घुमाई खेल, बज्रासन र मर्कटासनको अभ्यास गर्न, | १) खान हुने र खान नहुने खानेकुराको सूची बनाई स्वस्थ खानाको महत्व र फाइदा बताउन,<br>२) घरमा उत्पादित स्वस्थ खाना प्रति सकारात्मक धारणा बसाल्न,<br>३) मुसो विरालो खेल, ताडासन, त्रिकोणासनको अभ्यास गर्न, |

| थिम/विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| परम्परागत ज्ञान सीप र प्रविधि | १) परम्परागत ज्ञान सीप र प्रविधिहरुको प्रयोग बारे बताउन, | १) वडा भित्र प्रयोगमा रहेका परम्परागत प्रविधिबारे जानकारी लिन | १) स्थानीय स्तरमा प्रचलनमा रहेका प्रविधिहरुको सहि सदुपयोग गर्न र त्यसका काम बताउन | १) स्थानिय प्रविधिको प्रयोग र महत्व बारे बताउन, | १) परम्परागत रुपमा रहेका प्रविधिहरुको प्रयोग महत्व र उपयोगिता बताउन, |
| सुचना तथा सञ्चार प्रविधि | १) घरायसी प्रयोगमा आएका सुचना तथा सञ्चारका उपकरणहरुको नाम बताउन, | १) मोवाइल र ल्यापटप खोल्न र बन्द गर्न साथै फोनबाट आफ्ना अभिभावकलाई सम्पर्क गर्न, | १) कम्प्युटरका बाह्य भागहरु पहिचान गरि त्यसको नाम बताउन, | १) कम्प्युटरको इनपुट, आउटपुट, वर्ड प्रोसेसिङ र Home Key को परिचय सहित प्रयोग गर्न, | १) सफ्टवेयरको सामान्य परिचय दिइ माइक्रोसफ्टले गर्ने काम बुझि यसको प्रयोग बारे अपनाउनु पर्ने सावधानी बताउन, |
| जडिबुटी | १) घरेलु जडिबुटीहरुको पहिचान गर्न, | १) वडा भित्र प्रचलनमा रहेका जडिबुटीहरुको पहिचान सामान्य प्रयोग र उपयोगिता बताउन, | १) स्थानीय औषधिजन्य जडिबुटी पहिचान गरि यसको प्रयोग र फाइदा बताउन,<br>२) स्थानिय स्तरमा उपलब्ध जडिबुटीको प्रयोग गरि रोगबाट बच्न, | १) स्थानिय स्तरका जडिबुटीहरुको काम तथा महत्व बारे बताउन, | १) स्थानीय स्तरमा प्राप्त जडिबुटीहरुको व्यवसायीकरण गरि त्यसको संरक्षण गर्दै वातावरण सन्तुलन कायम गर्ने कार्य गर्न, |
| विपद् व्यवस्थापन र सुरक्षा | १) विपद्को सामान्य पहिचान गरि भैपरी आउने जोखिमबाट बच्ने उपाय अवलम्वन गर्न, | १) डढेलो तथा आगलागीका कारणहरु पहिचान गरि त्यसबाट बच्ने उपायहरु बताउन, | १) भुकम्प र चट्याङ्को सामान्य परिचय दिई त्यसबाट बच्ने उपाय बताउन, | १) हिस्रक जनावर पहिचान गरि त्यसबाट बच्ने सावधानी र सुरक्षाका उपाय अवलम्वन गर्न, | १) महामारीबाट बच्ने विभिन्न स्वस्थ व्यवहारहरु अवलम्वन गर्न,<br>२) आधि बेहरी जस्ता प्राकृतिक प्रकोपबाट सुरक्षित रहने उपाय अवलम्वन गर्न, |

# ४

# विषयवस्तुको क्षेत्र र क्रम

## तालिका नं ५ : घ्याङलेखको चिनारी (स्थानीय विषय) विषयवस्तुको क्षेत्र र क्रम

| थिम/विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| घ्याङलेखको चिनारी | १.आफु आफ्नो परिवार र आफ्नो वासस्थान<br>२. गाउँपालिकाको सामन्य परिचय | १) घ्याङलेख गाउँपालिकाको परिचय,<br>२) गाउँपालिकाको आफ्नो वडाको विषेशता र सिमाना, | १) आफ्नो र छिमेकी वडाको संक्षिप्त चिनारी,<br>२) गाउँपालिका भित्रको आफ्नो वडा र छिमेकी वडाको सिमाना र विशेषता, | १) घ्याङलेख गा.पा. भित्रका वडाहरुको परिचय,<br>२) गाउँपालिका भित्रका वडाहरुको विभाजन,<br>३) प्राकृतिक श्रोतहरुको चिनारी, | १) घ्याङलेख र छिमेकमा रहेका गा.पा. र न.पा. को सामान्य अवस्थाको चिनारी<br>२) घ्याङलेख र छिमेकमा रहेका स्थानिय तहहरुको सामान्य परिचय, |
| धर्म कला संस्कृति र पर्यटन | १) स्थानीय चाडपर्वको परिचय<br>२) धार्मिक तथा पर्यटकीय स्थानको परिचय<br>३) आफ्नो टोल भित्रका जातजाती<br>४) भाषाभाषी सामाजिक मूल्यमान्यता<br>५) संस्कार | १) स्थानिय वडाभित्रका धार्मिक स्थलहरुको परिचय,<br>२) आफ्नो वडाभित्रका पर्यटकीय स्थल ,<br>३) मौलिक संस्कृतिको परिचय | ३)मौलिक संस्कृतिको परिचय<br>१) आफ्नो र छिमेकी वडाभित्र पर्ने धार्मिक स्थल,<br>२) पर्यटकीय स्थल | १) धर्म<br>२)कला र संस्कृति<br>३)पर्यटन | १) धर्म सस्कृतिको आधारमा जनसंख्याको वनावट,<br>२) पर्यटन,<br>३) पालिकाको नेपाली गित |
| जातजाती भाषा र सामाजिक मूल्य मान्यता | १) आफ्नो टोल भित्रका जातजाती<br>२) भाषाभाषी , भेषभुषा र सामाजिक मूल्यमान्यता<br>३) संस्कार | १) स्थानिय जातजाती, भाषा र सामाजिक मूल्यमान्यता | १) स्थानिय जातजाती भाषा र सामाजिक मूल्यमान्यता | १) स्थानिय जातजाती : (मगर,नेवार र अन्य )<br>२) स्थानिय भाषाभाषी<br>३) सामाजिक मूल्य मान्यता | १) स्थानिय जातजाति : तामाङ र अन्य<br>२) स्थानिय भाषाभाषी<br>३) सामाजिक मुल्यमान्यता |

| थिम/विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| घ्याङलेखको आय आर्जन र रोजगारी | १)घ्याङलेखको आयआर्जन ।<br>२) अन्य रोजगारीका क्षेत्रहरु । | १)घ्याङलेखको आयआजनका श्रोतहरु,<br>२) रोजगारीका क्षेत्र, | १) आफ्नो र छिमेकी वडाको आयआर्जनका स्रोतहरु ,<br>२) रोजगारीका क्षेत्रहरु, | १)घ्याङलेखको आयआर्जन तथा रोजगारीका मुख्य स्रोत र क्षेत्रहरु | १) आयआर्जन र रोजगारीका पेशा तथा व्यवसाय, |
| पोषण खेलकुद नैतीक मुल्य शिक्षा र शारीरिक सुस्वास्थ्य | १) पोषण र स्वास्थ्य<br>२)स्थानिय खेलकुद र स्वास्थ्य विच सम्वन्ध<br>३)नैतिक मूल्य शिक्षा (अभिवादन) | १) पोषण, खेलकुद, र शारीरिक सु:स्वास्थ्य<br>२) नैतिक मूल्य शिक्षा | १) पोषण खेलकुद र शारीरिक सु:स्वास्थ्य<br>२) नैतिक मूल्य शिक्षा (सहयोग र सदभाव ) | १) पोषण ,खेलकुद र शारीरिक सु:स्वास्थ्य<br>२) नैतिक मूल्य शिक्षा ( सहयोग र अनुशासन ) | १) पोषण ,खेलकुद र शारीरिक सु:स्वास्थ्य<br>२) नैतिक मूल्य शिक्षा (सत्य ,मेहनत,अहिंसा र असल वानी व्यवहार) |
| परम्परागत ज्ञान सीप र प्रविधि | १) परम्परागत ज्ञान, सीप र प्रविधि | १) स्थानिय ज्ञान, सीप र प्रविधि | १)स्थानिय परम्परागत ज्ञान, सीप र प्रविधि | १)घ्याङलेख गा.पा.को परम्परागत ज्ञान, सीप र प्रविधि | परम्परागत ज्ञान सिप र प्रविधि |
| सुचना तथा सञ्चार प्रविधि | १) घरमा प्रयोग हुने सूचनाका आधुनिक उपकरण । | १) घर तथा विद्यालयमा प्रयोग हुने सूचना तथा सञ्चारका प्रविधिहरु, | १) कम्प्युटरको सामान्य परिचय,<br>२) कम्प्युटरको हार्डवेयर, | १) कम्प्युटरको परिचय,<br>२) हार्डवेयर<br>३) टाइपिङ<br>४) वर्ड प्रोसेसिङ सफ्टवेयर | १) टाइपिङ्ग<br>२) सफ्टवेयर<br>३) वर्ड प्रोसेसर सफ्टवेयर<br>४) कम्प्युटर नैतिक शिक्षा |
| जडिबुटी | १) औषधीको रुपमा प्रयोग गरिने घरेलु जडिबुटी जस्तै : तुलसी पत्ता, तितेपात्ती, बोजो, चिराइतो, | १) आफ्नो वरपर पाइने औषधीजन्य जडिबुटी,<br>२) जडिबुटीका उपयोगिता/फाइदा, | १)आफ्नो र छिमेकी वडाभित्र पाइने ओषधीजन्य जडिबुटी<br>२)जडिबुटीका उपयोगिता र फाइदा, | १) घ्याङलेख भित्र पाइने औषधिजन्य जडिबुटीहरु त्यसको महत्व, र कार्यहरु, | १. स्थानीय जडिबुटीको संरक्षण र उपयोग गर्न |
| विपद् व्यवस्थापन र सुरक्षा | १) हावाहुरी तथा बाढि पहिरो सुरक्षा र सावधान | १) डढेलो तथा आगलागी ,<br>२) डढेलो तथा आगलागी सुरक्षा र सावधानी, | १) चट्याङ तथा भुकम्प<br>२) चट्याङ तथा भुकम्पबाट सुरक्षा र सावधानी | १) वन्यजन्तुको आक्रमण,<br>२) सावधानी तथा सुरक्षा | १. विपद् व्यवस्थापन र सुरक्षाको व्यवहारिक अभ्यासहरु गर्न |

# ५ विषयवस्तुको विस्तृतीकरण

यहाँ कक्षागतरुपमा विषयवस्तुको विस्तृतिकरण तालिका प्रस्तुत गरिएको छ । जसअन्तर्गत विषय क्षेत्र, सिकाइ उपलब्धी, सम्भावित सिकाइ सहजीकरण प्रक्रिया, सम्भावित मूल्यांकन प्रक्रिया र अनुमानित कार्यघण्टा समावेश गरिएको छ ।

## कक्षा : १

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| घ्याङलेखको परिचय | १.आफ्नु आफ्नो परिवार र आफ्नो वासस्थान<br>२. गाउँपालिकाको सामन्य परिचय | १) आफ्नु,परिवार र आफ्नो गाउँपालिका वा वासस्थानको नाम<br>२) परिवारका सदस्य र घरमूलीको नाम र काम<br>३) गाउँपालिकाको नाम ,वडा संख्या र आफ्नु वस्ने वडा | १.प्रदर्शन<br>२. प्रश्नोत्तर<br>३. छलफल<br>४. अभिनय | १) शिक्षकले आफ्नो परिचय -नाम,परिवार र वासस्थान वताउने र यस क्रममा पारिवारिक पृष्ठभूमी झल्किने चित्र प्रदर्शन गर्दै आफ्नै परिचय गरी विद्यार्थीलाई परिचय दिन लगाउने ।<br>२) विद्यार्थीले परिचय दिन कठिनाई आइपरेमा तलका प्रश्न सोध्ने ,<br>जस्तै :<br>क) तिम्रो नाम के हो ?<br>ख) तिम्रो घरमा को को हुनुहुन्छ ?<br>ग) तिम्रो घरमा कति जना हुनुहुन्छ ?<br>घ) तिमी कुन टोलमा वस्छौं ?<br>३) परिवारको सदस्यका प्रमुख कामका वारेमा छलफल गराई उक्त कामको भूमिका अभिनय गर्न लगाउने ।<br>जस्तै : क) शिक्षकले पढाएको<br>ख) कृषकले खनेको ,<br>ग) चिकित्सकले विरामी जाँचेको ,<br>४) नक्सा वा चित्रमा दिएको वडा संख्या र गाउँ टोलका आधारमा आफ्नु वस्ने वडा पहिचान गर्न लगाउने ।<br>यसको थप अभ्यासका लागि युगल वा स-साना समूहमा छलफल गर्न लगाई साथीको वडा नं र गाउँ टोल पनि पहिचान गर्न लगाउने ।<br>५) सूचना प्रविधिका साधन उपयोग गरी गाउँपालिकाको सामन्य परिचय दिने सामग्री प्रस्तुत गर्ने र त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने । | १)पारिवारिक पृष्ठभूमि झल्किने चित्र ।<br>२) व्यक्तिगत तथा पारिवारिक पेशा जनाउने चित्र<br>३) वडा संख्या सहितको गा.पा.को नक्सा वा चित्र ,<br>४) अन्य श्रव्य दृष्य सामग्री | १) विद्यार्थीले आफ्नो परिचय दिदा नाम ,परिवार र वासस्थान लाई समावेश गरे नगरेको आधारमा मापन गर्ने ।<br>२) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाई उपलब्धिको लेखाजोखा गर्ने ।<br>३) छलफल,कुराकानी तथा भूमिका अभिनयमा देखाइएको सक्रियता कार्यसम्पादन सहकार्यत्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने ।<br>४) प्रश्नोत्तर तथा अन्य सन्दर्भमा गाउँपालिकाको नाम वडा संख्या तथा आफ्नु वस्ने वडा र टोलको नाम भने नभनेको एकीन गरी सिकाई उपलब्धिको मापन गर्ने । | १) परिवारका सदस्यहरुले गर्ने कामका आधारमा भूमिका प्रदर्शन गर्न<br>२) परिवारका सदस्यहरु तथा प्रमुखका नाम सोध्न र भन्न ।<br>३) आफ्नु र आफ्नो गाउँपालिका वा वासस्थानको नाम वताउन ।<br>४) गाउँपालिकाको नाम ,वडा संख्या र आफ्नु वस्ने वडा तथा टोल वा गाउँको नाम वताउन । | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| धर्म कला सस्कृति र पर्यटन | १) स्थानीय चाडपर्वको परिचय<br>२) धार्मिक तथा पर्यटकीय स्थानको परिचय<br>३) आफ्नो टोल भित्रका जातजाती<br>४) भाषाभाषी सामाजिक मूल्यमान्यता<br>५) संस्कार | १) स्थानीय स्तरमा विभिन्न जातजातिहरुले मनाउने चाडपर्वहर जस्तै : दशै ,तिहार, ल्होसार ,क्रिस्मस ,वुद्धजयन्ती ,माघे संक्रान्ति, म्हपुजा ,योमरी पून्यको परिचय,<br>२) भेषभुषा र खानपानको नाम<br>३) चाडवाड संग सम्वन्धित वडामा रहेका क्रियाकलापहरु,<br>४) पर्यटकीय स्थानहरुको परिचय , | १) छलफल<br>२) अध्ययन भ्रमण ,<br>३) प्रदर्शन<br>४) प्रश्नोत्तर<br>५) अभिनय | १) आफ्नो घर र छरछिमेकमा मनाइने चाडपर्वको नाम भन्न लगाई छलफल गराउने ।<br>२) दशै,तिहार,ल्होसार आदिसंग सम्वन्धित गीत गाउन लगाउने ।<br>३) चाडपर्व संग सम्वन्धित पोष्टर ,चित्र ,अडियो भिडियो, फिल्म फुटेज सुनाउने ,देखाउने र छलफल गनराउने ।<br>४) चाडपर्वहरु कसरी मनाईन्छ अभिनय द्धारा प्रष्ट पार्ने ।<br>५) वडा भित्रका धार्मिक तथा पर्यटकीय स्थलको भ्रमण गराई त्यसको महत्व गराई स्थानीय जानकार व्यक्तिसंग साक्षात्कार गराउने । | १) चाडपर्व संग सम्वन्धित श्रव्य-दृष्य सामग्री<br>२) धार्मिक स्थलहरुको फोटो वा दृष्य चित्र ,वृत चित्र , | १) आफुले मनाउने चाडपर्वहरुको नाम भन्न लगाउने ।<br>२) छरछिमेकमा मनाउने विभिन्न चाडपर्व र धर्मको सूची वनाउन लगाउने ।<br>३) मठ,मन्दिर,गुम्वा तथा पर्यटकीय स्थलहरुको वारेमा भन्न लगाउने । | १) स्थानीय रुपमा मनाउने चाडपर्वको सूची वताउन ।<br>२) आफ्नो छरछिमेकमा मनाउने चाडपर्वको वारेमा वताउन र सहभागी हुन ।<br>३) आफु र आफ्नो छरछिमेकमा मान्ने धर्मको नाम वताउन ।<br>४) सम्वन्धित वडा भित्रको पर्याटकीय स्थलहरुको बारेमा नाम भन्न । | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| जातजाती भाषा र सामाजिक मूल्यमान्यता | १) आफ्नो टोल भित्रका जातजाती<br>२) भाषाभाषी , भेषभुषा र सामाजिक मूल्यमान्यता<br>३) संस्कार | १) आफ्नो टोल वा गाउँ भित्रका बसोबास गर्ने विभिन्न जातजातीहरुको परिचय ,<br>२) आफ्नो गाउँ वा टोलमा बसोबास गर्नेहरुले बोल्ने भाषाको परिचय ,<br>३) सामाजिक संस्कार अन्तर्गत न्वारन,पास्नी ,छेवर ,विवाह,मृत्यु संस्कारको परिचय, | १) छलफल<br>२) प्रदर्शन<br>३) प्रश्नोत्तर<br>४) अभिनय | १) आफ्नो टोल छिमेकमा रहेका विभिन्न जातजाती बारे भन्न लगाई छलफल गर्ने ,<br>२) तिमी कुन भाषा बोल्छौं भनि मातृभाषाको पहिचान गर्न लगाउने तथा छलफल गर्ने ।<br>३) आफ्नो टोल छिमेकमा रहेका विभिन्न जातजाती बारे भन्न लगाई छलफल गर्ने ,<br>४) आफ्नो कक्षाका अन्य साथीहरुले बोल्ने फरक भाषा बारे पनि छलफल गराउने ।<br>५) विभिन्न सामाजिक संस्कारहरु सम्बन्धि फोटो चित्र देखाई तिमीहरुको संस्कारमा यस्ता क्रियाकलाप हुन्छन ? हुँदैन ? सोधि सामाजिक संस्कार बारे सामन्य जानकारी गराउने । | १) विभिन्न जातजातिको सूचि ,<br>२) स्थानीय स्तरमा बोलिने भाषाहरुको सूची ,<br>३) सामाजिक संस्कारसंग सम्बन्धित चित्र पोष्टर ,श्रव्य-दृष्य सामाग्री , | १) जातजातिको पहिचान गर्न लगाउने ।<br>२) आफ्नो मातृभाषा प्रयोग गरी परिचय दिन लगाउने ।<br>३) सामाजिक संस्कार बारे भन्न लगाउने । | १) आफ्नो टोलभित्र बसोबास गर्ने विभिन्न जातजाति र भाषाभाषीको बारे बताउन ।<br>२) आफ्नो समुदायका मानिसहरुले अपनाउने सामाजिक संस्कार बारे भन्न । | २० |

| क्षेत्र | घ्याङलेखको आयआर्जन र रोजगारी |
|---|---|
| विषयवस्तु | १) घ्याङलेखको आयआर्जन।<br>२) अन्य रोजगारीका क्षेत्रहरु । |
| विषयवस्तुको विस्तृतीकरण | १) स्थानिय पेशाको आयआर्जन र रोजगारीको परिचय,<br>२) आयआर्जनका विभिन्न पेशाहरु जस्तै : अदुवा खेति, पशुपालन, अम्रिसो खेती, तरकारी खेती ,कुखुरापालन, बाख्रा पालन बारे बताउन ,<br>३) रोजगारीका विभिन्न क्षेत्रहरु जस्तै : शिक्षण, सिकर्मी, डकर्मी, व्यापार आदि , |
| सम्भावित शिक्षण विधि | १) छलफल<br>२) प्रयोगात्मक<br>३) प्रदर्शन<br>४) अभिनय<br>५) प्रश्नोतर |
| सिकाई सहजीकरण क्रियाकलाप | १) स्थानिय श्रोत र रोजगारीको महत्व बारे बताउने ,<br>२) आफ्नो छिमेकीहरुले गर्ने कामको सूची बनाइ विद्यार्थीहरुमाझ प्रस्तुत गर्ने जस्तै : तरकारी खेतिमा काम गर्ने , कार्यालयमा जागिर खाने, पसल गर्ने, घर बनाउने, अदुवा खेती, अम्रिसो खेति गर्ने ,<br>३) विद्यार्थीलाई आफ्ना घरका सदस्यहरुले गर्ने कामहरु के के हुन पालैपालो सोधी पेशा वा आयआर्जनको बारे बताइदिने,<br>४) विभिन्न पेशामा प्रयोग गरिने पेसासंग सम्बन्धित उपकरण वा औजारको नमूना देखाइ चिनाउने , |
| शिक्षण सामग्री | १) स्थानिय मानिसहरुले गर्ने कामहरुको सूचि,<br>२) पेशामा प्रयोग हुने औजार तथा साधनहरुको फोटो नमूना, |
| मूल्याङ्कन प्रक्रिया | १) तिम्रो बुबा आमाले गर्ने काम वताऊ ।<br>२) कुनै पढ्दै गरेको कामको चित्र देखाइ यो कुन पेशासँग सम्वन्धित छ ? सोध्ने ।<br>३) साधारण औजारहरु दिइ त्यसको प्रयोगको अभिनय गर । |
| अपेक्षित सिकाई उपलब्धि | १) आफ्नो परिवारको सदस्यहरुले तथा छिमेकीहरुले गर्ने पेशावारे बताउन,<br>२) स्थानिय पेशामा प्रयोग विभिन्न औजार, हातहतियार बारे बताउन ।<br>३) आफन्त परिवारका सदस्यहरुले अपनाउने रोजगारीको उपलब्धि बारे वताउन । |
| पाठ्यघण्टा | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| पोषण ,खेलकुद ,नैतिक मूल्य शिक्षा र शारीरिक सु:स्वास्थ्य | १) पोषण र स्वास्थ्य<br>२) स्थानिय खेलकुद र स्वास्थ्य विच सम्वन्ध<br>३) नैतिक मूल्य शिक्षा (अभिवादन) | १) स्वास्थ्य प्रवर्दक खानेकुराको परिचय,<br>२) व्यक्तिगत सरसफाइ<br>३) सरसफाइको परिचय,<br>४) घर र विद्यालयको सरसफाइ,<br>५) घर र विद्यालयमा खेलिने विभिन्न खेलहरु,<br>५) अभिबादन (नमस्कार ,क्षमा पाउँ सब्दको प्रयोग) | १) अभ्यास<br>२) प्रदर्शन<br>३) अभिनय<br>४) प्रश्नोतर | १) स्वास्थ्य वर्द्धक खानेकुरा घरमा नै निर्माण गरिएका भात, रोटि, सागसब्जी, तरकारी ,गेडागुडी, फलफुल, माछामासु,दुध- दही बारे बताउने ।<br>२) व्यक्तिगत रुपमा विभिन्न अंगहरु जस्तै : नाक, मुख, हात, खुट्टा, कपाल शरीरका अन्य भागको सरसफाइ बारे बताउन ।<br>३) व्यक्तिगत सरसफाइका सामाग्रीहरु जस्तै : साबुन, ब्रस, नेलकट आदिको सहि प्रयोग गर्न लगाइने ।<br>४) खेल खेल्नु अघि खेल्ने स्थान सुरक्षित भए नभएको हेर्नुपर्छ भनि सिकाउने ।<br>५) कक्षाकोठा, घर, विद्यालय, आफु बस्ने स्थान स्वच्छ र सफा राख्दा हुने फाइदाहरु वारे बताउने ।<br>६) विद्यार्थीलाई अभिवादन सही तरिकाले गर्न चित्र प्रदर्शन गर्दै नियमित अभ्यास गराउने । | १) पोषणयुक्त खानेकुराको फोटोहरु ।<br>२) सफा र फोहोर व्यक्तिको फोटो ।<br>३) खेलकुद र सरसफाइका सामग्रीहरु ।<br>४) स्थानिय खेल सामग्री ।<br>५) स्थानिय खेलको सूची ।<br>६) सफा र फोहोर वातावरणको चित्र ।<br>७) अभिबादन गरेको चित्र, | १) दैनिक रुपमा खाने खानेकुराहरु के के हुन ?<br>२) दात कसरी सफा गर्छौं ?<br>३) तिमी पढ्ने कक्षाकोठा कस्तो छ ?<br>४) शिक्षक तथा आदरणीय व्यक्तिलाई भेटे के गर्छौं ? | १) आफुले दैनिक खाने मूख्य खानेकुराको नाम भन्न ,<br>२) व्यक्तिगत सरसफाइको लागि आवश्यक सामग्रीको नाम भन्न ,<br>३) दैनिक सरसफाइ गर्नुपर्ने स्थानको सूची बनाउन ,<br>४) दैनिक खेलिने सामान्य खेलहरुको नाम बताउन ,<br>५) साथी साथी र आफ भन्दा ठुलालाई अभिवादन गर्न , | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| परम्परागत ज्ञान, सीप र प्रविधि | १) परम्परागत ज्ञान, सीप र प्रविधि, | १) परम्परागत प्रविधिहरू ढिकी तथा ओखली जाँतो,घट्ट, कोल, आरन, हलो, महि पार्ने, माछा मार्ने, जाल खेल्ने प्रविधि आदिको पहिचान, | १) सामग्री<br>२) अभिनय<br>३) प्रदर्शन | १) परम्परागत प्रविधिबारे सु:सूचित गराउन स्थानिय तहमा उपलब्ध हुने प्रविधिहरूको बारेमा वास्तविक वस्तु देखाएर चित्र तथा श्रव्य - दृश्य सामग्री फिल्म, फुटेज देखाएर वरपर आफ्नो गाउँघरमा प्रयोग भइरहेका स्थानिय प्रविधिहरू देखाएर विद्यार्थीहरूलाई सक्षम बनाउन सकिन्छ। | १) ढिकी, जाँतो, कोल, घट्ट, आरन तथा स्थानिय स्तरमा रहेका पोष्टरहरू<br>२) भिडियो, फुटेज, | १) परम्परागत प्रविधिहरू के के हुन् ? सूची बनाऊ।<br>२) माछामार्ने साधनहरू के के हुन् ? | १) परम्परागत प्रविधिहरूको नाम बताउन ,<br>२) परम्परागत साधनहरूको प्रयोगबारे बताउन , | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| सूचना तथा सञ्चार प्रविधि | १) घरमा प्रयोग हुने सूचनाका आधुनिक उपकरण । | १) सम्वाद बारे सामान्य परिचय,<br>२) चित्र पहिचान,<br>३) सूचना तथा सञ्चार प्रविधिको सामान्य प्रयोग, | १) अभिनय,<br>२) प्रदर्शन,<br>३) प्रश्नोत्तर,<br>४) छलफल, | १) सञ्चारको साधन पहिचान गराइ त्यसबाट प्राप्त हुने सूचनाबारे सामान्य जानकारी गराउने,<br>२) अभिनयबाट दुई विद्यार्थी वा समूह विच संवाद गराइ सूचनाको पहिचान गर्न लगाई पोष्टर वा चित्र प्रदर्शन गर्न लगाउने,<br>३) घर तथा समुदायमा प्रयोग भएका सूचना दिने तथा लिने आधुनिक सामाग्रीको नाम भन्न लगाउने , जस्तै : ( कम्प्युटर, मोवाइल, टेलिभिजन, रेडियो ) | १) आधुनिक सञ्चारका साधनहरुको फोटो/तस्विर,<br>२) उपकरणले गर्ने काम सहित खुल्ने नमूना, | १) तिम्रो परिवारमा बुबा-आमाले प्रयोग गरेका सञ्चारका उपकरणको नाम भन ।<br>२) मोवाइलको प्रयोग गरि के काम गर्न सकिन्छ ?<br>३) तिमीले मोवाइल के कामका लागि प्रयोग गर्दछौ ?<br>४) दुइ साथीहरु विच सम्वादको अभिनय गरेर देखाऊ । | १) सूचना तथा सञ्चार प्रविधिको नामहरु बताउन, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| जडिबुटी | १) औषधीको रुपमा प्रयोग गरिने घरेलु जडिबुटी जस्तैः तुलसी पत्ता, तितेपाती, बोजो, चिराइतो, | १) औषधिको रुपमा प्रयोग हुने बनस्पती जडिबुटीको पहिचान र त्यसको सामान्य उपयोग, | १) प्रयोगात्मक<br>२) प्रदर्शन,<br>३) खोज,<br>४) छलफल, | १) विद्यार्थीहरुलाई स्थानीय रुपमा पाइने औषधिको परिचय गराउने,<br>२) तुलसी पत्ता, तितेपाती, अदुवा, बोजोको नमूना चित्र फोटो प्रदर्शन तथा स्वाद चाखेर पहिचान गराउने,<br>३) विद्यालय वरपर तथा बाटोमा भेटिने औषधी मूलको रुपमा काम गर्ने वनस्पती विद्यालयमा ल्याउन लगाइ सामुहिक रुपमा नाम भन्न लगाउने र अभिलेख राख्ने, | १) नमूना,<br>२) चित्र, पोष्टर,<br>३) मोबाइल, ल्यापटपमा विभिन्न जडिबुटी सहितको भिडियो, फुटेज, | १) विषयवस्तुसँग सम्वन्धित प्रश्न सोध्ने,<br>२) विद्यालय वरपर भित्र भएका विभिन्न जडिबुटी ल्याऊ।<br>३) अदुवा, तितेपातीको स्वाद कस्तो हुन्छ ? | १) घरेलु जडिबुटीको पहिचान गर्न, | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन र सुरक्षा | १) हावाहुरी तथा बाढी पहिरो सुरक्षा र सावधान । | १) हावाहुरी चलेको समयमा सडकमा हिड्दा , विद्यालय आउदा जादा हुन सक्ने सम्भावित जोखिमहरु,<br>२) वर्षाको समयमा अत्याधिक पानी पर्दा हुने जोखिमबाट बच्ने सुरक्षाका उपायहरु, | १) अभिनय,<br>२) छलफल,<br>३) प्रदर्शन, | १) विपद्का वस्तुगत अवस्था वा चित्र प्रदर्शन गरि छलफल गर्न लगाउने, जस्तैः ( हावाहुरीबाट रुख भाचिएर घर तथा सडक क्षति पुर्‍याएका चित्र )<br>२) बाढी पहिरो सम्वन्धी फोटो प्रदर्शन, भिडियो, दृष्य चित्र प्रदर्शन गरि घट्ना भएको नाम भन्न लगाउने साथै त्यस्ता घटनाबाट बच्ने उपायहरु वताउने, | १) बाढी पहिरो गएको तस्वीर तथा भिडियो क्लिप,<br>२) हावाहुरी गएको फोटो तथा भिडियो फुटेज,<br>३) बाढी पहिरो, हावाहुरीमा सुरक्षित बस्ने तरिका सहितको फोटो र मोवाइल क्लिप | १) तिमीले बाढी पहिरो आएको देखेका छौं ?<br>२) तिम्रो घर नजिक पहिरो गएमा के गर्छौ ?<br>३) तिमीले हावाहुरीबाट बालीनालीमा क्षति पुर्‍याएको देखेका छौं ? | १) घर तथा विद्यालयमा हुने विपद्को सामान्य पहिचान गर्न,<br>२) विद्यालय आउदा जादा हुनसक्ने जोखिमबाट बच्ने उपायहरुको अवलम्वन गर्न, | १५ |

# कक्षा : २

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| घ्याङलेखको परिचय | १) घ्याङलेख गाउँपालिकाको परिचय,<br>२) गाउँपालिकाको आफ्नो वडाको विषेशता र सिमाना, | १) घ्याङलेख गाउँपालिकाको परिचय,<br>२) आफ्नो वडा भित्रका टोल बस्तिहरुको चिनारी,<br>३) वडा भित्रका खोलानाला नदी, वनजङ्गल, वडागत सिमाना र विशेषता, | १) प्रदर्शन,<br>२) छलफल,<br>३) समस्या समाधान<br>४) खोज अनुसन्धान,<br>५) प्रश्नोत्तर | १) गाउँपालिको नक्सा ,चित्र प्रदर्शन गरि चिन्न र सोको नाम भन्न लगाउने,<br>२) प्रदर्शित नक्सा वा चित्र जस्तै गरि नक्सा कोर्न लगाउने,<br>३) आफ्नो वडा भित्रका गाउँटोल उल्लेख गरिएको चार्ट तथा नक्सा बनाइ प्रदर्शन गर्ने,<br>४) वडा भित्र रहेका नदीनाला, वनजङ्गल सिमाना छुट्याई विद्यार्थीलाई शिक्षकले सहजिकरण गरि नमूना प्रस्तुत गर्ने साथै वडाका विशेषताहरु छलफलको माध्यमबाट सुस्पष्ट पारिदिने , | १) पोष्टर , नक्सा ,नदीनाला, वनजङ्गल पहिचान गर्ने , संकेत चिन्ह,<br>२) वडाका सामान्य विशेषता झल्कने चार्ट, | १) तिमी बस्ने वडाको परिचय देऊ ।<br>२) तिम्रो वडाभित्र रहेका वनजङ्गल र खोलानालाको नाम लेख ।<br>३) तिम्रो वडाका विशेषताहरु बताऊ । | १) गाउँपालिकाको नक्सा हेरी आफु बसेको वडा पहिचान गर्न,<br>२) आफ्नो वडाको नक्सा कोरी आफ्नो गाउँटोल संकेत गर्न,<br>३) वडाभित्रका जङ्गल , नदीनालाको सूची वनाइ विशेषताको ज्ञान हासिल गर्न, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| धर्म, कला संस्कृति र पर्यटन | १) स्थानिय वडाभित्रका धार्मिक स्थलहरुको परिचय,<br>२) आफ्नो वडाभित्रका पर्यटकीय स्थल,<br>३) मोलिक संस्कृतिको परिचय | १) स्थानिय वडाभित्रका धार्मिक स्थलहरुको सामान्य परिचय,<br>२) परम्परागत जात्रा मेला, उत्सको महत्व,<br>३) वडाभित्र रहेका पर्यटकीय स्थलहरुको चिनारी सहित विशेषता,<br>४) स्थानिय वडामा भएका मौलिक चाडपर्व, बाजागाजा गीत संगीतको पहिचान, | १) प्रदर्शन<br>२) छलफल<br>३) खोज अनुसन्धान | १) वडाभित्रका धार्मिक स्थलहरुको परिचय खुल्ने पोष्टर, चित्र प्रदर्शन गरि छलफल गराउने,(आवश्यकतानुसार प्रत्यक्ष अवलोकन गराउन पनि सकिन्छ)<br>२) स्थानिय जात्रा, मेला तथा उत्सवमा देखेका मुख्य घट्नाहरु तथा क्रियाकलाप बताउन लगाउने,<br>३) सम्भव भएसम्म नजिक लाग्ने मेला, जात्राको अवलोकन गर्न लगाउने,<br>४) पर्यटकीय स्थलहरुको सिकाइ सहजीकरणका लागि विद्यार्थीलाई प्रत्यक्ष अवलोकन गर्न लगाउने,<br>५) आ-आफ्नो वडामा प्रचलित मौलिक चाडपर्व विशेषका बाजागाजा, गीत संगीत बारे प्रदर्शन गर्ने , जस्तैः<br>बाजागाजा :- मादल, डम्फु, पञ्चेवाजा<br>गीत :- सेलो, देउसी, लोकगीत, होली, तीज, आदि | १) धार्मिक स्थलको सूची,<br>२) स्थानिय चाडपर्व, मेला, जात्रा झल्कने पोष्टर, चित्र, वृतचित्र, भिडियो, पर्यटक स्थलको भिडियो,<br>३) जातजाती विशेषको गीत संगीत, नृत्य, प्रदर्शित श्रव्य दृश्य सामाग्री, | १) आफ्नो समुदायमा प्रचलित धार्मिक सम्पदाहरुको सूची बनाऊ ।<br>२) स्थानिय उत्सब, मेला, जात्रामा आफुले देखेका सुनेका क्रियाकलाप प्रदर्शन गर ।<br>३) स्थानिय स्तरमा रहेका कुनै एक पर्यटकीय स्थलका विशेषता बताऊ ।<br>४) तिज , कौरा, सेलो, गीत संगीतमा अभिनय गर । | १) वडाभित्रका धार्मिक सम्पदाको ज्ञान हासिल गर्न,<br>२) स्थानिय स्तरमा भएका उत्सव, मेला, जात्राका मुख्य क्रियाकलाप सिलसिलेवार प्रस्तुत गर्न ,<br>३) पर्व विशेषमा प्रयोग हुने मौलिक संस्कृति झल्किने बाजागाजा, गीत संगीतको बारेमा ज्ञान हासिल गर्न, | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| जातजाती भाषा र सामाजिक मूल्यमान्यता | १) स्थानिय जातजाती, भाषा र सामाजिक मूल्यमान्यता | १) आफू र आफ्नो वरपरका जातजातीहरु, <br> २) गाउँपालिका वडाभित्र बोलिने भाषाहरुको बारेमा जानकारी, <br> ३) आफ्नो जातीसँग सम्बन्धित पास्नी, छेवर , ब्रतवन्धको जानकारी, | १) प्रदर्शन <br> २) अवलोकन <br> ३) छलफल <br> ४) बुँदा टिपोट | १) आफ्नो छलछिमेक वरपर रहेका जातजातीहरु ( तामाङ, मगर, सुनुवार, थामी, क्षेत्री , ब्राम्ण , नेवार, दलित, ) चार्ट प्रदर्शन गरि स्पष्ट पारि दिने, <br> २) स्थानिय तहमा बोलिने भाषाको सूची बनाइ प्रदर्शन गर्ने, <br> ३) स्थानिय भाषा सम्बन्धि कक्षामा विद्यार्थीहरु बिच सम्वाद गराउने, <br> ४) स्थानिय स्तरमा हुने पास्नी, छेवर, ब्रतवन्ध जस्ता कार्यको श्रव्य दृष्य सामग्रीका साथै प्रत्यक्ष अवलोकन गराई सहजीकरण गर्ने, <br> ५) नाता सम्बन्धको लागि एक अर्कामा गरिने आदर सम्मान सत्कारको नमूना प्रस्तुत गर्न लगाउने, | १) जातजाती समेटिएको फोटो, <br> २) स्थानिय स्तरमा बोलिने भाषाको सूची, <br> ३) अडियो, भिडियो, | १) तिम्रो वडा भित्र रहेका जातजातीहरुको सूची बनाऊ । <br> २) तिमी कुन जातीका हौ ? <br> ३) तिमी कुन भाषा बोल्छौ ? <br> ४) आफू भन्दा ठूलालाई भेट्दा कसरी सम्मान गर्छौ ? <br> ५) छेवर ब्रतवन्धमा गरिने मुख्य क्रियाकलाप भन । | १) आफ्नो वडा भित्र रहेका जातजाती र भाषाभाषीको सूची बनाउन, <br> २) नाता सम्बन्धमा हुने आदर, सम्मान, सत्कार गर्न, <br> ३) छेवर ब्रतवन्धमा गरिने मुख्य क्रियाकलापको टिपोट गर्न, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| घ्याङलेखको आयआर्जन र रोजगारी | १) घ्याङलेखका आयआजनका श्रोतहरु,<br>२) रोजगारीका क्षेत्र, | १) घ्याङलेख गा.पा.का वडाभित्रका आयआर्जनका श्रोतहरुको पहिचान,<br>२) वडाभित्र अपनाउन सकिने रोजगारीका विभिन्न क्षेत्रहरुको पहिचान, | १) प्रदर्शन<br>२) अवलोकन<br>३) छलफल<br>४) बुँदा टिपोट | १) वडाभित्रका आयआर्जनका श्रोतहरु ( कृषि, व्यवसाय, व्यापार, कुखुरापालन, बाख्रापालन, तरकारी खेती ) पहिचानको लागि सम्भव भएसम्म अवलोकन गराउने,<br>२) विभिन्न पेशा वा व्यवसायसँग सम्बन्धित चार्ट फोटो आदि प्रदर्शन गरि स्पष्ट पार्ने साथै चित्र बनाउन लगाउने ,<br>३) आफ्नो घर वरपर वा वडाभित्र के कस्ता पेशा व्यवसाय अपनाइएका छन् सोधि समूहगत रुपमा बताउन लगाउने,<br>४) रोजगारीमा आबद्ध फोटो, चित्र देखाइ यि चित्रहरु कुन पेशा रोजगारीसँग सम्बन्धित रहेका छन् पालैपालो सोधी टिपोट गर्न लगाउने, | १) पेशा अनुसारको चित्र,<br>२) विभिन्न पेशा व्यवसाय झल्कने क्लिप चार्ट, | १) कुखुरापालन कुन पेशासँग सम्बन्धित छ ?<br>२) कृषिपेशामा प्रयोग हुने कुनै ५ वटा औजारको चित्र बनाऊ ।<br>३) तिम्रो वडाभित्रका मानिसहरुले अपनाएका मुख्य मुख्य रोजगारीका नामहरु बताऊ । | १) खेतीपाती सँग सम्बन्धित पेशा पहिचान गर्न,<br>२) चित्र र पेशा उल्लेखित चार्ट बिच जोडा मिलाउन,<br>३) विभिन्न औजारहरुको चित्र बनाउन, | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| पोषण, खेलकुद, नैतिक मुल्य शिक्षा र शारीरिक सुःस्वास्थ्य | १) पोषण, खेलकुद, र शारीरिक सुःस्वास्थ्य<br>२) नैतिक मूल्य शिक्षा | १) घरमा निर्मित तथा स्थानिय अन्नवाली फलफुल र तरकारीबाट घरमा नै निर्मित खाजा, खाना र त्यसको प्रयोग,<br>२) शरीरका अंगहरु सम्वन्धी शारीरिक व्यायाम,<br>३) अभिबादन ( ढोग, धन्यवाद र माफीको उचित प्रयोग ) | १) प्रदर्शन<br>२) अवलोकन<br>३) छलफल<br>४) बुदा टिपोट | १) घरमा निर्माण र प्रयोग गरिने पोषणयुक्त खानेकुराको नाम , त्यसको फाइदाबारे विद्याथीहरु विच छलफल गराउने,<br>२) शरीरका अंगहरु प्रदर्शन गरि यि अंगहरु कसरी फोहोर हुन्छन् देखाउने, सरसफाइ गर्ने विधि सोध्ने र नजानेमा शिक्षकले सहजीकरण गर्ने,<br>३) शारीरिक व्यायाम गर्दा हातखुट्टा चलाउने क्रियाकलाप विद्यार्थीहरुलाई शिक्षकको निर्देशन अनुसार गराउने,<br>४) विद्यार्थीलाई अभिबादन सही तरिकाले उच्चाहरण गर्न चित्र प्रदर्शन गर्दै नियमित अभ्यास गराउने । | १) घरमा खानेकुराको सूचि,<br>२) सुरक्षित र असुरक्षित खानेकुराको भण्डारण गरिएको पोष्टर, चित्र, ( छोपिएर राखेको खानेकुरा र खुल्ला राखिएको खानेकुरा )<br>३) शारीरिक अभ्यास गर्दा अपनाउने विधि चरण सम्वन्धी चित्र,<br>४) सही अभिवादनको चित्र | १) तिमीले घरमा के के खानेकुरा खान्छौं ?<br>२) खानेकुरा सुरक्षित राख्न के गर्ने गरेका छौं ?<br>३) चित्र हेरी उत्तर बताऊ ।<br>४) हातखुट्टा चलाएको वा नचलाएको अवलोकन गर ।<br>५) कसैले तिमीलाई सहयोग गरे के भन्नुहुन्छ ? | १) घरमा निर्माण हुने खानेकुराहरुको नाम बताउन र सुरक्षित प्रयोग गर्न,<br>२) फोहोर र सफा विच हुने अन्तर बताउन,<br>३) हातखुट्टा को साधारण व्यायाम गर्न,<br>४) ढोग, धन्यवाद र माफीको उचित गरे नगरेको अवलोकन गरी थप सहायता प्रदान गर्ने, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| परम्परागत ज्ञान, सीप र प्रविधि | १) स्थानिय ज्ञान, सीप र प्रविधि | १) आफ्नो स्थानिय वडाभित्र  कायम रहेका परम्परागत सीपहरु : चकटी, गुन्द्री, मान्द्रो, पहिचान र प्रयोगको क्षेत्र, | १) छलफल<br>२) प्रश्नोत्तर | १) स्थानीय वडाभित्र कायम रहेका प्रचलनमा रहेका परम्परागत ज्ञान, सीप र प्रविधिसँग सम्वन्धीत वस्तु वा सामग्रीबारे छलफल गराउने,<br>२) स्थानिय वडाभित्र रहेका सामग्री ( चकटी, गुन्द्री, मान्द्रो, के कस्ता काममा प्रयोग गरिन्छ ? सोध्ने साथै अरु थप सीप प्रविधि भए सो समेत समावेश गर्ने र गराउने, | १) स्थानीय वडाभित्र प्रयोग हुने परम्परागत सामग्रीको चित्र ।<br>२) नमूना प्रदर्शन<br>३) प्रत्यक्ष अवलोकन वा भिडियो सामग्री | १) चकटीको चित्र वनाऊ ।<br>२) मान्द्रो के कामको लागि प्रयोग गरिन्छ ?<br>३) चकटी र गुन्द्री के बाट बन्छ ? | १) स्थानीय वस्तु वा सीपसँग सम्वन्धीत ज्ञान हासिल गर्ने,<br>२) वडाभित्र प्रयोग हुने परम्परागत सामग्रीको चित्र कोरी प्रदर्शन गर्न,<br>३) स्थानिय सीप तथा प्रविधिको क्षेत्र भन्न, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| सूचना तथा सञ्चार प्रविधि | १) घर तथा विद्यालयमा प्रयोग हुने सूचना तथा सञ्चारका प्रविधिहरु, | १) घर तथा विद्यालयमा प्रयोग हुने सञ्चार उपकरणको सामान्य परिचय, जस्तैः (मोबाइल र ल्यापटप/कम्प्युटरको सामान्य प्रयोग, | १) प्रयोग<br>२) प्रदर्शन<br>३) अनुसन्धान तथा खोज<br>४) छलफल<br>५) प्रश्नोत्तर | १) घर तथा विद्यालयमा प्रयोग हुने सूचना तथा सञ्चारको उपकरणहरु बारे परिचित गराउने, ( मोबाइल, ल्यापटप/कम्प्युटर )<br>२) कक्षाकोठामा नमूनाको रुपमा मोबाइलको प्रयोग गरि अंक पहिचान गर्दै फोन सम्पर्क गर्न अभ्यास गराउने,<br>३) ल्यापटप/कम्प्युटर खोल्ने तथा बन्द गर्ने अभ्यासको लागि सो सामग्री प्रदर्शन गरि देखाउदै व्यक्तिगत रुपमा अभ्यास गराउने, | १) आवश्यकताको आधारमा प्रयोगमा आउने मोबाइल, ल्यापटप/कम्प्युटर जस्ता सामग्रीको प्रदर्शन,<br>२) मोबाइल ल्यापटप अङ्कित चित्रहरु, | १) मोबाइल तथा अन्य सञ्चारका साधनहरुको प्रयोग गरि विद्यार्थीहरुको उपलब्धी मूल्याङ्कन गर्न निम्न प्रश्नहरुलाई नमूनाको रुपमा सोध्ने,<br>क) के तिमी मोबाइलबाट आफ्ना आमा बुवालाई फोन गर्न सक्छौ ?<br>ख) ल्यापटप तथा कम्प्युटर खोल्ने र बन्द गरि देखाऊ । | १) मोबाइल र ल्यापटप कम्प्युटरको सामान्य परिचय दिन,<br>२) मोबाइलमा रहेका अङ्क पहिचान गरि अभिभावकलाई फोन सम्पर्क गर्न,<br>३) ल्यापटप कम्प्युटर खोल्ने र बन्द गर्ने कार्य गर्न, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| जडिबुटी | १) वडाभित्रका औषधी जन्य जडिबुटी,<br>२) जडिबुटीका उपयोगिता/फाइदा, | १) आफ्नो वडाभित्र रहेका औषधी जन्य जडिबुटीहरूको पहिचान,<br>२) उपलब्ध जडिबुटीको प्रयोग तथा उपयोगिता, | १) प्रदर्शन<br>२) छलफल<br>३) खोज अन्वेषण<br>४) प्रयोग<br>५) प्रश्नोत्तर | १) विद्यार्थीलाई स्थानीय स्तरमा उपलब्ध औषधिजन्य जडिबुटीको चित्र प्रस्तुत गरि पहिचान गर्न लगाउने साथै यसको प्रयोग बारे सामान्य जानकारी गर्ने,<br>२) आफ्नो घर वरपर उपलब्ध जडिबुटीहरु नमुनाको रुपमा विद्यार्थीलाई संकलन गर्न लगाइ त्यसको प्रयोग/उपयोगिता बारे समूह - समूहमा छलफल तथा बुदा टिपोट गर्न लगाउने, | १) औषधीजन्य जडिबुटीको संकलन गरिएको नमुना,<br>२) संकलित जडिबुटी टाँसिएको नमुना चित्र,<br>३) औषधी र औषधीको उपयोगिता लेखिएको तालिका, | विद्यार्थीलाई निम्न प्रश्न गराई मूल्याङ्कन गर्ने ।<br>१) ठूलो ओखती कुन भेगमा पाइन्छ ?<br>२) चिराइतोको स्वाद कस्तो हुन्छ ?<br>३) बोजोको प्रयोग गर्ने भाग कुन हो ? ।<br>४) जडिबुटीहरुको नाम लेखि त्यसको उपयोगिता बताऊ | १) आफ्नो वडाभित्र पाइने जडिबुटीहरूको पहिचान र सामान्य प्रयोग गर्न,<br>२) तिनै जडिबुटीहरूको उपयोगिता बताउन, | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन र सुरक्षा | १) डढेलो तथा आगोलागी,<br>२) डढेलो तथा आगलागी सुरक्षा र सावधानी, | १) डढेलो तथा आगोलागीको सामान्य परिचय,<br>२) डढेलो तथा आगलागीका कारण तथा असर,<br>३) डढेले तथा आगोलागीबाट बच्ने आधारभूत सुरक्षा र सावधानी, | १) छलफल<br>२) प्रश्नोत्तर<br>३) प्रदर्शन<br>४) खोज | १) डढेलो तथा आगलागी सम्वन्धी विषयमा कक्षामा समूहगत छलफल गर्ने,<br>२) डढेलो तथा आगलागी भएका घटनाका सन्दर्भ सामग्री संकलन गरि दृष्य सामग्रीका रुपमा कक्षामा प्रस्तुत गर्ने र विद्यार्थीका अनुभवलाई समेट्दै कक्षा सहजिकरण गर्ने, ( वनजङ्गलमा लाग्ने डढेलो, निजी जग्गामा लाग्ने डढेलो, घर गोठमा लाग्ने आगलागी ),<br>३) १) डढेलो तथा आगलागीका कारणहरु खोजी गर्न लगाई सूचिकृत गर्दै आवश्यक कुराहरुमा सन्दर्भ सामग्री को प्रयोग गरि सहजिकरण गर्ने,<br>४) १) डढेलो तथा आगलागीबाट पर्ने असरका क्षेत्र पहिचान गर्दै त्यसवाट बच्न अपनाइने सुरक्षा र सावधानीका विषयमा विद्यार्थीहरुले जानेका कुरा सोधी टिप्दै जाने र थप सुरक्षाका उपायहरु बुदागत रुपमा चार्टको प्रयोग गरि प्रश्ट्याइदिने, | १) डढेलो तथा आगलागी भएका घटनाक्रम झल्कने दृष्य चित्रहरु,<br>२) कारण र असर खुल्ने तालिका,<br>३) सुरक्षा र सावधानीका उपायँ अवलम्वन गरिएका सन्दर्भ सामग्री, | डढेलो तथा आगलागीको घटनासँग सम्वन्धीत सामग्री प्रदर्शन गरि विद्यार्थीहरुलाई निम्न प्रश्न गर्ने ।<br>१) यो सामग्री के सँग सम्वन्धीत छ ?<br>२) डढेलो तथा आगलागी के-के कारणले हुन सक्छ ? भन ।<br>३) डढेलो तथा आगलागीबाट बच्न के-के उपाय गर्न सकिन्छ ? भनि सोध्ने । | १) डढेलो तथा आगलागीको सम्भावित घटना पहिचान गर्न,<br>२) डढेलो तथा आगलागीका कारणहरु पहिल्याउन,<br>३) डढेलो तथा आगलागीबाट बच्ने पूर्व सावधानी तथा सुरक्षाका उपायबारे जानकारी, | १५ |

# कक्षा : ३

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| घ्याङलेखको परिचय | १) आफ्नो र छिमेकी वडाको संक्षिप्त चिनारी,<br>२) गाउँपालिका भित्रको आफ्नो वडा र छिमेकी वडाको सिमाना र विशेषता, | १) आफ्नो र छिमेकी वडाको संक्षिप्त चिनारी,<br>२) आफ्नो र छिमेकी वडाभित्रका साँझ, सिमाना, वनजङ्गल, नदिनालाको विशेषता, | १) खोज अन्वेषण<br>२) प्रदर्शन<br>३) प्रश्नोत्तर<br>४) प्रयोग<br>५) छलफल | १) आफ्नो र छिमेकी वडाको संक्षिप्त चिनारीका नक्सा, चार्ट, पोष्टर, जस्ता सामग्रीहरुको प्रयोग गर्दै कक्षाकोठालाई सहजिकरण गर्ने,<br>२) आफ्नो र छिमेकी वडाका बारेमा थाहा भएका कुराहरु विद्यार्थीहरुलाईनै सोधी कक्षामा समूह-समूह बनाइ छलफल गराउने,<br>३) आफ्नो र छिमेकी वडामा भएका वनजङ्गल, नदिनालाको बारे संकलित विशेषताहरु माथि छलफल गर्ने गराउने,<br>४) आफ्नो र छिमेकी वडाको साध सिमाना बारे जानकारी प्रदान गर्ने, प्रश्नोत्तरको माध्मबाट जानकार व्यक्ति समक्ष गइ नक्सा चार्ट प्रयोग गरि संकलित सामग्री कक्षाकोठामा प्रस्तुत गर्दै जाने, | १) नक्सा चार्ट<br>२) विशेषताहरु झल्काउने तालिका<br>३) छिमेकी वडाको मुख्य -मुख्य टोल समेटिएको चार्ट,<br>४) छिमेकी वडाभित्र पर्ने प्रमूख नदि, वनजंङ्गलको सूचि, | १) तिम्रो वडासँग सिमाना जाडिएका वडाहरु कुन-कुन हुन ?<br>२) वडाभित्र पर्ने प्रमूख नदि कुन-कुन हुन ?<br>३) छिमेकी वडामा भएका वनजङ्गलको नाम भन ।<br>४) तिम्रो छिमेकी वडा भित्रमा पर्ने प्रमूख टोलहरुको नाम बताऊ । | १) आफ्नो र छिमेकी वडाको संक्षिप्त चिनारी दिइ छिमेकी वडाभित्रका गाउँटोलहरुको नाम भन्न,<br>२) आफ्नो र छिमेकी वडामा सम्वन्धीत वनजङ्गल, खोलानालाहरुको विशेषता प्रस्तुत गर्ने ज्ञान प्राप्त गर्न,<br>३) आफ्नो वडासँग जोडिएका छिमेकी वडाको साच सिमाना नक्साङकन कार्यको ज्ञान दिन, | २० |

| | |
|---|---|
| क्षेत्र | धर्म,कला सस्कृति र पर्यटन |
| विषयवस्तु | १) मौलिक संस्कृतिको परिचय<br>२) आफ्नो र छिमेकी वडाभित्र पर्ने धार्मिक स्थल,<br>३) पर्यटकिय स्थल |
| विषयवस्तुको विस्तृतीकरण | १) वडा र छिमेकी वडा भित्र पर्ने लोक संगित<br>२) आफ्नो र छिमेकी वडाभित्र पर्ने धार्मिक स्थल, ( वडा नं. १. पशुपति मन्दिर, (खर्सुलेक), पेमादर्गी गुम्वा (थलागाउँ) चम्पालामा छोर्तेन(थलागाउँ सिरुटार) महासत्य धर्मकुण्ड प्राकृतिक गुम्वा ( भ्वाँसेडाँडा) वडा नं. २. देविथान, बराजुथान (चन्दनपुर) ,चण्डेश्वर महादेव -चन्दनपुर)थानपति ( बस्तिपुर) नारायणथान (सातदोबाटो) बस्तिपुर अनुग्रह चर्च (हिर्दिङ) दमाइडाँडा माने गुम्वा (सानोभोक्टेनी) पेमा होइवरलिङ (खोलागाउँ) काङलिङ गुम्वा (खोलागाउँ) छ्योर्तेन गुम्वा (खोलागाउँ) गोक्चोमायाँ स्याङतान स्मृति स्तुप (माने भञ्ज्याङ्ग),चण्डिथान मन्दिर (सातदोबाटो), भूमेथान (बस्तिपुर), बोद्धिसत्व छ्योंदेन<br>वडा नं. ३. पेमासाङलिङ गुम्वा (कोल्टार) , कालिनाग मन्दिर चौकीटार दौलतसिं स्मृतिलाय (चौकिटार) वडा नं. ४ सिद्धिमान घलान स्मृति छ्योर्तेन (ठाडे कालिखोला) उर्गेन छ्योइफेल गुम्बा (सिम हाइटार) टासि छ्योइफेल गुम्वा (काङलिङगेट ) शिव मन्दिर (बेलबोट) लाखाङ गुम्वा (घ्याङडाँडा) भिमसेनस्थान(आँपडाँडा) कालिमाइ मन्दिर (आपडाँडा) कमेरो गुँफा (नकर्टे) , माईथान मन्दिर (कालिखोला ), वकिल स्याङतान स्मृति भवन (कालिखोला) थर्पालिङ गुम्बा नेत्रकाली (मझुवा),टसी छयोर्लिङ गुम्बा (मझुवा), टसी छयोइफेल गुम्बा स्कुल(मझुवा),टसी दर्गेलिङ गुम्बा -मझुवा) पेमा देक्षेण गुम्बा गोपेफेदी), वडा नं. ५.पशुपतिनाथ(रामपुर) नारायणथान मन्दिर (रामपुर) ठाकुरथान(ठाकुरडाँडा) गणेशथान(राङचा) दक्षिणकाली(सोलीथुम्का) राङचा अनुग्रह खृष्टिय मण्डली(राङचा) सिंपाल अनुग्रह खृष्टिय मण्डली(सिंपाल) पशुपतिथान मन्दिर(रातुदोभान) चमेरोगुँफा(बुदुमचुली) देविथान मन्दिर(बुदुमचुली)<br>पर्यटकिय स्थाल : भुमिचुली, घ्याङडाँडा, फापरचुली, सहिद स्मारक,,देवीथान मन्दिर (पाखुरे) |
| सम्भावित शिक्षण विधि | १) खोज अन्वेषण<br>२) छलफल<br>३) प्रदर्शन<br>४) अवलोकन<br>५) प्रश्नोत्तर<br>६) प्रयोगात्मक<br>७) अभिनय |
| सिकाई सहजीकरण क्रियाकलाप | १) आफ्नो वडा र छिमेकी वडा भित्र प्रचलित मौलिक चाडपर्व विशेषका वाजागाजा, गीत संगितको अभिनय,नृत्य अभ्यास,वाजागाजा वजाउन नमूना प्रदर्शन गर्ने , जस्तै:<br>वाजागाजा :- मादल, डम्फु, पञ्चेवाजा<br>गीत :- तामाङ सेलो, देउसी, लोकगित, होली, तिज, आदि<br>२) आफ्नो र छिमेकी वडाभित्र पर्ने विभिन्न धार्मिक स्थलहरु भन्न लगाइ शिक्षकले टिपोट गर्दै जाने र थप धार्मिक स्थलहरु खोज विधिको माध्यमबाट चार्ट प्रस्तुत गरि सहजिकरण गर्ने ।<br>३) आफ्नो र छिमेकी वडाभित्र पर्ने पर्यटकीय स्थलहरु (सम्भव भए प्रत्यक्ष अवलोकन गर्न लगाउने) सोधी टिपोट गर्ने तथा सम्भव भए ति स्थलहरुको प्रत्यक्ष अवलोकन गराइ सिकाइ सहजिकरण गर्ने, |
| शिक्षण सामग्री | १) जातजाती विशेषको गीत संगित, नृत्य, प्रदर्शित श्रव्य दृश्य सामाग्री,<br>२) धार्मिक स्थलहरुको अवस्था झल्किने चित्र दृष्य चित्र, पोष्टर , नाम तालिका<br>३) पर्यटकिय स्थलहरुको सूचि<br>४) विवरण चार्ट |
| मूल्याङ्कन प्रक्रिया | १) तिम्रो छिमेकी वडाभित्र पर्ने मूख्य-मूख्य धार्मिक स्थलहरुको नाम भन ।<br>२) तिम्रो छिमेकी वडाभित्र पर्ने पर्यटकिय स्थलको अवलोकन गरेका छौ ? गरेको भए साथी समूहमा आपसी छलफल गरि लेख ।<br>३) डम्फुको सामान्य परिचय देऊ ।<br>४) पञ्चेवाजा भित्र कुन-कुन वाजाहरु पर्छन ? |
| अपेक्षित सिकाई उपलब्धि | १) आफ्नो र छिमेकि वडाभित्र पर्ने धार्मिक स्थलहरुको नाम भन्न,<br>२) पर्यटकिय स्थलहरुको सूचि बनाउन,<br>३) जात विषेश प्रयोग गर्ने वाजा तथा गितको पहिचान, |
| पाठ्यघण्टा | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| जातजाती भाषा र सामाजिक मूल्यमान्यता | १) स्थानिय जातजाती भाषा र सामाजिक मूल्यमान्यता | १) आफ्नो छिमेकी वडाभित्रका मूख्य जातजातीहरु,<br>२) आफ्नो छिमेकी वडाभित्र बसोवास गर्ने जातजातीहरुले बोल्ने भाषाहरु,<br>३) जातजातीले अवलम्वन गर्ने सामाजिक मूल्यमान्यता पास्नी,छेवर, ब्रतवन्ध, इहि प्रथा, विवाह, मृत्यु संस्कार, | १) प्रदर्शन<br>२) खोज<br>३) व्याख्यान<br>४) छलफल<br>५) बुदा टिपोट<br>६) प्रयोगात्मक | १) आफ्नो छिमेकी वडाभित्र भएका विभिन्न जातजाती(तामाङ, मगर, सुनुवार, थामी, क्षेत्रि, बाहुन, नेवार, कामी, दमाइ, सार्की, गिरी, भुजेल) बारेमा संक्षिप्त चिनारी दिने,<br>२) आफ्नो र छिमेकी वडाभित्र बोलिने भाषाहरुको पहिचान गर्ने, विद्यार्थीहरु विच सम्वाद गराउने, थप ज्ञानका लागि शिक्षकले आवश्यक सहजिकरण गर्ने ,<br>३) विभिन्न जातजातीले अवलम्वन गर्ने सामाजिक संस्कार(ढोग , नमस्कार, हात मिलाउने, मर्यादाक्रमको पालना, पालो पर्खने, मिलेर बस्ने) जस्ता कामलाई अभिनयद्धारा प्रश्ट्याउने,<br>४) सम्भव भएसम्म जातीय संस्कारको अवलोकन गराइ सो बारे विद्यार्थीको धारणा बुझि थप प्रश्ट्याउने, | १) विभिन्न जातजाती समेटिएको तुलनात्मक चार्ट<br>२) भाषिक सम्प्रदायहरुको सूचि,<br>३) विवाह, मृत्यु संस्कार झल्किने दृष्य सामग्री, | १) आफ्नो र छिमेकी वडाभित्र बसोबास गर्ने जातजातीको सूचि बनाऊ ।<br>२) जातजातिको भाषा पहिचान गरि तालिका बनाऊ ।<br>३) सामाजिक सद्भावका लागि गरिने प्रचलित मूल्य मान्यताहरुको जानकारी देऊ । | १) आफ्नो र छिमेकी वडाभित्र बसोबास गर्ने जातजातिको सूचि वनाउन,<br>२) जातजातिको भाषा पहिचान गरि तालिकाबद्ध गर्न,<br>३) सामाजिक सदभावको लागि गरिने प्रचलित मूल्य मान्यताको जानकारी दिन, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| घ्याङलेखको आयआर्जन र रोजगारी | १) आफ्नो र छिमेकी वडाको आयआर्जनका स्रोतहरु,<br>२) रोजगारीका क्षेत्रहरु, | १) आफ्नो र छिमेकी वडाभित्रका आयआर्जनका स्रोतहरुको पहिचान(तरकारी खेति, पर्यटन, जडिबुटी, व्यापार, काष्ठ उद्योग, ग्रिल उद्योग, सिलाइ बुनाइ, अदुवा खेति, पशुपालन, बेद बास, सम्वन्धी कामहरु,<br>२) छिमेकी वडाभित्र अपनाइने रोजगारीका क्षेत्र,(कृषि, पशुपालन, व्यापार, उद्योग धन्दा) | १) प्रदर्शन<br>२) प्रयोगात्मक<br>३) छलफल<br>४) अवलोकन | १) आफ्नो र छिमेकी वडाभित्रको आयआर्जनको स्रोतहरु पहिचान हुने खालका चार्ट प्रस्तुत गरि सिकाइ सहजिकरण गर्ने,<br>२) उत्पादनका श्रोतहरु के - के रहेछन् भनि विद्यार्थीलाई सोध्दै टिपोट गरि छुट भए शिक्षकले सहजिकरण गर्ने ,<br>३) सम्भव भएसम्म प्रत्यक्ष अवलोकन गराउने ।<br>४) रोजगारी अन्तर्गत पर्ने क्षेत्रहरु बुझे नबुझेको शिक्षकले थप सहजिकरण गर्ने, | १) आयआर्जनका श्रोतहरु खुलस्त पार्ने तालिका,<br>२) कृषि र व्यापार अन्तर्गत बहुआयामिक क्षेत्र झल्किने पोष्टर, चित्र, भिडियो, | १) आयआर्जनका श्रोतहरु पहिचान गरि त्यसको महत्व बताऊ ।<br>२) पेशासँग सम्वन्धीत औजारहरु चिनी त्यसको प्रयोगको क्षेत्र पहिल्याऊ ।<br>३) रोजगारी अन्तर्गतका पेशाबाट हुने फाइदाहरु बताऊ । | १) आयआर्जनका श्रोतहरु पहिचान गरि त्यसको महत्व बुझ्न,<br>२) पेशासँग सम्वन्धीत औजारहरु चिनी त्यसको प्रयोगको क्षेत्र पहिल्याउन,<br>३) रोजगारी अन्तर्गतका पेशाबाट हुने फाइदा र उपलब्धि बुझ्न, | १५ |

| | |
|---|---|
| क्षेत्र | पोषण ,खेलकुद ,नैतिक मुल्य शिक्षा र शारीरिक सुःस्वास्थ्य |
| विषयवस्तु | १) पोषण खेलकुद र शारीरिक सुःस्वास्थ्य<br>२) नैतिक मुल्य शिक्षा (सहयोग र सदभाव) |
| विषयवस्तुको विस्तृतीकरण | १) जङ्क फुडको परिचय र यसले स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव,<br>२) स्थानिय स्वस्थ्य खानेकुराको महत्व,<br>३) स्थानिय स्तरमा खेलिने खेलहरुको परिचय,(टोलिनेता चुन्ने, रुमाल लुकाइ, कबड्डी,<br>४) शारीरिक कसरत अन्तर्गत हातखुट्टा, कम्मरको व्यायाम,<br>५) घरपरिवार र साथी-साथी विच सहयोग र सदभाव प्रदर्शन, |
| सम्भावित शिक्षण विधि | १) प्रदर्शन<br>२) प्रश्नोत्तर<br>३) छलफल<br>४) अभिनय |
| सिकाई सहजीकरण क्रियाकलाप | १) जङ्क फुड (पत्रुखाना) को परिभाषा दिइ यसका नकारात्मक असरहरुबारे सोध्ने र थप कुराहरु शिक्षकले सहजिकरण गर्ने ।<br>२) जङ्क फुड अन्तर्गत पर्ने खानेकुराको सूचि बनाउन लगाउने र यि खानेकुरा अस्वस्थकर हुन्छ भनि घरमै बनाइने स्वस्थकर खानेकुराको महत्व प्रष्ट्याउने,<br>३) स्वस्थकर अस्वस्थकर खानेकुराको चित्र देखाइ स्वस्थकर खानेकुराको पहिचान गर्न लगाउने,<br>४) समूहगत रुपमा खेलिने टोली नेता चुन्ने र रुमाल लुकाउने खेलका बारे विद्यार्थीहरुलाई सामान्य ज्ञान दिई खेलको अभ्यास गराउने,<br>५) शारीरिक कसरत अन्तर्गत हात खुट्टा र कम्मर सम्वन्धी व्यायाम गराउने, ६) घर परिवार ,साथीभाइ विच सहयोगको भावना विकासका लागि लघु कथा,दृष्य चित्र,कार्यसूची प्रस्तुत, |
| शिक्षण सामग्री | १) जङ्क फुड (Junk food) सम्वन्धी पोष्टर<br>२) स्वस्थकर खानेकुरा समेटिएको चित्र,<br>३) खेल तथा व्यायामको लागि आवश्यक पर्ने सामग्री,<br>४) सघाइरहेका सदभाब पुर्ण काम झल्किने चित्र/तस्विर |
| मूल्याङ्कन प्रक्रिया | १) जङ्क फुड (Junk food) ले शारीरिक रुपमा पार्ने असरहरुको सूचि बनाऊ ।<br>२) घरमा बन्ने स्वस्थ खानाको महत्व लेख ।<br>३) खेलकुदबाट हुने फाइदाहरु बताऊ ।<br>४) घरमा आमालाई तिमी कसरी सघाउनु हुन्छ ? आदि |
| अपेक्षित सिकाई उपलब्धि | १) खान हुने र खान नहुने खानेकुराको पहिचान र फरक बोध गर्न,<br>२) खान नहुने खानेकुराले शरीरमा पार्ने नकारात्मक प्रभाव बुझ्न,<br>३) समूहमा खेलिने खेलले शारीरिक स्फूर्ति र मेलमिलापको भावना विकास गर्न,<br>४) हात खुट्टा र कम्मर तन्काइका व्यायाम बारे बुझ्न,<br>५) सहयोग र सदभाव झल्कने तुलनात्मक व्यवहार परिवर्तन अवलोकन, |
| पाठ्यघण्टा | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| परम्परागत ज्ञान, सीप र प्रविधि | १) स्थानिय परम्परागत ज्ञान, सीप र प्रविधि | १) स्थानिय परम्परागत ज्ञान, सीप र प्रविधिहरुको प्रयोग,(घोलेङ, घुम, डोको, डालो, टपरी) | १) प्रदर्शन ३) अभ्यास<br>२) प्रयोग ४) खोज | १) स्थानिय परम्परागत ज्ञान, सीप र प्रविधिबारे विद्यार्थीसँग आपसमा छलफल गर्दै उनिहरुले बुझेका सामग्री संकलन गर्ने,<br>२) स्थानिय प्रचलनमा रहेका(घोलेन, घुम, डोको, डालो, टपरी) को नमुन चित्र वा निर्मित सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने,<br>३) यस्ता सामग्री परम्परागत रुपमा रहेका प्रविधि हुन भनि बताउने, | १) घोलेन, घुम, डोको, डालो, टपरीको चित्र नमूना, | विद्यार्थीलाई स्थानिय सीप, प्रविधि, प्रयोग निर्माण गरिएका सामग्रीहरुको बारेमा थाहा भए नभएको बुझ्न निम्न प्रश्नावली तयार गर्ने,<br>१) घोलेन बनाउन के-के सामग्री चाहिन्छ ?<br>२) टपरी के-के काममा प्रयोग गरिन्छ ? ३) डोकोको चित्र बनाइ प्रस्तुत गर । | १) स्थानिय प्रचलनमा रहेका डालो, घुम, घोलेङ, टपरीको सहि सदुपयोग गर्न,<br>२) यी सामग्री बन्ने प्रक्रिया तथा कच्चा पदार्थको श्रोतबारे बुझ्न, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| सूचना तथा सञ्चार प्रविधि | १) कम्प्युटरको सामान्य परिचय,<br>२) कम्प्युटरको हार्डवेयर, | १) कम्प्युटरको उत्पति शब्द सहितको परिचय,<br>२) कम्प्युटर हार्डवेयर (कि बोर्ड, माउस, सि.पि.यु., मनिटर, माइक्रोफोन, स्पिकर) सँग परिचित, | १) प्रदर्शन<br>२) प्रयोग<br>३) छलफल<br>४) खोज | १) कम्प्युटरको परिचय दिने(कम्प्युटर विद्युतिय यन्त्र हो। यो ल्याटिन भाषाको Computare(कम्प्युटेयर) शब्द बाट कम्प्युटर नाम रहन गएको हो। यसलाई नेपालीमा शुसांख्य भनिन्छ,<br>२) कम्प्युटरका प्रमुख उपयोगिता बारे बताउने,<br>३) कम्प्युटरसँग सम्वन्धीत हार्डवेयर अन्तर्गतका दृष्य सामग्री प्रस्तुत गरि नामाकरण टिपोट गर्न लगाउने, | १) कम्प्युटरको नमूना चित्र,<br>२) कम्प्युटरको हार्डवेयर सम्वन्धी सामग्री झल्कने भिडियो, | १) कम्प्युटर भनेको के हो ?<br>२) कम्प्युटरका वाह्य अंगहरुका नाम भन । | १) कम्प्युटरको सामान्य परिचय दिन,<br>२) बाह्य भागहरु (हार्डवेयर) चिनेर त्यसको नाम भन्न, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| जडिबुटी | १) आफ्नो र छिमेकी वडाभित्र पाइने औषधीजन्य जडिबुटी<br>२) जडिबुटीका उपयोगिता र फाइदा, | १) आफ्नो र छिमेकी वडाभित्र पाइने औषधिजन्य जडिबुटीको पहिचान(तुलसी, बोजो, हर्रो, बर्रो, अमला, सत्यजीवन),<br>२) उपलब्ध जडिबुटीको प्रयोग तथा उपयोगिता, | १) प्रदर्शन<br>२) प्रयोग<br>३) छलफल<br>४) खोज | १) विद्यार्थीहरूलाई छिमेकी वडाभित्र पाइने औषधिजन्य जडिबुटी पहिचान गर्न सहयोग गर्ने, स्थानीय अग्रजहरूको सहायतामा औषधिजन्य जडिबुटीबारे समुचित जानकारी गराउने<br>२) स्थानिय स्तरमा पाइने(तुलसी, बोजो, हर्रो, बर्रो, अमला, सत्यजीवन) जडिबुटीहरु संकलन गरि कक्षाकोठामा नमूना प्रस्तुत गर्दै विद्यार्थीहरूको सिकाइ सहजिकरण गर्ने,<br>३) स्थानिय स्तरमा उपलब्ध हुने यस किसिमका जडिबुटीहरूले शरीरमा लाग्ने बिभिन्न रोगहरु नियन्त्रण गर्न सहयोग गर्छ भनि बताइदिने,(रुघा खोकी, ग्यास्ट्रिक)<br>४) उपरोक्त जडिबुटी प्रयोग गर्दा कुनै किसिमको शारीरिक असर नगर्ने कुरा प्रष्ट्याइ दिने, | १) स्थानिय स्तरमा उपलब्ध जडिबुटीहरूको नमूना संकलन,<br>२) हर्रो, बर्रो, अमला जस्ता जडिबुटीहरूको चित्र, | १) आफ्नो र छिमेकी वडाभित्र पाइने मुख्य जडिबुटीको नाम भन ।<br>२) तुलसीको उपयोगिता बताऊ ।<br>३) अमलाको स्वाद कस्तो हुन्छ ? बताऊ । | १) आफ्नो र छिमेकी वडाभित्र पाइने औषधीजन्य जडिबुटीबारे थाहा पाउन,<br>२) यसको प्रयोगले हुने फाइदा बताउन,<br>३) सामान्य किसिमका रोगबाट बच्न सकिन्छ भन्ने धारणा बताउन, | १५ |

| | |
|---|---|
| क्षेत्र | विपद् व्यवस्थापन र सुरक्षा |
| विषयवस्तु | १) चट्याङ तथा भुकम्प<br>२) चट्याङ तथा भुकम्पबाट सुरक्षा र सावधानी |
| विषयवस्तुको विस्तृतीकरण | १) चट्याङ तथा भुकम्पको सामान्य परिचय,<br>२) चट्याङ तथा भुकम्पको कारण र असर,<br>३) भुकम्प र चट्याङबाट बच्ने उपाय, |
| सम्भावित शिक्षण विधि | १) अभिनय<br>२) प्रश्नोतर<br>३) छलफल<br>४) प्रदर्शन |
| सिकाई सहजीकरण क्रियाकलाप | १) चट्याङ तथा भुकम्प सम्वन्धी विषयमा कक्षाभित्र समूहगत छलफल गराउने ,<br>२) चट्याङ तथा भुकम्प सम्बन्धी घटनाका अनुभवहरु एक अर्कामा साटासाट गर्न लगाउने,<br>३) थप प्रष्ट्याइको लागि शिक्षकले सहजिकरण गरिदिने ,<br>४) चट्याङ तथा भुकम्पबाट बच्ने उपायहरु विद्यार्थीहरुलाई भन्न प्रोत्साहित गर्दै थप उपायहरु शिक्षकले सहजिकरण गरिदिने  जस्तै :(भकम्पबाट बच्न मानव निर्मित भौतिक संरचना बलियो वनाउने, भुकम्प जादा नआतिइ  सुरक्षित स्थानमा बस्ने , भुकम्प रोकिने वितिकै छिटो भन्दा छिटो तोकिएको खुल्ला स्थानमा गई बस्न प्रेरित गर्ने, म्गअप अयखभच जयमि को अभ्यास गराउने, चट्याङ हुरी बतास सहित पानी पर्दा विद्युतिय सामाग्री बन्द गर्ने यस्तो समयमा जथाभावी हिडडुल नगर्ने ठूलो रुखहरुमा ओत नलाग्ने, घर तथा विद्यालय अर्थिङ गरि सुरक्षित गर्नुपर्छ भनि बताउने, |
| शिक्षण सामग्री | १) भुकम्प आउदा खिचिएको भिडियो,<br>२) भुकम्प पछि क्षति भएका संरचनाका चित्रहरु,<br>३) भुकम्प र चट्याङबाट बच्ने उपायहरुको सूचि, |
| मूल्याङ्कन प्रक्रिया | १) भुकम्प भनेको के हो ?<br>२) भुकम्प जादा बच्ने उपायहरु बताऊ ।<br>३) चट्याङ कस्तो विपद् हो ?<br>४) चट्याङबाट बच्न के कस्ता उपाय अपनाउन सकिन्छ ?<br>५) भुकम्पबाट हुने मानवीय क्षति कसरी न्युनिकरण गर्न सकिन्छ ? |
| अपेक्षित सिकाई उपलब्धि | १) भुकम्प र चट्याङको सामान्य परिचय दिन,<br>२) भुकम्प र चट्याङबाट बच्ने उपाय बताउन ,<br>३) भुकम्पबाट बच्न म्गअप अयखभच जयमि को अभ्यास गर्न, |
| पाठ्यघण्टा | १५ |

# कक्षा : ४

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| घ्याङलेखको परिचय | १) घ्याङलेख गा.पा. भित्रका वडाहरुको परिचय,<br>२) गाउँपालिका भित्रका वडाहरुको बिभाजन,<br>३) प्राकृतिक श्रोतहरुको चिनारी, | १) घ्याङलेख गा.पा. भित्रका वडाहरुको परिचय,<br>२) गाउँपालिका भित्रका वडाहरुको बिभाजन,<br>३) प्राकृतिक श्रोतहरुको चिनारी र तुलना | १) प्रदर्शन<br>२) छलफल<br>३) प्रयोग तथा अभ्यास<br>४) व्याख्यान | १) घ्याङलेख गा.पा. को नक्सा/सम्भव भए Laptop को सहायताले Google Earth/Map बाट नक्सा कक्षाकोठामा प्रस्तुत गरी वडाहरुको विशेषता सहित परिचय दिने,<br>२) गा.पा. भित्ररहेका सबै वडाहरुको साध सिमाना तथा नक्साङकन प्रक्रियालाई मुख्य-मुख्य बस्तिहरु देखाइ पहिचान गर्दै आकार पहिल्याउन लगाउने,<br>३) गा.पा. भित्र रहेका प्रमुख प्राकृतिक श्रोतहरु जस्तै : नदिनाला, वनजंगल, जस्ता प्राकृतिक स्रोत तथा तिनिहरुका सामान्य विशेषता सहित शिक्षण प्रकृयालाई सहजिकरण गर्ने, आवश्यकतानुसार क्षेत्रभ्रमणद्वारा शिक्षण गर्ने,<br>४) ट्रेसिङ विधिबाट घ्याङलेखको पूर्ण नक्सा कोर्ने अभ्यास गराउने र फरक-फरक रङ भरी वडा विभाजन गर्न लगाउने, | १) घ्याङलेखको पूर्ण नक्सा प्रमुख नदिनालाहरुको नाम सूचि साविकका गाविस हरु समेटिएको पूर्ण नक्सा, अन्य सन्दर्भ सामग्री,<br>२) Google Earth/Map | घ्याङलेख गा.पा.को समग्र चिनारी दिनको लागि देहाय बमोजिमका प्रश्नहरु सोध्ने।<br>१) घ्याङलेख गा.पा.भित्र कति वटा वडाहरु छन् ?<br>२) घ्याङलेख गा.पा.भित्र रहेका प्रमूख नदिहरु कुन-कुन हुन ?<br>३) साविकका कतिवटा गा.वि. हरु रहेका थिए ? | १) गा.पा.को परिचय दिन,<br>२) गा.पा. भित्र रहेका वडाहरुको साध सिमाना छुट्याउन,<br>३) गा.पा.भित्र रहेका प्राकृतिक श्रोतहरुको सूचि बनाउन,<br>४) घ्याङलेख गा.पा. को नक्सा बनाउन, | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| धर्म कला सस्कृति र पर्यटन | १) धर्म<br>२) कला र संस्कृति<br>३) पर्यटन | १) घ्याङलेख गा.पा. भित्र बसोवास गर्ने मानिसहरुले मान्ने मूख्य धर्म,<br>२) पालिकाको गित<br>३) घ्याङलेख गा.पा. भित्र बसोबास गर्ने मानिसहरुले अवलम्वन गर्ने प्रमूख संस्कृति,<br>४) घ्याङलेखको पर्यटन, | १) प्रदर्शन<br>२) व्याख्यान<br>३) छलफल<br>४) प्रयोग<br>५) खोज<br>६) प्रश्नोत्तर | १) घ्याङलेख गा.पा. भित्र बसोवास गर्ने मानिसहरुले मान्ने मूख्य धर्महरुको बारेमा बताउने,(हिन्दु, बौद्ध, इसाई, किरात घ्याङलेख गा.पा. भित्र बसोबास गर्ने मानिसहरुले धर्म अनुसार फरक-फरक पर्व र सस्कारहरु अवलम्वन गर्ने कुरा प्रष्ट्याउने(बौद्ध : बुद्धजयन्ती, ल्होछार, हिन्दु : दशै, तिहार, तिज, इसाइ: क्रिसमस, किरात : उधौली, उभौली, का साथै गा.पा. भित्र रहेका धार्मिक स्थलहरु (कक्षा ३ मा रहे अनुसार) व्याख्या गर्ने आवश्यकता अनुसार थप घट गर्दै जाने,<br>२) पालिकाले तयार पारिएको तामाङ गितको लेखन ,अभ्यास तथा गितमा अभिनय गराउने ।<br>३) घ्याङलेख भित्र रहेका पर्यटकिय स्थलहरुको बारेमा विस्तृत व्याख्या गर्ने,<br>क) फापरचुली खर्सुलेक वनभोज स्थल<br>ख) सहिद स्मारक<br>ग) लखाङ गुम्बाडाँडा<br>प्राकृतिक बोभ्रो उत्पादन श्रेत्र (मुढेधारा वडा नं. १) आदि पर्यटकिय स्थलहरुको बारेमा जानकारी गराउने | १) घ्याङलेख गा.पा.को प्रमूख धर्महरु समेटिएको चार्ट,<br>२) पालिकाको गितको लागि थ्यगतगदभ मा घ्याङलेख गाउँपालिकाको तामाङ पालिकागत गित सर्च गरी अडियो सामाग्री ।<br>३) धार्मिक , सांस्कृतिक , पर्यटकिय स्थलहरुको पहिचान खुल्ने नाम सूचि फोटो,<br>४) चाडपर्व अनुसारका पोष्टर चित्र, | १) घ्याङलेख गा.पा.भित्र मान्ने प्रमूख धर्महरुको नाम भन ।<br>२) पालिकाको तामाङ गित लेख ।<br>३) घ्याङलेख गा.पा. भित्रको प्रमूख पर्यटकिय स्थलहरुको सूचि बनाऊ ।<br>४) बाजो उत्पादन क्षेत्र कहा पर्दछ ?<br>५) हिन्दुहरुले मान्ने प्रमूख चाडपर्वहरु के-के हुन ? | १) घ्याङलेख गा.पा.भित्र मान्ने प्रमूख धर्महरुको बारेमा बताउन,<br>२) पालिकाको तामाङ गितमा अभिनय गर्न ,<br>२) घ्याङलेख गा.पा.भित्र रहेका प्रमूख धार्मिक पर्यटकिय, सांस्कृतिक स्थलहरुको बारेमा अवलोकन गर्न,<br>३) धर्म अनुसार फरक सांस्कृतिक पर्वहरु मान्ने, गरेका कुरा बोध गर्न, | १२ |

| | |
|---|---|
| क्षेत्र | जातजाती भाषा र सामाजिक मूल्यमान्यता |
| विषयवस्तु | १) स्थानिय जातजाती : (मगर,नेवार र अन्य)<br>२) स्थानिय भाषाभाषी<br>३) सामाजिक मूल्य मान्यता |
| विषयवस्तुको विस्तृतीकरण | १) घ्याङलेख गा.पा.भित्र बसोबास गर्ने जातजातीहरुको विवरण,<br>२) घ्याङलेख गा.पा.भित्र बसोबास गर्ने नेवार र मगर जातिको सामान्य परिचय,<br>३) घ्याङलेख गा.पा.भित्र बोलिने भाषाहरु,<br>४) घ्याङलेख गा.पा.भित्रका सामाजिक मूल्य मान्यता |
| सम्भावित शिक्षण विधि | १) प्रदर्शन<br>२) व्याख्यान<br>३) छलफल<br>४) प्रयोग<br>५) खोज<br>६) प्रश्नोत्तर |
| सिकाई सहजीकरण क्रियाकलाप | १) घ्याङलेख गा.पा.भित्र बसोबास गर्ने विभिन्न जातजातीहरुको सामान्य परिचय सहित संक्षिप्त चिनारी दिने,जस्तैः (तामाङ, मगर, सुनुवार, नेवार, थामी, क्षेत्री, बाहुन, कामी, दमाइ, सार्की, गिरी, भुजेल)<br>२) स्थानीय वुढापाकालाई स्रोत सामाग्रीको रुपमा उपयोग गरी नेवार र मगर जातिको ऐतिहासिकसंक्षिप्त परिचय दिन लगाउन पनि सक्नेछन् साथै शिक्षकले सो जातको बारेमा उत्प्रेरित गर्ने र गल्ती कमजोरीको महसुस गर्न लगाई जातिय स्पष्ट दृष्टिकोण वनाउन सहजीकरण गर्ने ।<br>२) घ्याङलेख गा.पा.भित्र बोलिने भाषाहरुको सूचि बनाइ भाषिक समूह मातृभाषा बारे प्रष्ट्याउने,<br>तामाङ - तामाङ भाषा<br>मगर - मगर भाषा<br>सुनुवार - सुनुवार भाषा<br>थामी - थामी भाषा<br>नेवार - नेवारी भाषा<br>क्षेत्रि, बाहुन, कामी, दमाइ, गिरी, भुजेल - नेपाली<br>३) घ्याङलेख गा.पा. मा रहेका जातजाती र भाषा अनुसारको सामाजिक मूल्य मान्यताको बारेमा सामान्य जानकारी दिइने , जस्तै :<br>तामाङ - आफ्नै पहिचान खुल्ने भेषभुषा र संस्कार<br>मगर - " " "<br>सुनवार - " " "<br>थामी - " " "<br>नेवार - " " "<br>क्षेत्री - " " " |
| शिक्षण सामग्री | १) घ्याङलेख गा.पा.भित्र रहेका सबै जातजातिहरुको सूचि<br>२) घ्याङलेख गा.पा.भित्र बोलिने भाषाको चार्ट<br>३) नेवार र मगर जात झल्कने फोटो/तस्विर, |
| मूल्याङ्कन प्रक्रिया | १) घ्याङलेख गा.पा.भित्र रहेका प्रमुख जातजातीहरुको नाम लेख ।<br>२) यस गा.पा.भित्र के कस्ता भाषाहरु बोलिन्छ? लेख।<br>३) मगर वा नेवार जात मध्ये आफुसंग वाढी चिरपरिचित जात विशेष एक अनुच्छेद/प्रतिवेदन ढाँचा तयार पार । |
| अपेक्षित सिकाई उपलब्धि | १) घ्याङलेख गा.पा.भित्र रहेको जातजातीको बारेमा थाहा पाउन,<br>२) घ्याङलेख गा.पा.भित्र बोलिने मातृ भाषाको बारेमा बोध गर्न,<br>३) घ्याङलेख गा.पा.भित्र रहेका दोस्रो र तेस्रो बढि संख्यामा रहेका जातको वाहुल्यता र संख्या स्पष्ट हुन,<br>४) घ्याङलेख गा.पा.भित्र रहेका जातजाती र भाषा अनुसार आ-आफ्नै मूल्य मान्यता भएको तथ्य प्राप्त गर्न, |
| पाठ्यघण्टा | १८ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| घ्याङलेखको आयआर्जन र रोजगारी | १) घ्याङलेखको आयआर्जन तथा रोजगारीका मुख्य स्रोत र क्षेत्रहरु | १) घ्याङलेखको आयआर्जनका प्रमुख स्रोतहरु , कृषि, व्यापार, उद्योग, पर्यटन, नोकरी, वैदेशिक रोजगार, | १) प्रदर्शन ३) छलफल<br>२) व्याख्यान ४) प्रश्नोत्तर | १) घ्याङलेखको आयआर्जनका मुख्य श्रोत तथा रोजगारीको बारेमा सामान्य जानकारी दिने र त्यसको महत्व बताउने,<br>२) आयआर्जन र रोजगारीको बारेमा विद्यार्थीहरुलाई बुझे नबुझेका कुराहरु व्यक्तिगत तथा समूहमा सोधि आवश्यक भए थप सहजिकरण गर्ने, | १) आयआर्जन र रोजगारी खुल्ने श्रोतहरुको सूचि<br>२) आयआर्जन र रोजगारीको महत्व बारे बुँदा टिपोट गरिएको चार्ट | १) घ्याङलेख भित्रका आयआर्जन र रोजगारीका श्रोतहरु भन ।<br>२) आयआर्जन र रोजगारीका श्रोतहरु बताऊ । | १) रोजगारीका प्रमुख श्रोतहरु बताउन,<br>२) आयआर्जन र रोजगारीका क्षेत्रको महत्व बुझ्न, | १२ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| पोषण, खेलकुद, नैतिक मुल्य शिक्षा र शारीरिक सु:स्वास्थ्य | १) पोषण ,खेलकुद र शारीरिक सु:स्वास्थ्य<br>२) नैतिक मुल्य शिक्षा ( सहयोग र अनुशासन ) | १) वजारमा उपलब्ध विभिन्न जङ्क फुडको प्रयोगले हुने शारीरिक र मानसिक असर,<br>२) स्थानिय अन्न वाली, फलफूल, तरकारी तथा दुध्ध पदार्थ खाजा, खाना, र पेय पदार्थ निर्माण तरिका त्यसको महत्व र फाइदा,<br>३) स्थानिय स्तरमा खेलिने विभिन्न खेलहरु र त्यसको महत्व,<br>४) खेलकुद र शारीरिक तन्दुरुस्तीको लागि विभिन्न योगहरु- बज्रासन, मर्कटासन, को परिचय,<br>५) परिवार छरछिमेकमा गरिनेसहयोगको प्रकृति र अनुशासन | १) प्रदर्शन<br>२) योग अभ्यास<br>३) छलफल<br>४) प्रश्नोत्तर<br>५) खोज अन्वेषण | १) बजारमा पाइने विभिन्न जङ्क फुडको प्रयोगबाट हुने शारीरिक र मानसिक असरको बारे सोध्ने, विद्यार्थीहरुको रायलाई सेतोपाटीमा टिप्दै जाने र अरु शिक्षकले थप्दै जाने,<br>२) शारीरिक र मानसिक तन्दुरुस्तीको लागि घ्याङलेख गा.पा. भित्रका स्थानिय अन्नवाली, तरकारी, फलफूल , दुध्ध पदार्थ, निर्माण तरिका त्यसको महत्व र फाइदाको बारेमा सोधी शिक्षकले सहजिकरण गर्ने, मेच घुमाई खेल नियमानुसार खेल्न सहजिकरण गर्ने,<br>३) शारीरिक सु:स्वास्थ्यको लागि बज्रासन, मर्कटासनको अभ्यास गर्ने र गराउने,<br>४) परिवार छरछिमेकमा गरिने सहयोगको प्रकृति कक्षामा सुनाउन र टिपोट गर्न लगाउने चित्र वर्णम गर्न लगाउनुका साथै आफ्नो कपडा आफै मिलाउने,लुगा धुने,काम प्रति जिम्मेवार भइ उचित अभिवादन गर्न लगाउने । | १) जङ्क फुडले पुर्‍याउने असरहरुको चार्ट पोष्टर<br>२) स्थानिय अन्नवालीको महत्व फाइदा झल्काउने बुदा टिपोट,<br>३) मेच घुमाइ खेल खेलिएको दृष्य चित्र,<br>४) बज्रासन र मर्कटासनको बारेमा स्पष्ट पार्ने दृष्य सामग्री<br>५) सहयोग गर्दै गरेका दृष्य चित्र तथा अन्य | १) जङ्क फुडले के कस्ता असर पुर्‍याउछ ?<br>२) स्थानिय अन्नवालीको महत्व भन ।<br>३) मेच घुमाइ खेल कसरी खेलिन्छ ?<br>४) बज्रासन गर्ने तरिका भन ।<br>५) अनुशासन भित्र पर्ने कुनै ५ कुरा भन्नुहोस ।<br>६) तिमीले छरछिमेकमा गरिने कुनै ३ ओटा काम भन । | १) जङ्क फुडले पार्ने शारीरिक र मानसिक असर बताउन,<br>२) शारीरिक र मानसिक विकासका लागि स्थानिय तहमा उत्पादित खानेकुराको महत्व बुझ्न र मेच घुमाई खेल खेल्न,<br>३) बज्रासन र मर्कटासनको अभ्यास गर्न,<br>४) अनुशासित व्यवहार प्रस्तुत गर्न, | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| परम्परागत ज्ञान, सीप र प्रविधि | १) घ्याङलेख गा.पा.को परम्परागत ज्ञान, सीप र प्रविधि | १) घ्याङलेख गा.पा.का परम्परगत ज्ञान, सीप र प्रविधिहरुको परिचय प्रयोग र महत्व(पानी घट्ट, जातो, ढिकी, ओखल, कोल(चेपुवा) | १) प्रदर्शन<br>२) छलफल<br>३) प्रत्यक्ष अवलोकन | १) घ्याङलेख गा.पा. भित्र रहेका परम्परागत ज्ञान, सीप र महत्वको बारेमा सोध्ने र उनिहरुले भनेको कुरा बुदा टिपोट गरि थप प्रष्ट पार्नका लागि शिक्षकले परिचय ,महत्व सहितको प्रयोग र काम सहितको विश्लेषण गरि स्पष्ट पारिदिने,<br>२) स्थानिय परम्परागत ज्ञान, सीप र प्रविधिबारे प्रत्यक्ष अवलोकन गराइ बुझ्ने बातावरण सृजना गरि दिने , | १) स्थानिय परम्परागत ज्ञान, सीप र प्रविधि झल्काउने पोष्टर तथा चित्र,<br>२) सामान्य परिचय दिने खालको बुदा टिपोट,<br>३) स्थानिय परम्परागत ज्ञान, सीप र प्रविधि सम्वन्धी महत्व समेटिएको चार्ट, | १) पानी घट्टको काम के हो ?<br>२) ढिकी कस्तो प्रविधि हो ?<br>३) जातोबाट के कस्ता खाद्यबस्तु पिस्न सकिन्छ ? | १) स्थानिय प्रविधिको प्रयोग गरि त्यसबाट हुने काम बुझ्न,<br>२) स्थानिय परम्परागत प्रविधिको महत्व बुझ्न, | १२ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| सूचना तथा सञ्चार प्रविधि | १) कम्प्युटरको परिचय,<br>२) हार्डवेयर<br>३) टाइपिङ<br>४) वर्ड प्रोसेसिङ सफ्टवेयर | १) कम्प्युटरको परिचय र काम गर्ने सिद्धान्त,<br>२) हार्डवेयर अन्तर्गत इन्पुट र आउटपुट डिभाइसको चिनारी,<br>३) टाइपिङ प्रोग्रामको परिचय, खोल्ने विधि होम कि को पहिचान र अभ्यास,<br>४) वर्ड प्रोसेसिङ सफ्टवेयरको परिचय, | १) प्रयोगात्मक<br>२) अवलोकन<br>३) खोज तथा अन्वेषण<br>४) प्रदर्शन | १) सूचना सञ्चार प्रविधि अन्तर्गत रहेको कम्प्युटरको विश्लेषणात्मक परिचय गर्दै यसले गर्ने कामको बारेमा विद्यार्थीहरुसँग बुझ्ने र शिक्षकले थप प्रष्ट पारिदिने,<br>२) कम्प्युटरको इन्पुट आउटपुट डिभाइस भनेको के हो भनि सोध्ने र तालिकाको प्रयोग गरि उक्त कार्यमा हुने प्रकृया वारेमा शैक्षिक सामग्रीको रुपमा कम्प्युटरको भागहरु अंकित चित्र प्रदर्शन गरि त्यसको पहिचान गर्न लगाउने,<br>३) वर्ड प्रोसेसिङ सफ्टवेयरको सामान्य परिचय खुलाइ दिने,<br>४) टाइपिङ प्रोग्रामको सामान्य परिचय दिई खोल्ने र होम कि को सामान्य प्रयोग गर्दै निर्देशनात्मक सब्दहरुमा प्रयोगात्मक अभ्यास गराउने, | १) प्रत्यक्ष अवलोकनका लागि कम्प्युटर,<br>२) इनपुट र आउटपुट डिभाइस तथा यसको दृष्य चित्र वर्ड प्रोसेसिङ तथा टाइपशाला सफ्टवेयर, | १) कम्प्युटरको इनपुट र आउटपुट डिभाइसको कार्य बताऊ ।<br>२) वर्ड प्रोसेसिङ सफ्टवेयरको परिचय देऊ ।<br>३) टाइपिङ प्रोग्रामबारे बुझेका कुरा भन ।<br>४) होम कि मा कुन कुन अक्षरहरु पर्छ ? | १) कम्प्युटर र यसको प्रयोग बुझ्न,<br>२) कम्प्युटरको इनपुट र आउटपुट प्रकृयाको प्रयोग थाहा पाउन,<br>३) होम कि को प्रयोग गरि हुने काम बुझ्न,<br>४) वर्ड प्रोसेसिङको परिचय दिन, | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| जडिबुटी | १) घ्याङलेख भित्र पाइने औषधिजन्य जडिबुटीहरु त्यसको महत्व, र कार्यहरु, | १) घ्याङलेख भित्र पाइने औषधिजन्य जडिबुटीहरुको चिनारी महत्व र यसका कार्यहरु (अदुवा, बेसार, बन/हाडे लसुन,) बहुउपयोगी जडिबुटी, | १) प्रदर्शन<br>२) छलफल<br>३) खोज अन्वेषण<br>४) अवलोकन<br>५) प्रयोगात्मक | १) घ्याङलेख भित्र पाइने औषधिजन्य जडिबुटीको चिनारी महत्वको वारेमा सोधी विद्यार्थीहरुको रायलाई बुदा टिपोट गर्ने,<br>२) अदुवा, बेसार, बन लसुन, जस्ता औषधिजन्य जडिबुटी बहुउपयोगी हुन्छन् भनि बताउने, र यसका कार्यहरु सोधि स्पष्ट पारिदिने,<br>अदुवा, बेसार - रुघाखोकी<br>बन लसुन - ग्याष्ट्रिक<br>३) उल्लेखित औषधीजन्य जडिबुटीको बारेमा विद्यार्थीहरुलाई थाहा भए नभएको बुझि शिक्षकले टिपोट तालिका प्रयोग गरि थप सहजिकरण गरि दिने,<br>४) अदुवा, बेसार, बन लसुन जस्ता औषधिजन्य जडिबुटी उत्पादित क्षेत्र पहिचान गरि पत्यक्ष अवलोकन र भ्रमण गराउने, | १) औषधीजन्य जडिबुटीको नाम, सूचि ,पोष्टर<br>२) प्रत्यक्ष अवलोकनका लागि नमूना, | १) अदुवा र बेसारको काम लेख ।<br>२) बन लसुन के को लागि प्रयोग गरिन्छ ? | १) अदुवा, बेसार, बन लसुन जस्ता जडिबुटीको काम र महत्व बुझ्न, | १२ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन र सुरक्षा | १) वन्यजन्तुको आक्रमण,<br>२) सावधानी तथा सुरक्षा | १) घ्याङलेख गा.पा. भित्र हुने वन्यजन्तुको आक्रमण,<br>२) घ्याङलेख गा.पा.भित्र हुने विभिन्न वन्य जन्तुहरु : बदेल, भालु, बाँदर, चित्तुवा जस्ताबाट सावधानी र सुरक्षा | १) प्रदर्शन<br>२) छलफल<br>३) खोज अन्वेषण<br>४) व्याख्यान<br>५) प्रश्नोत्तर | १) घ्याङलेख गा.पा. भित्र पाइने विभिन्न वन्य जन्तुहरु जस्तैः बदेल, भालु, चित्तुवा, बाँदर, जस्ता हिंस्रक जनावरहरुले खेतिपाति, मानवीय क्षति पु-याउने कुरा विद्यार्थीहरुलाई उदाहरण सहित सहजिकरण गर्ने (विद्यालय आउदा जाँदा, दाउरा घास गर्दा, खेतिपाती लगाउने र उठाउने समयमा)<br>२) यस्ता हिस्रक जनावरहरुबाट हुने मानवीय तथा उत्पादित अन्न बालिमा हुने क्षति कम गर्न अपनाउन सकिने सावधानी होसियारी र सुरक्षाका उपाय अवलम्बन गर्न सकिने कार्यका बारे कक्षा कार्यकलाप मार्फत शिक्षकले स्पष्ट पारि दिने, | १) हिंस्रक जनावरहरुको चित्रहरु,<br>२) सावधानी र सुरक्षाका उपायहरु समेटिएको तालिका, | १) कस्ता जनावरहरु हिंसक हुन्छन् ?<br>२) हिंस्रक जनावर देखेका छौं ?<br>३) हिंस्रक जनावरबाट कसरी बच्न सकिन्छ ? | १) हिंस्रक जनावरहरु थाहा पाउन,<br>२) यसबाट बच्ने सावधानी र सुरक्षाका उपाय अवलम्बन गर्न, | १२ |

# कक्षा : ५

| | |
|---|---|
| क्षेत्र | घ्याङलेखको परिचय |
| विषयवस्तु | १) घ्याङलेख र छिमेकमा रहेका गा.पा. र न.पा. को सामान्य अवस्थाको चिनारी<br>२) घ्याङलेख र छिमेकमा रहेका स्थानिय तहहरुको सामान्य परिचय, |
| विषयवस्तुको विस्तृतीकरण | १) घ्याङलेख गा.पा.र छिमेकमा रहेका गा.पा.र न.पा. को सामान्य परिचय,<br>२) घ्याङलेखको नक्सामा यसको चार सिमानामा पर्ने स्थानिय तहहरुको सामान्य जानकारी,<br>३) घ्याङलेखको नक्सामा यहाका मूख्य नदि जंगल तथा पहाडी क्षेत्र र मूख्य वस्तिहरु देखाउन, |
| सम्भावित शिक्षण विधि | १) खोज अन्वेषण<br>२) नक्सा कार्य<br>३) छलफल<br>४) व्याख्यान<br>५) प्रश्नोत्तर |
| सिकाई सहजीकरण क्रियाकलाप | १) घ्याङलेखको नक्सा/सम्भव भए Laptop को सहायताले Google Earth/Map बाट नक्सा कक्षाकोठामा प्रस्तुत गरी यसको चार सिमानामा पर्ने स्थानिय तहहरु उल्लेख गर्दै सामान्य परिचय दिने, जस्तै:(कमलामाइ न.पा., सुनकोशी गा.पा., रोशी गा.पा., महाभारत गा.पा., मरिण गा.पा.) रहेको कुरा विभिन्न सामग्री प्रयोग गरि सहजिकरण गर्ने,<br>२) घ्याङलेख गा.पा.को पूर्ण नक्सा कोरी यहाँ रहेका सबै वडाभित्रका मूख्य नदि, जंगल तथा बस्तिहरुलाई उचित संकेत प्रयोग गरि देखाउने साथै विद्यार्थीहरुमा यसको धारणा स्पष्ट पारिदिने , जस्तै : (नदिहरु : सिम्लेखोला, मरिणखोला, तामाजोर खोला, रामपुर खोला आदि,<br>जंगलहरु : झल्कने सामुदायिक क्षेत्र, कालिवन सामुदायिक बन क्षेत्र, रानीवास सामुदायिक बन क्षेत्र, महाभारत वन क्षेत्र, रातुगुराँसे वनक्षेत्र, सुन्दर सामुदायिक वन क्षेत्र, वर्णेखोला सामुदायिक वन क्षेत्र, रमिते बुदुमचुली सामुदायिक वन क्षेत्र,<br>३) मुख्य बस्तिहरु :<br>वडा नं. १ मा, सिम्ले, बुक्ति , पदमास, कोलटार, बछिउटार, लाम्दी, थलागाँउ, अमले, छरछरे, सुकाचुरी, डोटे, रजबास, टुनिभञ्ज्याङ्ग आदि ।<br>वडा नं.२ मा, हिर्दिङ, हायुटार, चिउरीवास, भोक्टेनी, खोलागाउँ, बस्तिपुर, भैंसे, चारघरे, अधेरी, सल्लेगैरि, चन्दनपुर, मरिण फूलवारी, केरावारी, काउले बसेरी, मतिपुर आदि ।<br>वडा नं. ३ मा, रातुगुँरासे, कोलटार, पचभैयाँ, सिरिसे, लप्से मझुवा, टेकनपुर, तामाजोर, चौकिटार,राखल, केरावारी, पाँचघरे, माथिल्लो आहाले, आरुबोट मानेडाँडा आदि ।<br>वडा नं.४ मा, तल्लो आहाले , कालिखोला, कँवासे, छविसे, बबिसे, मस्राङ्गे, बोक्से, बेलबोट, बारविसे, आँपडाँडा सिम्ले, भैंसे, सिम हायुटार, सुब्बाडाँडा, भोटथुम, जुरे, बन्दिपुर, चौकिडाँडा, गोपे, रामभेँडे, शिखरपुर, मझुवा, सिरुटार, गोठडाँडा आदि ।<br>वडा नं. ५ मा, रामपुर, रातु , अर्चले बुदुमचुली, राङचा, ओदाले, भदौरेचौर, अल्छिविसौना, साइटार, वाङ्गे, दखिने, डोँठे, दाह्रीगाँउ, रैका, ज्ञानडाँडा, विविरे, थाङसिङ्गे, सान्धाने, चैनपुर, सिंपाल , रानागाउँ, रामपुरडाँडा, ठकुरीडाँडा, गर्के, बगरटोल,बेसीटोल,पाखुरे आदि । |
| शिक्षण सामग्री | १) घ्याङलेखको नक्सा,<br>२) नेपालको भुभाग छुट्टिएको नक्सा,<br>३) छिमेकमा रहेका स्थानिय तह पहिचानका लागि स्थानिय तह छुट्याइएको नक्सा तथा अन्य सन्दर्भ सामग्री,<br>४) Google Earth/Map. |
| मूल्याङ्कन प्रक्रिया | घ्याङलेख गा.पा. र यसको छिमेकमा रहेका स्थानिय तहहरु चिन्ने साथै गा.पा.भित्र पर्ने मूख्य बस्तिहरु, नदिनाला र वनजंगलको वारेमा जानकारी प्राप्त गरे नगरेको मूल्याङकनका लागि निम्न प्रश्नहरु सोध्न सकिने ।<br>१) घ्याङलेखको पुर्ण तर्फ कुन स्थानिय तह पर्दछ ?<br>२) घ्याङलेखलाई कति वटा स्थानिय तहले छोएको छ ?<br>३) घ्याङलेखको नक्सा कोरी कुनै दुइवटा नदि र वस्ति देखाऊ । |
| अपेक्षित सिकाई उपलब्धि | १) घ्याङलेख गा.पा.को नक्सा बनाइ मुख्य नदिनाला, बनजंगल तथा बस्तिहरु देखाउन,<br>२) घ्याङलेखको छिमेकमा रहेको गा.पा. तथा न.पा. को नाम बताउन, |
| पाठ्यघण्टा | १५ |

| | |
|---|---|
| क्षेत्र | धर्म, कला सस्कृति र पर्यटन |
| विषयवस्तु | १) धर्म सस्कृतिको आधारमा जनसंख्याको वनावट,<br>२) पर्यटन,<br>३) पालिकाको नेपाली गित |
| विषयवस्तुको विस्तृतीकरण | १) घ्याङलेख गा.पा.भित्रका मानिसहरुले मान्ने धार्मिक विवरणको तथ्याङ्क<br>धार्मिक विवरण<br>बौद्ध-१२९६७ -(७४.९४%)<br>हिन्दु-३९४७ -(२२.१८%)<br>इसाइ-३०१ -(१.७४%)<br>किरात-७० -(०.४०%)<br>प्रकृति पुजक-२-(०.०१%)<br>जैन-१२-(०.०७ %)<br>अन्य-०४-(०.०२%)<br>७ - १७३०३ - १००%<br>स्रोत : गा.पा.पार्श्व चित्र<br>२) पर्यटकिय स्थलको सम्वर्धन र प्रवर्धन,<br>३) पालिकाको नेपाली गितको लेखन, नित्य अभ्यास, |
| सम्भावित शिक्षण विधि | १) खोज अन्वेषण<br>२) छलफल<br>३) प्रदर्शन<br>४) प्रयोगात्मक<br>५) प्रश्नोत्तर<br>६) अभिनय तथा अभ्यास |
| सिकाई सहजीकरण क्रियाकलाप | १) घ्याङलेख गा.पा.भित्र बसोबास गर्ने विभिन्न धार्मिक आस्था भएका मानिसहरुको संख्यात्मक विवरण तथा प्रतिशत उल्लेख गर्दै कक्षाकोठामा शिक्षकले सहजिकरण गरिदिने,<br>धार्मिक विवरण<br>बौद्ध = १२९६७ -(७४.९४%)<br>हिन्दु = ३९४७ -(२२.१८%)<br>इसाइ = ३०१ -(१.७४%)<br>f करात = ७० -(०.४०%)<br>प्रकृति पुजक = २-(०.०१%)<br>जैन = १२-(०.०७ %)<br>अन्य-०४-(०.०२%)<br>७= १७३०३ - १००%<br>स्रोत : गा.पा.पार्श्व चित्र<br>२) पर्यटकिय स्थलहरुको संरक्षण संवर्द्धन प्रवर्धन गर्न गाउँपालिकासँग समन्वय गरि संयुक्त विकासको रणनीति बनाउने र जिम्मेवार पक्ष गाउँपालिकानै भएको कुरा विद्यार्थीहरुलाई प्रष्ट्याइदिने, साथै यसको महत्व र फाइदावारे पनि जानकारी गराउने,<br>३) पालिकाको नेपाली गित Tape Recorder बाट श्रव्य वोध गरी लेख्न लागाउने र उपलब्ध भए सम्म नृत्यकारबाट नृत्य अभ्यास गर्न लगाउने । |
| शिक्षण सामग्री | १) धर्मको आधारमा जनसंख्याको विवरण प्राप्त हुने तथ्यांक,<br>२) पर्यटकिय स्थलको संरक्षण संवर्द्धन प्रवर्धन आवश्यक महत्वहरुको सूचि<br>३) गित र Sound System.<br>४) Youtube मा घ्याङलेख गाउँपालिकाको नेपाली गित खोज्न इन्टरनेट, |
| मूल्याङ्कन प्रक्रिया | घ्याङलेख गा.पा.को जनसांङखिक विवरण प्रस्तुत गरेको तथ्यांकको आधारमा निम्न प्रश्नहरु सोध्न सकिने साथै पर्यटकिय स्थलहरुको संरक्षण संवर्द्धन र प्रवर्धन गर्न, देहाय वमोजिम प्रश्न गर्न सकिन्छ ।<br>१) घ्याङलेख गा.पा.मा सबै भन्दा वढि धर्म मान्ने धर्मावलम्वी कुन जातका छन् ?<br>२) घ्याङलेख गा.पा.मा इसाई धर्म मान्ने मानिसहरु कति प्रतिशत छन् ?<br>३) घ्याङलेख गा.पाको नेपाली गितको पहिलो/दोस्रो/तेस्रो हरफ लेख्नुहोस ।<br>४) घ्याङलेख गा.पाको नेपाली गितको पहिलो/दोस्रो/तेस्रो हरफ गाउनुहोस । |
| अपेक्षित सिकाई उपलब्धि | १) घ्याङलेख गा.पा. भित्रका मानिसहरुको धार्मिक आस्था अनुसार जनसंख्याको विवरण बुझ्न,<br>२) पर्यटकिय स्थलहरुको महत्व बुझि त्यसको संरक्षण, संवर्द्धन गर्दै फाइदा बताउन,<br>४) नेपालको राष्ट्रिय गीत भए झैं पालिकाको गित पनि हुन्छ भन्ने अनुभुति प्राप्त गर्न, |
| पाठ्यघण्टा | १२ |

| | |
|---|---|
| क्षेत्र | जातजाती भाषा र सामाजिक मूल्यमान्यता |
| विषयवस्तु | १) स्थानिय जातजाति : तामाङ र अन्य<br>२) स्थानिय भाषाभाषी<br>३) सामाजिक मुल्यमान्यता |
| विषयवस्तुको विस्तृतीकरण | १) घ्याङलेख गा.पा.भित्र बसोवास गर्ने जातजातिको जनसांङखिक विवरण<br>२) तामाङ जातिको परिचय<br>३) यस गा.पा. भित्र बसोवास गर्ने भाषाभाषीको भाषीक समुदाय अनुसारको जनसांङखिक विवरण,<br>४) यस गा.पा.भित्र बसोवास गर्ने विभिन्न जातजाति, भाषाभाषीका सामाजिक मुल्यमान्यताः<br>क) सानालाई मायाँ गर्ने,<br>ख) सत्य बोल्ने बानीको विकास गर्ने,<br>ग) अपांङ्गहरुसँग सहयोगी व्यवहार गर्ने,<br>घ) विद्यालय तथा समाजको नियम पालना गर्ने, |
| सम्भावित शिक्षण विधि | १) प्रदर्शन<br>२) छलफल<br>३) प्रयोगात्मक<br>४) खोज<br>५) प्रश्नोत्तर<br>६) व्याख्यान |
| सिकाई सहजीकरण क्रियाकलाप | १) घ्याङलेख गा.पा.भित्र बसोवास गर्ने विभिन्न जातजाति तथा भाषाभाषीका आधारमा तयार पारिएको तथ्यांक देखाइ सहजिकरण गर्ने,<br>जात : संख्या<br>तामाङ = १२९०२<br>ब्राम्हण = २४<br>क्षेत्रि = ४६०<br>थामी =३५५<br>नेवार = ११०७<br>सुनुवार = ४०९<br>मगर =१४००<br>दमाइ =१०७<br>कामी =५०९<br>सार्की =३०<br>गिरि =११<br>जातजातिमातृभाषा<br>तामाङ = १२१२५<br>नेपाली भाषा = ३१२६<br>मगर भाषा = ४७७<br>थामी = ३४३<br>सुनुवार = २६७<br>नेवारी = २१२<br>अन्य भाषी = ५३<br>२) तामाङ जातिको संक्षिप्त परिचय<br>( उत्पति,जनसांख्यिक वनोट,संस्कार,रहनसहन र लवाइखुवाई आदि ) अन्तर्गत परियोजना कार्य समेत गर्न शिक्षकले सहजीकरण गर्ने<br>३) सामाजिक मूल्य मान्यता सन्वन्धी विषय बस्तुको प्रस्तुति परियोजना कार्य सान्दर्भिक सिकाइ सहजिकरणको प्रयोग, |
| शिक्षण सामग्री | |
| मूल्याङ्कन प्रक्रिया | १) तथ्यांकको आधारमा सबै भन्दा ठूलो भाषिक समुदाय कुन हो ?<br>२) तिम्रो समुदायमा रहेका ३ओटा तामाङ र ३ ओटा अन्य परिवारको देहायको विवरण टिपेर ल्याउने ।<br>१। परिवार नं:<br>२। परिवार संख्या :<br>३। साक्षर सं<br>४। कृषि पेशा सं :<br>५। सरकारी पेशा सं<br>६। पेशा विहिन :<br>७। तिमिलाई लेखपढ गर्न समय र चाहेको खर्च पर्याप्त छन ? छैन भने किन होला ?<br>शिक्षकले अन्य चाहेको तथ्याङ्क जातिगतरुपमा तुलना गर्न सकिन्छ ।<br>४) तामाङ भाषामा ताम्वाको अर्थ के हो ?<br>५) स्याङ्तानको स्वागेभाई कुन-कुन हो ? त्यसै गरी अन्य थरहरुको पनि सोध्ने र मनन गर्न लगाउने ।<br>२) नेपाली भाषालाई मातृभाषीको प्रयोग गर्ने जातजातिहरुको नाम भन,<br>३) अपांगप्रति कस्तो व्यवहार देखाउनु पर्छ ? |
| अपेक्षित सिकाई उपलब्धि | १) जातिगत तथा भाषागत तथ्यांक बोध गर्न ,<br>२) तामाङ जातिको संक्षिप्त परिचय साथै स्वागेभाईसंग चिरपरिचित,<br>२) सामाजिक मूल्य मान्यता प्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न, |
| पाठ्यघण्टा | १८ |

| क्षेत्र | घ्याङलेखको आयआर्जन र रोजगारी |
|---|---|
| विषयवस्तु | १) आयआर्जन र रोजगारीका पेशा तथा व्यवसाय, |
| विषयवस्तुको विस्तृतीकरण | १) स्थानिय स्थरका पेशा तथा व्यवसायको परिचय तथा महत्व,<br>२) आधुनिक प्रविधिको प्रयोग गरि नगदेवाली तथा तरकारी खेतिको व्यवसायिकतामा जोड,<br>२) बैदेसिक रोजगारीबाट प्राप्त सीप प्रयोग गरि स्थानिय स्तरमा स्वरोजगार र उद्यमशिलता विकास जस्तै : प्लम्वरिङ, हाउसवाइरिङ, माछा तथा बङ्गुर पालन आदि, |
| सम्भावित शिक्षण विधि | १) प्रदर्शन<br>२) प्रश्नोत्तर<br>३) सहभागिता<br>४) अवलोकन<br>५) भ्रमण<br>६) अभ्यास<br>७) अभिभावकिय संलग्नता |
| सिकाई सहजीकरण क्रियाकलाप | १) स्थानिय स्तरमा व्यक्तिले आफ्नो आयआर्जनका लागि विभिन्न पेशा तथा व्यवसाय अपनाएको हुन्छन् भनि पेशा र व्यवसाय विस्तृतिकरण गरि खुलस्त पारिदिने,<br>२) आफ्ना अभिभावकले र घर छिमेकमा अपनाइने गरेका पेशा र व्यवसाय विचको अनुभव साटासाट गराउने र सोको महत्व बुझि त्यसप्रतिको सकारात्मक धारणा विकास गर्न प्रेरित गर्ने,<br>३) रोजगारीले व्यक्तिको जीवन परिवर्तन भएका सन्दर्भहरु वारे जानकारी गराउने,<br>४) बैदेशिक रोजगारी बाट फर्केका स्थानिय व्यक्तिहरुले आय आर्जन र रोजगारीका निमित आफ्नै स्थानिय तहमा सञ्चालन गरेका विभिन्न पेशा तथा व्यवसायको सम्भव भए प्रत्यक्ष अवलोकन गराउने साथै त्यस्तो किसिमका पेशाहरु झल्कने फोटो चित्र दृष्य सामग्री प्रस्तुत गरि सबै पेशा र व्यवसाय प्रति सम्मान गर्न सक्नुपर्छ भन्ने भाव विकास गराउने जस्तैः माछा तथा बङ्गुर पालन, प्लम्वरिङ, हाउसवाइरिङ, जस्ता क्षेत्रको कामबाट प्राप्त हुने आम्दानीको श्रोत बारे खुलस्त पारिदिने, |
| शिक्षण सामग्री | १) पेशा तथा व्यावसाय सम्बन्धि धारणा र महत्व झल्कने चार्ट,<br>२) पेशा व्यवसाय गर्दै गरेका पोस्टर चित्र<br>३) पेशा प्रतिको सम्मान झल्कने दृष्य सामग्री |
| मूल्याङ्कन प्रक्रिया | पेशा तथा व्यवसाय प्रतिको सकारात्मक धारणा बसाली आफुमा भएको सीपलाइ स्थानिय स्तरमानै प्रयोग गर्न सकिन्छ। भन्ने धारण बुझाउन निम्न प्रश्नहरु गर्ने,<br>१) पेशाको महत्व बताऊ ।<br>२) हाउसवायरिङ कस्तो किसिमको काम हो ?<br>३) माछा तथा बङगुर पालन बाट हुने फाइदा लेख । |
| अपेक्षित सिकाई उपलब्धि | १) पेशा व्यवसाय प्रति सकारात्मक व्यवहार गर्न,<br>२) पेशा र व्यवसायको महत्व बुझ्न,<br>३) आफ्नो अभिभावकको पेशाप्रति सहयोगि बन्न,<br>४) बैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप स्थानिय स्तरमा प्रयोग गरि आफ्नै ठाउँको विकासमा मद्धत गर्न सकिने धारण बसाल्न, |
| पाठ्यघण्टा | १२ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| पोषण ,खेलकुद,नैतिक मूल्य शिक्षा र शारीरिक सुःस्वास्थ्य | १) पोषण ,खेलकुद र शारीरिक सुःस्वास्थ्य<br>२) नैतिक मूल्य शिक्षा (सत्य ,मेहनत,अहिंसा र असल बानी व्यवहार) | १) तयारी पत्रु खानाको परिचय यसको असर र बच्ने उपाय,<br>२) घरमानै निर्मित स्वस्थ्य खाना खाजा र पेयपदार्थको निर्माण प्रक्रिया फाइदा महत्व र यसको सकारात्मक पक्ष<br>३) स्थानिय स्तरमा नै घरेलु सामानबाट खाजा बनाउने तरिका तथा उपयोग,<br>४) मुसो बिरालो खेल तथा नियमहरु,<br>५) त्रिकोणासन र ताडासन योग अभ्यास<br>६) नैतिक मूल्य शिक्षा (सत्य ,मेहनत,अहिंसा र असल बानी व्यवहार), | १) भूमिका निर्वाह, ४) छलफल<br>२) प्रदर्शन<br>३) प्रश्नोत्तर | १) कस्ता किसिमका खानेकुरालाई तयारी पत्रु खाना भनिन्छ ? सोधि बुदा टिपोट गर्ने र थप आवश्यक परे शिक्षकले बताइदिने,<br>२) घरमानै निर्माण गर्न सकिने स्वस्थ खानेकुरा हरु जस्तै : मकै भटमास, गहुँको रोटी, सातु, , रोटी वा पुवा, भातको चाम्रे, जस्ता खाना स्वस्थ वर्धक हुन्छन् भनि बताइदिने,<br>३) घरमानै बनाइएको सर्वत पानी मोहि, दुध जस्ता पेय पदार्थको प्रयोग र खानाको महत्व बुझाउन सहयोग गर्ने,<br>४) खेलकुदको अभ्यासको लागि विद्यार्थीलाई मुसो बिरालो बनाई शिक्षकको निर्देशानुसार खेल खेल्न प्रेरित गर्ने,<br>५) विद्यार्थीहरुलाई अर्ध गोलाकार वा पङ्तीमा राखी त्रिकोणासन र ताडासनको नियमानुसार अभ्यास गराउने ,<br>६) विद्यार्थीलाई गौतम बुद्धका रोचक प्रसंग,भिडियो,चित्र जस्तै अन्य लघु कथा सुनाउने र उनीहरुमा नैतिक मूल्य शिक्षा (सत्य ,मेहनत,अहिंसा र असल बानी व्यवहार) प्रदर्शन गर्न अभिप्रेरित गरी स्वच्छ छवी भएको कर्णधारको रुपमा तयार गर्ने । | १) पत्रु खानाहरुको सूचि<br>२) रोटी बनाउन आवश्यक सामग्रीहरु,<br>३) सर्वत पानीका लागि आवश्यक सामग्री चित्र,ताडासन र त्रिकोणासन अभ्यासको दृष्य चित्र,<br>४) गौतम बुद्ध जस्तै सफल व्यक्तिको आत्मकथा,हिंसा झल्किने चित्र, | १) पत्रु खाना भनेको के हो ?<br>२) रोटी कसरी बनाइन्छ ?<br>३) सर्वत पानी बनाउन के के चाहिन्छ ?<br>४) मुसो बिरालो खेल कसरी खेलिन्छ ?<br>५) ताडासन र त्रिकोणासन को नमूना अभ्यास प्रस्तुत गर,<br>६) नैतिक मूल्य भित्र के के कुरा पर्दछ ? | १) खानहुने र नहुने खानेकुरा बुझ्न,<br>२) स्वस्थ्य खानेकुराको महत्व तथा फाइदा बताउन,<br>३) घरमानै बनाइने खाजा खाना तथा पेय पदार्थ स्वस्थ्य वर्धक हुने धारणा बसाल्,<br>४) मुसो बिरालो खेल खेल्ने तरिका थाहा पाइ अभ्यास गर्ने,<br>५) त्रिकोणासन र ताडासनको अभ्यास गरि स्वास्थ्य लाभ प्राप्त गर्ने,<br>६) नैतिक मूल्य जस्तै सत्य बोल्ने, मिहेनत,अहिंसा र असल बाणी व्यवहार) जस्ता व्यवहार परिवर्तन, | १५ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| परम्परागत ज्ञान, सीप र प्रविधि | परम्परागत ज्ञान, सिप र प्रविधि | १) स्थानीय स्तरमा परम्परा देखि चली आएको प्रविधिहरुको परिचय (कोल, हलो जुवा, दाँदे)<br>२) परम्परागत प्रविधिको प्रयोग महत्व र फाइदा | १) खोज तथा अन्वेषण<br>२) प्रयोग<br>३) प्रदर्शन<br>४) अवलोकन<br>५) छलफल | १) स्थानीय स्तरमा परम्परा देखि चलिआएका विभिन्न प्रविधिहरु बारेको ज्ञान विद्यार्थीहरुलाई सोध्ने, उनिहरुले बुझे जानेका कुराहरु बुदा टिपोट गर्दै जाने र थप प्रष्टीकरणका लागि प्राप्त हुन सक्ने सामग्री प्रयोग गरी सहजीकरण गर्ने ।<br>२) परम्परागत रुपमा प्रयोग भई आएको प्रविधिहरु जस्तै<br>- हलो, जुवा र दाँदे : खेती किसानी गर्ने मानिसहरुले परम्परा देखि काठ बाट उक्त समाग्री निर्माण गरि खेती पातीमा प्रयोग गर्दै आएको कुरा बताई दिने साथै सम्भव भए अवलोकन गराउने ।<br>- कोल : तेल पेल्न, उखु पेल्न साथै अमिलो जातका फल पेली चुक अमिलो बनाउन सकिन्छ भनि प्रस्टायाई दिने ।<br>३) परम्परागत रुपमा सञ्चालनमा रहेका यस्ता प्रविधिहरुले मानव जीवन सहज बनाएकोले यसको महत्व हुने र सीप संरक्षण भई फाइदा लिन सकिने कुरा बताइ दिने । साथै सो सँग सम्बन्धीत आधुनिक प्रविधिको बारेमा बताईदिने । | १) परम्परागत प्रविधि झल्कने चित्र जस्तै : कोल, हलो, जुवा तथा दाँदे प्रयोग गर्दै गरेको दृष्य चित्र ।<br>२) नमुना सामाग्री | परम्परागत प्रविधिसँग सम्बन्धित सीप तथा यसले पुऱ्याएको सकारात्मक असर साथै महत्व बुझी हलो, जुवा, दाँदे तथा कोलको प्रयोग बारे स्पष्ट हुने निम्न प्रश्नहरु साध्ने<br>- कोलको महत्व बताउ ।<br>- हलो किसानले के कामको लागि प्रयोग गर्दछन ।<br>- जुवा नभए गोरु जोत्न सकिन्छ ? | १) परम्परागत प्रविधिहरु आफ्नो गाउँ ठाउँमा नै रहेछन भन्ने कुरा बुझ्न,<br>२) यस्ता प्रविधिबाट धेरै किसिमका फाइदा लिन सकिने रहेछ भन्ने बुझ्न र महत्व थाह पाउन ।<br>३) कोल, हलो जुवा, दाँदे जस्ता प्रविधिको काम बुझ्न | १२ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| सूचना तथा सञ्चार प्रविधि | १) टाइपिङ्ग<br>२) सफ्टवेयर<br>३) वर्ड प्रोसेसर सफ्टवेयर<br>४) कम्प्युटर नैतिक शिक्षा | १) टाइपिङ्गका होम कि (Home Key) सही तरिकाले दायाँ बायाँ हात राखी थिच्ने अभ्यास ।<br>२) सफ्टवयेरको सामान्य परिचय<br>३) Microsoft word को परिचय<br>३) सबै भन्दा सजिलो तरिका दायाँ **Right cliclk** गरी Microsoft word खोल्ने तरिका र win+R key थिची Microsoft word खोल्ने सेभ गर्ने आधारभूत सिप<br>४) कम्प्युटर प्रयोग गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा जस्तै - अरुको कम्प्युटरमा राखेको फाइल अनुमति विना खोल्न नहुने । | **अवलोकन**<br>- प्रयोग<br>- प्रदर्शन<br>- छलफल<br>- खोज अन्वेषण<br>- व्याख्यान<br>- टिपोट | १) टाइपिङ Home key सही तरिकाले दायाँ बायाँ हात राखी थिच्न कम्प्युटरको प्रत्यक्ष अवालेकन गराई, प्रयोगात्मक कार्य गराइने ।<br>२) सफ्पटवेयर भनेको के हो भन्दै विद्यार्थीहरुलाई सोधी सामाग्री देखाई परिचय बताई दिने ।<br>३) Microsoft word खोली सेभ गर्ने आधारभूत सीप सिकाउन कम्प्युटरको प्रत्यक्ष प्रयोग गराई सजिलो तरिकाबाट बुझ्ने क्रियाकलाफ गराउने, नेपाली अंग्रेजी दुवै टाइप गर्न सिकाउने ।<br>४) कम्प्युटर प्रयोग गर्दा अरुले राखेका फाइलहरु अनुमति विना खोल्न नहुने र सो बारेको आधारभूत ज्ञान प्रदान गर्ने ।<br>५) Home key को प्रयोग गरी दायाँ बायाँ रहेका अक्षरहरुमा हात राखी आवश्यकताका आधारमा थिच्न सकिने कुरा खुलस्त पारिदिने । | १) कम्प्युटर, किबोर्ड तथा सम्बन्धीत सामाग्रीको चित्र<br>२) कम्प्युटर सिक्दै गरेको दृष्य सामाग्री<br>३) यसको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीका उपायको चार्ट सामाग्री | १) कम्प्युटरको प्रयोग गरी विद्यार्थीहरुलाई प्रयोगात्मक अभ्यास गर्न लगाउँदै खोल्ने, सुरक्षित गर्ने तथा यसका आधारभूत ज्ञान प्रदान गर्न निम्न प्रश्नहरु सोध्ने<br>क) Home key प्रयोग गरी टाइप गर्ने कला देखाऊ<br>ख) Microsoft word खोल्ने र टाडा तथा सेभ गर्ने तरिका देखाउ<br>ग) CTRL + N थिची के काम गर्न सकिन्छ ? | १) टाइपिङ गर्दा सहि तरिकाले होम कि प्रयोग गर्न<br>२) सफ्टवेयरको सामान्य परिचय बताउन ।<br>३) Microsoft word ले गर्ने काम बुझ्न् ।<br>४) कम्प्युटरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी बारे सचेत हुन । | २० |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| जडिबुटी | जडिबुटी | १) घ्याङलेखमा पाइने औषधीजन्य जडिबुटीका कार्यहरु, संरक्षण र व्यसायीकरण<br>२) गुर्जो , जटामासी, घोडताप्रे | - प्रदर्शन<br>- प्रयोजना कार्य<br>- छलफल<br>- प्रश्नोत्तर | १) घ्याङलेखमा पाइने विभिन्न औषधीजन्य जडिबुटीको बारे विद्यार्थीलाई सोधी आएका उत्तरलाई टिपोट गर्ने ।<br>२) गुर्जो, जटामासीको उपयोगीतालाई कोठामा स्पष्टयाउने र त्यस्ता खालका जडिबुटीलाई व्यवसायीकरणका लागि प्रोत्साहित गर्दै त्यसका बहु आयामिक उपायोगिता बताउने ।<br>३) त्यस क्षेत्रमा उपलब्ध औषधीजन्य जडिबुटीको कार्य सोध्ने र शिक्षकले सहजीकरण गर्ने ।<br>४) गुर्जो-रक्तचाप कम, शक्ति प्रदान गर्ने, रोग प्रतिरोधात्मक क्षमता बढाउने ।<br>**- जटामासी :** हिस्टेरिया निको पार्न, कपाल कलो र लामो बनाउन,<br>**- घोडताप्रे :** ज्वरोको औषधी, बौद्धिक क्षमता बढाउन, मनोविकासलाई ठिक पार्न , खोकी लाग्दा, अलसर हुँदा, भिरिङगीको निको पार्न, छाला सम्बन्धी रोगको उपचार गर्न भनी बताउने | १) गुर्जोको नमूना पदर्शन<br>२) जटामासी, घोलताप्रे जस्ता जडिबुटीको प्रत्यक्ष अवलोकन गर्ने गराउने तथा श्रव्य दृष्य भिडियो ।<br>३) औषधी जन्य जडिबुटीका बहुउपयोगिता बारेका दृष्य चित्र | १) गुर्जोको काम भन ।<br>२) ज्वरो आउँदा कुन-कुन जडिबुटीलाई औषधीको रुपमा प्रयोग गरिन्छ । | १) गुर्जो, जटामासी, घोलताप्रेको कार्य बुझ्न ।<br>२) स्थानीय बासीको आय बढाउन यसलाई व्यवसायीकरण गर्न सकिने कुराको बोध गर्न ।<br>३) प्राकृतिक औषधी जन्य जडिबुटीको संरक्षण गरि वातावराण सन्तुलन कायम राख्न । | १२ |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण विधि | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | अपेक्षित सिकाई उपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन र सुरक्षा | विपद् व्यवस्थापन र सुरक्षा | १) विपदहरु, आधिबेहरी, भुकम्प, चट्याङ, बाढि पहिरोबाट बाच्ने उपाय ।<br>२) महामारी जन्य रोगको परिचय, कारण र बाच्न उपायहरु | - प्रदर्शन<br>- छलफल<br>- परियोजना कार्य<br>- प्रश्नोत्तर<br>- अवलोकन | १) शिक्षकले विपद भनेको के हो भनि सोध्ने र आवश्यक सहजीकरण गर्दै जाने,<br>२) विभिन्न प्रकारका विपदहरु जस्तै<br>भुकम्पबाट बच्ने उपायहरु :<br>क) भुकम्प प्रतिरोधी भौतिक संरचना निमार्ण गर्ने लगायत अन्य थप उपाय अपनाउने ।<br>ख) आँधी, बेहरी तथा चट्याङबाट बच्न यस्तो समयमा बाहिर हिड्डुल नगर्ने साथै विद्युतीय उपकरणहरु जस्तै मोबाइल, टि.भी., रेडियो आदि बन्द गर्ने भनी बताउने ।<br>३) बाढी पहिरोबाट बच्नका लागि सम्भावित जोखिमयुक्त ठाउँहरुबाट बस्ती स्थानान्तरण गरि सावधानी अपनाउने कुरा बताउने ।<br>४) शिक्षकले महामारीजन्य रोगको परिचय दिई यसको संक्रमणका कारण र बच्ने उपायहरुबारे विद्यार्थीहरुको राय लिदै आवश्यक सहजीकरण गर्ने<br>५) कोभिड-१९, झाडापखला, रुघाखोकी आदि | १) भुकम्पबाट बच्ने उपायहरु समेटिएको पोष्टर । श्रव्य दृष्य सामाग्री<br>२) चट्याङबाट बच्न अपनाइने सावधानीबारेको फोटो<br>३) कोभिड -१९ बाट बच्न गर्न सकिने विभिन्न सावधानीमूलक फोटो, पोस्टर । श्रव्य दृष्य सामग्री । | १) विपद भनेको के हो ?<br>२) भुकम्पबाट बच्ने कुनै दुई उपाय बताउनुहोस् ।<br>३) आँधि बेहरी र चट्याङबाट बच्न के कस्ता उपाय अपनाउन सकिन्छ ।<br>४) महामारी संक्रमणका कारण बताऊ । | १) भुकम्पबाट बच्ने उपायहरु अवलम्बन गर्न<br>२) आँधि बेहरी, चट्याङबाट सुरक्षित हुने उपायहरु बोध गर्न ,<br>३) महामारीबाट बच्न, भौतिक दुरी कायम गर्न, मास्क लगाउन, मिचि - मिचि हातखुट्टा धुन र अरुलाई पनि यस्तो गर्न प्रेरित गर्न । | १२ |

# ६ सिकाइ सहजीकरण विधि र प्रक्रिया

सिकाइ सहजीकरणमा ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- **विषयवस्तु तथा सिकाइ उपलब्धी :** स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको तथा कक्षागता, एकाइगत तथा पाठगत विषयवस्तु तथा अपेक्षित सिकाइ उपलब्धीसँग मेलखाने सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा समुचित ध्यान दिनुपर्दछ । उदाहरणका लागि स्थानीय सीप र प्रविधि सम्बन्धमा शिक्षण सिकाइ गर्दा सिकारुलाई ब्याख्यान या विश्लेषणात्मक विधिबाट सहजीकरण गर्दा अपेक्षित सीप विकास गर्न सकिन्न । यसको लागि त प्रयोगात्मक, अभ्यासात्मक तथा प्रदर्शन जस्ता विधिहरु आवश्यक हुन्छ ।
- **बालमनोविज्ञान :** पाठ्यपुस्तक तथा कार्यपुस्तकद्वारा चित्रात्मक प्रस्तुतिबाट सिकिरहेका विद्यालर्थीहरुलाई स्थानीय पाठ्यक्रमविना कुनै पाठ्यपुस्तक या कार्यपुस्तकबाट पढ्नु पर्दा असहजताको अनुभूति हुनसक्छ । यस्तो अवस्थामा सर्वप्रथम त सिकारुको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकूलको स्थानीय विषय शिक्षण गर्दा सिकारुको उमेर, रुचि, व्याक्तिक क्षमता, पूर्वज्ञान, प्रवृत्ति आदिलाई ध्यान दिइ सोही बमोजिमका सिकाइ सहजीकरण विधि उपयोगमा ल्याउनुपर्ने हुन्छ ।
- **स्रोत साधनको उपलब्धता :** स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा शिक्षण विधि तथा रणनीति छनौटको सन्दर्भमा आर्थिक, मानवीय, भौतिक एवम् स्थानीयताको दृष्टिकोणले उपयुक्त हुने र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसावले छनौट गर्नं पर्दछ ।
- **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति :** विद्यालयको वातावरण, विद्यार्थी तथा विद्यार्थी आउने समुदायको पृष्ठभूमिमा परिस्थिति सापेक्ष शिक्षण विधि तथा प्रविधिहरुको छनौट र उपयोगलाई ध्यान दिई शिक्षण सिकाइको योजना निर्माण गर्नंपर्ने हुन्छ । विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरु उपलब्ध छन् ? स्थानीय स्तरबाट थप सामग्रीहरु के कसरी उपलब्ध गराउन सकिन्छ ? शिक्षण सिकाइको लागि हाम्रो लागि कस्तो परिस्थिति विद्यमान छ ? जस्ता कुराहरुको सही र सार्थक विश्लेषण गरी शिक्षण विधिको छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सहजरुपमा सञ्चालन गर्न सकिन्छ ।
- **शिक्षकको योग्यता, क्षमता, र रुचि :** स्थानीय विषय केवल पाठ्यक्रम र विभिन्न सन्दर्भ सामग्रीद्वारा पठनपाठन गर्नंपर्ने भएकोले शिक्षक योग्य भएर मात्र पुग्दैन । शिक्षकले आत्मविश्वासका साथ आवश्यक विधि तथा प्रविधि र शिक्षण सामग्रीको व्यवस्थापन गर्न पनि सक्रिय हुनु पर्छ । लगनशील र पेसाप्रति वफादार शिक्षकले मात्र इमान्दारपूर्वक आवश्यक स्रोत सामग्रीको व्यवस्थापन गरेर स्थानीय विषय पठनपाठन गर्न सक्ने भएकोले शिक्षकको क्षमता र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको बारेमा यथोचित तालिमको व्यवस्था गर्नंपर्ने हुन्छ ।

- **स्थानीय परिवेश, सन्दर्भ र प्रसंग :** स्थानीय पाठ्यक्रममा उल्लिखित विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसंग सापेक्ष हुन्छ। विषयवस्तुको स्वरुप र अपेक्षित सिकाइ उपलब्धीलाई स्थानीय परिवेशसंग संयोजित गर्दै स्थानीय वातावरण अनुकूल शिक्षण विधि र प्रविधिको छनौट गरी सिकाइ सहजीकरण गर्न सकिने भएकोले स्थानीय परिवेश र सन्दर्भलाई पनि विशेष ध्यान दिन आवश्यक हुन्छ ।स्थानीय पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार गरिने पाठ्य क्रम हो। स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यही नै हुन्छ र हुनुपर्छ भन्ने हुँदैन तथापी निम्नानुसार शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्न सकिन्छ :

❖ **छलफल/प्रश्नोत्तरः** विभिन्न विषयहरुमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो र छलफल पश्चात् के कस्ता प्रश्नहरु सोध्ने हो त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ। उदाहरणका लागि स्थानीय तहमा उत्पादन गरिने तरकारीका बारेमा छलफल गरी प्रश्नोत्तर गर्ने हो भने तलका जस्ता बुँदाहरुमा छलफल थर्न सकिन्छ :

तिम्रो परिवारका सदस्यहरुले के के गर्नहुन्छ ?
आफूभन्दा ठूलालाई तिमी के गर्छौ ?
तिम्रो घरका सदस्यहरुको नाम बताउ ।

- छलफल विधिका प्रकारहरु :
  - ✓ गुञ्जसत्र
  - ✓ समुह छलफल
  - ✓ मस्तिस्क झङ्कार
  - ✓ प्यानेल छलफल
  - ✓ विज्ञ छलफल

❖ **प्रदर्शन :** शिक्षक ,विद्यार्थी र सरोकारवालाहरुबाट विभिन्न साामग्रीहरु संकलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी गराएर गरिएको प्रदर्शन अवलोकन गर्ने, त्यस बारेमा छलफल गर्ने जस्ता क्रियाकलापहरु गर्न सकिन्छ। आवश्यकता अनुसार वास्तविक घट्ना या गतिविधिहरु अवलोकन गर्न लगाउने, सान्दर्भिक भिडियो क्लिप्स, फिलिम फुटेज, चित्र, तस्वीर तथा श्रब्य, दृष्य, श्रब्य/दृष्य सामग्री, मोवाइलमा रेकर्ड या भिडियो खिचेर पनि सिकारुलाई देखाउन सकिन्छ। यसो गर्दा विषयवस्तुको बारेमा थप स्पष्ट पार्न सकिन्छ।

तिम्रो घर वरपर भएका कुनै तीन ओटा जडिवुटीको कोलाज तयार गर ।
तिम्रो वरपर भएको कुनै दुई मठमन्दिरको नाम लेखेर प्रदर्शन गर ।
एक हरफ पालिका गीत गाएर सुनाऊ
स्थानीय बस्तुको प्रयोग गरी कुनै एक सामग्री निर्माण गर ।

❖ **सहभागिता :** गरेर सिक  विधि नै सहभागिता विधि हो। सहभागिता विभिन्न कार्यमा गराउन सकिन्छ। सहभागिता भएमा जिम्मेवारी बढ्छ। तसर्थ विभिन्न कार्यक्रमहरुमा विद्यार्थीहरुलाई सहभागी गराउनुपर्छ। यसो गर्दा विद्यार्थीहरुले हेरेर र गरेर धेरै कुराहरु सिक्दछन् ।

घरमा आमालाई तिमी के-के सघाउछौ ?

कक्षाकोठा सफा राख्न तिमीहरु के के गर्न सक्छौ गर ?

❖ **अवलोकन भ्रमण र अभ्यास :** विद्यार्थीहरुलाई विभिन्न कुराहरुको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनु पर्छ । नदी, नाला, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा आदिको भ्रमण र अवलोकन गरेर सिकाउन सकिन्छ । अवलोकन भ्रमण पश्चात् सिकारुले सिकेका कुराहरुलाई प्रस्तुत गराउन लगाउने गर्न सकिन्छ ।

विद्यालय वरपर पाइने रुख विरुवा संकलन गरी नमुना संकलन गर र नाम लेखि टाँस ।

❖ **परियोजना कार्य :** अभ्यास कै महत्त्वपूर्ण अंगका रुपमा हिजोआज परियोजना कार्य गर्ने गराउने गरिन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नु पर्दछ । त्यस्तो खाका भनेको के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कतित लाग्ने जस्ता कुराहरु पहिले नै सोच्नु पर्छ । परियोजना कार्यमार्फत करेसाबारी निर्माण, स्थानीय प्रविधिको प्रयोग, फलफूल एवम् तरकारी खेती, स्थानीय सामग्री निर्माण र प्रदर्शन जस्ता कार्यहरु गर्न/गराउन सकिन्छ ।

❖ **अभिभावकीय संलग्नता :** शिक्षकले स्थानीय विषयवस्तुसंग सम्बन्धित कतिपय सिकारुको व्यवहारसँगा गाँसिएका आचरण, मूल्यमान्यता, सोचाइ र व्यवहार परिवर्तन लिखित या मौखिक तवरले सहजीकरण गरेरमात्र पुग्दैन । सिकारुले घरको वातावरण, अभिभावकको सहयोग र निर्देशनबाट सिक्ने गर्दछ। यस्तो परिवेशमा सिकाइ सहजीकरणमा अभिभावकीय संलग्नतालाई पनि समुचित स्थान दिनुपर्ने हुन्छ । अभिभावकको सल्लाह, निर्देशन तथा प्रतिक्रियालाई आधार बनाएर आवश्यकता अनुसार उपचारात्मक शिक्षण पद्धतिलाई पनि उपयोग गर्न सक्नु पर्दछ ।

❖ **कथाकथन वा गीत/सङ्गीत विधि :** पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धि तथा पाठ्यक्रममा समाविष्ट विषयवस्तुको जगमा रहेर सान्दर्भिक कथा, कविता, गीत तथा सङ्गीतको माध्यमले पनि सिकाई सहजीकरण गर्न सकिन्छ । यसो गर्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्तिमा सहजता हुन्छ नै साथसाथै विषयवस्तुको धारणालाई समेत थप स्पष्ट पार्न सकिन्छ ।

❖ **भूमिका निर्वाह तथा नाटकीकरण विधि :** स्थानीय पाठ्यक्रममा उल्लिखित विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सिकारु स्वयम्लाई सिकाइ सहजीकरणको माध्यम बनाउन सकिन्छ । यसको लागि सिकारुलाई विभिन्न भूमिका निर्वाह गर्ने वातावरण दिइनु पर्दछ । जस्तै अपांगतामैत्री व्यवहार प्रदर्शन गर्न यदि कक्षाकोठामा अपांगता भएका बालबालिकाहरु छैनन् भने सिकारुमध्ये कुनै एकलाई अपांगता भएको व्यक्तिको रुपमा भूमिका निर्वाह गर्न लगाउने र अरुलाई अपांगता भएका व्यक्तिलाई सहयोग गरेको भूमिका दिने गर्न सकिन्छ । यसैगरी सकारात्मक व्यवहार प्रदर्शन, बृद्ध-बृद्धा तथा अग्रजहरुलाई सम्मान गर्ने खालको नाटक तयार गरेर पनि सिकारुलाई विषयवस्तुबारे स्पष्ट पार्न सकिन्छ ।

❖ **अन्वेषण, अनुसन्धान तथा खोज विधि :** विषयवस्तुको सान्दर्भिकता र अपेक्षित सिकाइ उपलब्धिको अपेक्षालाई समुचित ध्यान दिदै समस्या या प्रश्नको प्रस्तुति, गरिने क्रियाकलाप, निकालिने निसकर्ष र सञ्चालन गरिने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारुलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी क्रियाकलापमा सहभागी गराउन सकिन्छ ।

❖ **प्रविधियुक्त कक्षा :** विषयवस्तुलाई थप स्पष्ट पार्दै अपेक्षित सिकाइ उपलब्धि प्राप्त गराउनका लागि आवश्यकतानुसार, मोवाइल, कम्प्युटर, प्रोजेक्टर, विभिन्न प्रकृतिका सामाजिक सञ्जालहरुको समुचित प्रयोग गरी धारणाहरुको दृष्याङ्कन गर्न सकिन्छ ।

❖ **अन्य सान्दर्भिक सिकाइ सहजीकरण विधिहरु :** आगमन तथा निगमन विधि, निर्माणात्मक तथा सहयोगात्मक कक्षा शिक्षण विधि, खेल विधि, परियोजना कार्य, क्षेत्र भ्रमण विधि, अन्तरक्रिया विधि, उदाहरण र प्रयोग विधि आदि सान्दर्भिक विधिहरुलाई विषयवस्तुको प्रकृति, अपेक्षित सिकाइ उपलब्धि, समय, सन्दर्भ र परिवेशको आधारमा सिकाइ सहजीकरण गर्न सकिन्छ । सिकाइ सहजीकरण छनौट र प्रयोग गर्नको मुख्य ध्येय भनेकै सिकारुले निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त गर्न सकून भन्ने नै हो ।

❖ **स्व-अध्ययन :** कार्यपुस्तकमा भएका विषयवस्तु सहकर्मी,शिक्षकको साथमा वसेर समेत सिक्न सकिन्छ ।

❖ **विद्यार्थी केन्द्रित विधिहरु /समालोचनात्मक चिन्तन विधिहरु :**

- ✓ Gig–Saw विधि- मातृ समुह र मिश्रित समुहमा छलफल,
- ✓ Deduction विधि- समस्याबाट उदाहरण तर्फ जाने,
- ✓ Induction विधि-उदाहरणबाट समस्या तर्फ जाने ,
- ✓ Abduction विधि- विषयहरु विच तादम्यता खोज्ने ,
- ✓ Retroduction विधि-विगतबाट र वर्तमानमा सिक्ने,
- ✓ STEAM Pedagogy : विज्ञान, टेक्नोलोजी, इन्जिनियरिङं, कला र गणितलाई एकीकरण गरी कुनैपनि विषयवस्तुलाई समग्रमा बुझ्ने र बुझाउने शिक्षण पद्धति नै STEAM Pedagogy हो ।

# STEAM Pedagogy को अभ्यासात्मक प्रयोग

| विषय | तरिका |
|---|---|
| Science | खोजी गर्न, अवलोकन गर्न, चरणबद्धरुपमा पद्धतिमा आधारित कार्य गर्न |
| Technology | सूचना र प्रविधिको प्रयोग गरी विषयवस्तु रोचक तथा अर्थपूर्ण बनाउन |
| Engineering | अवधारणाहरूलाई चित्रद्धारा प्रस्तुत गर्न, डिजाइन गर्न, चित्रात्मक या अनुभवजन्य आकृति प्रस्तुत गन |
| Arts | कथा, कविता, गीत, संगीत, रंगरोगन, छलफल, ब्यवहारकुशल सिप आदिद्धारा विषयवस्तुलाई कलात्मक रुपमा प्रस्तुत |
| Mathematics | तर्क, तथ्यांक, अंक परिमाण आदिको माध्यमले गणितीय समस्याहरू समाधान गर्न तथा समाज बुझ्न । |

स्थानीय पाठ्यक्रमको कुनै एक थिमलाई एकिकृत पाठ्यक्रमको कुनै एउटा साझा थिमसंग जोड्नुहोस् । उक्त साझा थिम शिक्षण गर्दा तपाईले बनाउने एउटा क्रियाकलाप योजना बनाउनुहोस र त्यस थिममा विज्ञान, टेक्नोलोजी, इन्जिनियरिङ कला, र गणितलाई एकीकृत गर्नुहोस् । यसरी विषयवस्तुलाई एकीकृत गरी शिक्षण सिकाइ सहजीकरण गर्दा सिकारुले विषयवस्तुलाई एकीकृत रुपमा नै बुझ्ने छन् र यस्तो सिकाइ दीर्घकालीन पनि हुन्छ । यो प्रक्रिया केवल आधारभूत तह कक्षा (१-३) मात्र नभएर कक्षा (४-५) को स्थानीय पाठ्यक्रममा पनि सहजै गर्न सकिन्छ ।

# ७ विद्यार्थी मूल्ल्याङ्कन प्रणाली

पाठ्यक्रमले निर्दिष्ट मापदण्ड र मानक सूचकका आधारमा स्थानीय विषयवस्तुहरुलाई विद्यार्थीको सिकाई दिगो हुने गरी विद्यार्थी मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्नुपर्दछ। विद्यमान प्रयोगमा रहेका पाठ्यक्रम अनुरुप उदार कक्षोन्नति अवलम्वन गरी विद्यार्थीको सिकाई उपलब्धिको मानक र स्तर निर्धारण गर्नपर्दछ। स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरुको मूल्यांकन गर्न सिकारुले प्राप्त गरेका उपलब्धिहरु परियोजना कार्यमार्फत गर्न सान्दर्भिक हुन्छ । पेपर-पेन्सिल टेस्टबाट मात्र स्थानीय विषयको उपलब्धी मूलयांकन गर्दा पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ उपलब्धी प्राप्त भए/नभएको यकिन गर्न कठिन हुन्छ। तर पनि विद्यार्थी मूल्यांकन पाठ्यक्रमको एक अभिन्न अंग हो । यस अन्तर्गत विद्यार्थी मूल्ल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन्। वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म विद्यार्थी मूल्याङ्कनमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ। कक्षा १–३ मा निरन्तर सत्प्रतिशत् विद्यार्थी मूल्याङ्कन कै आाधारमा , कक्षा ४–५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाका आधारमा मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ । तर, यही शैक्षिक सत्र २०७७ देखी लागू भएको कक्षा १ को एकीकृत पाठ्यक्रमले निरन्तर मूल्याङ्कनलाई समसामयिक परिमार्जन गरिसकेको छ। यसको लागि सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणा अनुरुप विद्यार्थी मूल्यांकन गर्नुपर्ने हुन्छ। यसो भनेको निश्चित समयावधिमा नभई नियमित, निरन्तर तथा कक्षा क्रियाकलापको अंगको रुपमा नै मूल्यांकनलाई प्रयोग गरिनुपर्छ भनिएको हो। स्थानीय पाठ्यक्रमको मूल्याङ्कन पनि यही आधारमा नै गर्नुपर्दछ। स्थानीय पाठ्यक्रमका विषयहरुमा विद्यार्थीहरुले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन्। यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रुपमा निरन्तर गरिनु पर्दछ। यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापहरुको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन्। विद्यार्थीहरुलाई स्थानीय सिप सिकाउने कुरालाई जोड दिने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकहरुको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ। पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यक्रमको पनि आवधिक परीक्षाहरु समेत लिई तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियोहरु पनि राख्नु पर्दछ। पाठ्यक्रमको समग्र मूल्याङ्कन भने पाठ्यक्रम निर्माण समूह, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरु समेतको संयुक्त प्रयासमा अवलोकन, अन्तर्क्रिया र छलफलबाट गर्न सकिन्छ। यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकोले यसलाई निरन्तर अद्यावधि पनि गर्दै लान आवश्यक छ। आवश्यक ठानिएका विषयवस्तुहरु थप गर्दै र आवश्यक नठानिएका विषयवस्तुहरु हटाउदै जान पनि सकिन्छ।

स्थानीय विषयको मूल्यांकन गर्दा प्रत्येक विद्यार्थीहरुको कार्यसञ्चयीका (Portfolio) व्यवस्थित गरि राख्न आवश्यक हुन्छ । सिकारुको कक्षा कार्य, उपस्थिति, परियोजना कार्य, व्यवहार अवलोकनबाट देखिएको अपेक्षित परिवर्तन, उपलब्धि परीक्षा आदिलाई अद्यावधिक गर्दै सोही आधारमा विद्यार्थीको

मूल्यांकन गरिनुपर्छ । सिकारुको मूल्यांकनमा सिकाइ क्षेत्रमा प्राप्त भएको अपेक्षित ज्ञान, सीप, बुझाइ, व्यवहारलाई आवश्यकता अनुसार विश्लेषण, मूल्यांकन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नाका लागि साधन तथा प्रक्रियाको अवलम्वन गर्नँपर्छ । स्थानीय विषयको सम्भावित मूल्यांकन नमूनालाई निम्नानुसार तालिकामा देखाइएको छ :

❖ **विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन :** विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :-

१। विषयक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ । स्थानीय पाठ्यक्रम कक्षा (१-८) - २०७८ - कार्यसञ्चयिका फाइलमा विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालका विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाइ राख्नुपर्छ ।

२। यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धि स्तर झल्काउने प्रतिनिधि कार्यहरूमा समावेश गर्नुपर्छ । यसमा यति नै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।

३। कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।

४। प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

❖ **विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छ :**

१। शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन,

२। विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन,

३। अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न,

४। विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिइ अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेही व्यक्त गर्न,

५। विद्यालय व्यवस्थापनको विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न,

## खण्ड (क)

## स्थानीय पाठ्यक्रमको थिमगत विद्यार्थी मूल्याङ्कन फाराम, कक्षा (१–३)

### १) विद्यार्थीको वैयक्तिक विवरण (Port Folio) कक्षा (१-३)

**विद्यार्थीको व्यक्तिगत विवरण** (Port Folio)

**१.१ विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण :**

हाल सालै खिचिएको फोटो।

क) विद्यालयको नाम : ................................................

ख) ठेगाना : ..............................................................

ग) विद्यार्थीको नाम : .................................................

घ) जन्म मिति : ........................................................

ङ) विद्यार्थीको घरको ठेगाना : ........................................ संकेत नं :

च) पारिवारिक विवरण :

अ) आमाको नाम : ................................ पेशा : ........................ सम्पर्क नं. : .........................

आ) बाबुको नाम : ................................ पेशा : ........................ सम्पर्क नं. : .........................

इ) वाजेको नाम :....................................पेशा :...........................सम्पर्क नं : ...........................

ई) वाज्यैको नाम :...................................पेशा :..........................सम्पर्क नं : ...........................

| विवरण | योग्यता | पेशा | धर्म | जात | जीवित | मृत्यू | अभिभावक संग नभएको कारण (आमा/बुवा) | मातृभाषा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| बावु | | | | | | | | | |
| आमा | | | | | | | | | |

छ) बाबुआमा बाहेक अरु कसैको अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

अ) नाम ................................ पेशा : ........................ सम्पर्क नं. : ............................

आ) विद्यार्थीसँगको नाता : ............................

ज) विद्यालय ....................................भर्ना मिति.................................... कक्षा : ...........

झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता : ........................................

ञ) अघिल्लो अनुभव :

अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको ..........................................................................................................................

आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अन्य अनुभव : ...................................................

### २. पारिवारिक विवरण :

| परिवार संख्या | दिदी वहिनी संख्या | दाजुभाई संख्या | भर्ना भएका विद्यार्थीको जन्मक्रम | साक्षर संख्या | निरक्षर संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

**३. स्वास्थ्य सम्बन्धी विवरण :**

क) कुनै विशेष रोग भएमा सो बारे टिपोट : ..............................................................

.

| कक्षा | मिति | तौल -कि.ग्रा.मा) | उचाइ (से.मि.मा) | सरसफाईको अवस्था | प्रतिक्रिया -यदि छ भने) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ख) कुनै अपाङ्गता तथा विशेष रोग भए सोको विवरण : ...............................................

ग) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए : .......................................................

**अभिभावकको दस्तखत .............................**
**मिति :.....................................**

**कक्षा शिक्षकको दस्तखत.........................**
**मिति :.........................................**

❖ **निर्माणात्मक/आन्तरिक मूल्याङ्कन : मूख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर तथा व्यवहार परिवर्तन :**

मापन गर्ने तरिका : प्रत्येक सि.उ. का लागि दिइएको उपलब्धी सूचक हासिल भए ठीक (√) चिन्ह नभए बेठिक (×) चिन्ह लगाई १ देखि ४ सम्म अंक प्रदान गर्नुहोस् १ वा २ उपलब्धि आएकालाई थप सहायता दिई उपलब्धि अभिवृद्धि गर्नुहोस ।

## कक्षा : १ विषयक्षेत्र : घ्याङलेखको चिनारी

५। आ-आफ्नो घरबारीमा खेती गरिएका फलफूलका विभिन्न भागहरु (पात, जरा, फूल, आदि) संङ्कन गरी किताबको पत्रमा प्रेस गरी केही दिन राखेर त्यसलाई दरो कागजमा टाँस्दै फलफूल पुस्तिका तयार गर्नुहोस् ।

६। आ-आ घरबारीमा खेती गरिएका खाद्यबालीहरुका बोटहरु हेरेर त्यसको चित्र कोर्न भन्नुहोस् । कोरेका चित्र र सो खाद्यबालीका बारेमा बताउन लगाउनुहोस् ।

७। घरमा औषधीको रुपमा  प्रयोग हुने जडिबुटीहरु सङ्कलन गर्नुहोस् । ती जडिबुटीहरुको प्रयोग अभिभावकहरुलाई सोध्नुहोस्  र कक्षामा प्रस्तुत गर्नुहोस् ।

८। ट्राफिक सङ्केतहरुका चित्र सङ्कलन गरी पेपरमा टाँस्नुहोस्  र सङ्केतले दिने जानकारी साथीहरुलाई बताउनुहोस् ।

## कक्षा : २

१। शिक्षाको सहयोगमा नजिकको वडा कार्यालय भ्रमण गर्नुहोस् र निम्नानुसार तालिका भर्नुहोस् :

| गउँपालिकाको नाम | वडा नं. | वडाध्यक्षको नाम | वडाध्यक्ष कसरी छनोट भएको हो ? | कति अवधिका लागि छनौट भएको हो ? |
|---|---|---|---|---|
| | | | | |

२। आफ्नो वसोवास भएको टोल/गाउँको वरपरको जमिन अवलोकन गरी निम्नानुसार विवरण भुर्नहोस् :
टोल नाम : वडा नं.
जमिनको स्वरुप : हिमाल/पहाड/तराई
: समथर/भिरालो/खोल्साखोल्सी/खोलानाला
: खेती गरिएको जमिन/खेल्ने चउर/घरहरुले ढाकेको क्षेत्र/जङ्गलले ढाकेको क्षेत्र

३। तपाईको समुदायमा मनाइने संस्कारहरु सम्बन्धमा अभिभावकसँग सोधपुछ गरेर तलको विवरण भर्नुहोस् कक्षामा प्रस्तुत गर्नुहोस् :
४। वरपरको पाटीपौवा, हाट, मठमन्दिर, जात्रा मेला, गुम्बा लगायतको फोटो खिच्नुहोस् र साथीहरुलाई देखाउँदै त्यसको बारेमा आफूले जानेको कुरा बताउनुहोस् ।
५। आफ्नो घरका अग्रजहरुलाई वरपरका सांस्कृतिक सम्पदाको महत्वका सम्बन्धमा सोध्नुहोस् र कक्षा कोठामा साथीहरुलाई भन्नुहोस् ।
६। आफ्नो घरमा विभिन्न समयमा मनाइने संस्कारका सम्बन्धमा आफ्नो अभिभावकसँग सोध्नुहोस् र कक्षा कोठामा सबैलाई बताउनुहोस् ।
७। वरपर रहेको ऐतिहासिक स्थलहरु अवलोकन गरेर र अभिभावकसँग सोधेर त्यस स्थलका सम्बन्धमा निम्नानुसार जानकारी सङ्कलन गर्नुहोस् ।

| ऐतिहासिक स्थल | कसको सम्झनामा बने को हो ? | के महत्व छ ? | अन्य जानकारी |
|---|---|---|---|
| | | | |

८। आफ्नो घरबारीमा खेती गरिएका तरकारीका विभिन्न खाइने भागहरु (पात, जरा, फूल, आदि) सङ्कलन गरी किताबको पत्रमा प्रेस गरी केही दिन राखेर त्यसलाई दरो कागजमा टाँस्दै तरकारी पुस्तिका तयार गनुहोस् ।
९। आफ्नो घरबारी खेती गरिएका खाद्यबालीका बोटहरु हेरेर त्यसको चित्र कोर्नुहोस् । कोरेका चित्र र सो खाद्यबालीका बारेमा कक्षा कोठामा बताउनुहोस् ।
१०। आ-आफ्नो घरबारीमा खेती गरिएका खाद्य बालीका विभिन्न भागहरु (पात,जरा, फूल आदि) संकलन गरी किताबको पत्रमा प्रेस गरी केही दिन राखेर त्यसलाई दरो कागजमा टाँस्दै अन्नबाली पुस्तिका तयार गर्नुहोस् ।
११। आफ्नो घर तथा छिमेकका मानिसहरुले कृषिसम्बन्धी कुन कुन सीपमूलक कामहरु गर्छन, अवलोकन गरेर वा अभिभावकलाई सोधेर विवरण तयार गर्नुहोस् ।
१२। आफ्नो घरमा प्रयोग भएका जडिबुटीहरुको नाम र तिनीहरुको प्रयोग सम्बन्धी विवरण तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।
१३। आफ्नो वरपरका उद्योगहरुको नाम र त्यसबाट उत्पादन हुने वस्तुहरु अवलोकन गरेर वा अभिभावकलाई सोधेर विवरण तयार गर्नुहोस् ।
१४। वरपरका खनिज, नदीनाला, जङ्गलका नाम र ती ठाउँहरुबाट प्राप्त वस्तुहरु अवलोकन गरेर वा अभिभावकसँग सोधेर विवरण तयार गर्नुहोस् ।
१५। वरपरका खानीबाट वस्तुहरु सङ्कलन गर्नुहोस् र सबैलाई सङ्कलन गरेका वस्तुहरुबाट एउटा खनिज किट तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## कक्षा : ३

१। घरमा अभिभावकहरुले वडा कार्यालयबाट के-के सेवा लिनभएको छ, सोधपुछ गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२। आफ्नो सम्प्रदायको भाषा धर्म भेष  सम्बन्धमा अभिावकहरुसँग सोधेर विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३। आफ्नो घरका अग्रजहरुलाई वरपरका सांस्कृतिक सम्पदाको महत्वका सोधेर विवरण तयार गरी कक्षा प्रस्तुत गर्नुहोस ।

४। वरपरका खोला, पोखरी, नदीका सम्बन्धमा अभिभावकहरुसँग सोधेर तलका तालिका भर्नुहोस् :

| खेला, पोखरी नदीको नाम | स्थान | यसबाट फाइदा |
|---|---|---|
| | | |

५। हप्ता दिनभर आफूले खाएको तरकारीको सूची तयार गर्नुहोस् । तरकारीलाई सफा र स्वच्छ बनाउन के-के गरियो लेख्नुहोस्  र कक्षाकोठामा साथीहरुलाई सुनाउनुहोस् ।

६। फलफूलको हेरचाह गर्दा कुन अवस्थामा के-के गरिने गरेको छ आफ्नो अभिभावकहरुले हेरेर कक्षाकोठामा बताउनुहोस् ।

७। आफ्नो खेतबारीको बाली अवलोकन गरी तलको तालिका भर्नुहोस् ।

| भर्खर लगाइएको बाली | उम्रिसकेको बाली | फूल खेन्न थालेको बाली | फल्न थालेको बाली | भित्र्याउने बेला भएको बाली |
|---|---|---|---|---|
| | | | | |

८। आफ्नो घर वरपर कृषि  सम्बन्धी केकस्ता कामहरु हुने गरेको छन्, अवलोकन गरी वा परिवारमा छलफल गरी सूची तयार पार्न लगाउने र कक्षामा प्रस्तुत गरी छलफल गराउने ।

९। वरपरका उद्योगहरुको अवलोकन गरेर वा अभिभावकसँग सोधेर निम्मनानुसार विवरण तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् :

| उद्योगको नाम | उत्पादन गर्ने वस्तु | प्रयोग |
|---|---|---|
| | | |

१०। आफ्नो घर वरपर उपलब्ध हुने जडीबुढी सङ्कलन गर्नुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

११। उपलब्ध जडीबुढीको विभिन्न भागहरु सङ्कलन गरी दरो कागजमा टाँसेर नाम लेखी जडीबुढी पुस्तिका तयार गर्नुहोस् ।

१२। वरपर अवलोकन गरी कुन कुन ठाउँमा केकस्ता सावधानी अपाउनु पर्छ तालिका तयार गर्नुहोस् :

| ठाउँ | केसम्बन्धी सुरक्षा | कसरी सुरक्षित हुने ? |
|---|---|---|
| | | |
| | | |
| | | |

## कक्षा : ४

१। अभिभावकसँग सोधेर घ्याङलेखको नाम कसरी रहन गयो सोध्नुहोस् र कक्षामा बताउनुहोस् ।

२। शिक्षकको सहयोगमा गाउँपालिका कार्यालय भ्रमण गर्नुहोस् र तलको तालिका भर्नुहोस् ।

| गाउँपालिकाको नाम | अध्यक्षको नाम | कहिले निवार्चित भएको | बाँकी पदावधि |
|---|---|---|---|
| | | | |

३। आफू र अभिभावकले वडा कार्यालयबाट लिएका सेवाहरुको सूची तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

४। शिक्षकको सहयोगमा नजिकको वडा कार्यालय जानुहोस् र पदाधिकारीहरुका सम्बन्धमा निम्न जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

| गाउँपालिकाको नाम | वडा नं. | पदाधिकारीहरु | कसले र कसरी छनोट गरेको ? | पदावधि |
|---|---|---|---|---|
| | | | | |

५। वरपरका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको फोटो सङ्कलन गरी पोस्टर तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६। वरपरका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुका सम्बन्धमा निम्नानुसारका जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

| सम्पदाको नाम | के का लागि प्रख्यात छ ? | अन्य जानकारी |
|---|---|---|
| | | |

७। आफ्नो बारीमा भएका फलफूलहरुको बोटको विभिन्न अवस्था (पात झरेको, फूल फूलेको, फल लागेको, फल टिप्ने बेला भएको) को फोटो खिच्नुहोस् र एलबम तयार गर्नुहोस् ।

८। आफ्नो घरबारीमा खेती गरिएको फलफूलका विभिन्न भागहरु (पात, फल, फूल आदि) संकलन गरी किताबको पत्रमा प्रेस गरी केही दिन राखेर त्यसलाई दरो कागजमा टाँस्दै फलफूल पुस्तिका तयार गर्नुहोस् ।

९। यस वर्ष आफ्नो घरमा लगाइएको खाद्यबाली अवलोकन गरेर तथा अभिभावकसँग सोधेर तलको तालिका भर्नुहोस्

| अन्नबाली | तेलहन बाली | दलहन बाली |
|---|---|---|
| | | |

१०। आफ्नो घरमा परिकार बनाउने कार्यमा सहयोग गरी त्यसको अनुभव कक्षामा सुनाउनुहोस् ।

११। आफूले घुमेको पर्यटकीय स्थल सम्बन्धी निम्नानुसार जानकारी सङ्कलन गरी तलको तालिका भर्नुहोस्:

| घुमेको ठाउँ | स्थान | यस सम्बन्धी अनुभव |
|---|---|---|
| | | |
| | | |

१२। आफ्नो टोलका साथीहरुसँग समूह बनाई नजिकको खोला सम्बन्धी निम्नानुसार जानकारी सङ्कलन गर्नुहोस् :

| खोला वा नदीको नाम | उद्गम स्थल | प्रयोग अवस्था |
|---|---|---|
| | | |
| | | |

१३। वरपर उपलब्ध हुने कुन जडीबुटीहरुको कुन भाग उपयोग हुन्छ, अभिभावकसँग सोधेर तलको तालिका पूरा गर्नुहोस् ।

| जडीबुटीको नाम | प्रयोग हुने भाग | केका लागि उपयोग हुन्छ ? |
|---|---|---|
| | | |
| | | |

१४। आफ्नो घर वरपरको बजार अवलोकन गरी त्यहाँ देखिएका कुन कुन सामान कुन उद्योगबाट बनेको छ ? तालिका भर्नुहोस् ।

| सामानको नाम | उत्पादन गर्ने उद्योग | सामानको प्रयोग |
|---|---|---|
| | | |
| | | |

१५। वरपरको घरेलु उद्योगहरु वा अन्य काम भइरहने स्थान भ्रमण गरी त्यहाँ प्रयोग भएका स्थानीय प्रविधिहरु सम्बन्धमा तलको तालिका भर्नुहोस् :

| भ्रमण गरिएको उद्योग वा स्थान | प्रयोग भएको स्थानीय प्रविधि | प्रविधिबाट भएको काम |
|---|---|---|
| | | |
| | | |

अनुसूची-२

<u>जडीवुटी सम्वन्धि सामान्य ज्ञान</u>

| क्र.सं. | आयुर्वेद औषधिको नाम | प्लान्ट | वैज्ञानिक | उपयोगिता |
|---|---|---|---|---|
| १ | लज्जावन्ती काँडा (Leajavanti touch me not) | सवै प्रयोग गर्न सकिने (whole plant leaves and roots), (Root, steam, leaf and flower) | Mimosa pudica | - Useful female reproductive system सम्बन्धी सम्पूर्ण रोग<br>- Dimhoea/dyentery<br>- Bleeding case<br>- दम तथा स्वासप्रश्वास रोग<br>- छाला रोग<br>- पिसाव सम्बन्धी समस्या |
| २ | पारिजात (night jasmine) | Leaves, flower, seeds | Nyctanthes arbortistis | - Cold & cough-श्वासप्रश्वास सम्बन्धी समस्या)<br>- जोर्निको दुखाई<br>- Fever (ज्वारो)<br>- कवजियत<br>- Helps to relive mestrual cramps (महिनावारी दुखाईमा राहत)<br>- दाँतको समस्या भएमा |
| ३ | चरिअमिलो (Caremalla) | Leaves flower (पात फुल) | Oxalis carniculata | – Vitamin-C-B (स्कर्भी रोग)<br>– Influnza<br>– Insect bite<br>– High feaver<br>– Jundice |

| क्र.सं. | आयुर्वेद औषधिको नाम | प्लान्ट | वैज्ञानिक | उपयोगिता |
|---|---|---|---|---|
| ४ | तितेपाती | समपूर्ण भाग | Artemisia Vulgaris | - जरा-Tonic for the kidneys<br>- Digestive tonic<br>- घाउ सफा गर्न<br>- जोर्निको दुखाईमा<br>- महिनावारी पेट दुखाई |
| ५ | ब्रादमी - Brahmi, water, Hyssop_ धोडताप्रे | Whole plant use | Bacopa monnier | - तनाव थकान अनिद्रा<br>- Increase  mind concantration<br>- स्मर्ण शक्ति बढाउने<br>- टाउको को दुखाई  कम गर्ने<br>- पाचन पक्रियामा सहयोग<br>- कलेजो समस्यामा प्रयोग गर्ने |
| ६ | तेज पत्ता (सिन्कौली) | पात बोक्रा | Cinnamomum tamala | - अरुचि/पिनास<br>- रगत सफा गर्न<br>- पेट सम्बन्धी समस्या<br>- तौल घटाउन |
| ७ | रिठ्ठा | Seeds and fruit | Spandus mukrossi Gaertn | - छालाको समस्या<br>- जोर्निको समस्या<br>- पेट सम्बनधी समस्या<br>- कफ तथा स्वाश्प्रश्वास सम्बनधी समस्या |

| क्र.सं. | आयुर्वेद औषधिको नाम | प्लान्ट | वैज्ञानिक | उपयोगिता |
|---|---|---|---|---|
| ८ | जेठीमधु (यष्ठिमभु) | जरा | Glycyrrhiza Glabra | - कफ/दफ/स्वरभेद<br>- बमन/अम्लपित्त<br>- छालाको रोगमा<br>- कमजोरी पन |
| ९ | तिल | विऊ/तिल | Sesamum indicum linn | - महिनावारी हुँदाको दुखाई<br>- जोर्निको दुखाई<br>- कपाल सम्बन्धीको समस्या |
| १० | अदुवा | कन्द | Zingiber officinale | - कफ/दम/अपच<br>- अरुची |
| ११ | आँप | आँपको कोयाको गुदी | Mangifera Indica | - महिला सम्बन्धी रोगहरुमा<br>- झाडा पखाला |
| १२ | दुबो | सम्पूर्ण भाग | Cunodam dactylon pers | - सम्पूर्ण रक्तश्राव<br>- हातगोडा पोल्ने<br>- पिसाव पोल्ने<br>- कब्जियत<br>- पिसाव नलीको सक्रमण |
| १३ | काफल | बोक्रा | Myrica nagi Thumb | - रुघाखोकी/मुखरोग<br>- टाउको दुखाई<br>- घाउ खटिरो<br>- पिनास |

| क्र.सं. | आयुर्वेद औषधिको नाम | प्लान्ट | वैज्ञानिक | उपयोगिता |
|---|---|---|---|---|
| १४ | निम | बोक्रा, पात, बिया, जरा फल, फूल | Azadiracht Indica | - कपालको चाया<br>- छालाको समस्या<br>- मधुमेह<br>- पेटको समस्याहरुमा<br>- जोर्निको दुखाई<br>- रगत सफा गर्न |
| १५ | गुर्जो | सम्पूर्ण भाग | Tinospora cordifolia | - ज्वरो<br>- Immunity system लाई बढाउन । |
| १६ | तुलसी | सम्पूर्ण भाग प्रगोग गर्न सकिन्छ | Ocimum Sactum | - स्वासप्रश्वास रोग<br>- पाचन सम्बन्धी<br>- छाला रोग सम्बनधी<br>- ज्वरो/pneumonia |
| १७ | चिराइतो | सम्पूर्ण भाग | Swertia chirayita | - कब्जियत /जुका<br>- छाला सम्बन्धी रोगहरु<br>- उच्च रक्तचाप, कफ, हिक्का<br>- मधुमेह/मलेरिया |
| १८ | असुरो | पात | Justicia Adhatada | - Common अयमि<br>- अरुची , कब्जियत<br>- लहरे खोकी<br>- ज्वरो, स्वसप्रश्वासमा समस्या<br>- पिसाव नलीको समस्या |

| क्र.सं. | आयुर्वेद औषधिको नाम | प्लान्ट | वैज्ञानिक | उपयोगिता |
|---|---|---|---|---|
| १९ | वेल | सम्पूर्ण भाग | Aegle marmelos | - झाडापखला<br>- छालारोग<br>- जण्डिस |
| २० | हर्रो | सम्पूर्ण भाग | Terminalia chebula | - सम्पूर्ण पेट सम्बन्धी समस्या<br>- मधुमेह<br>- तौल घटाउन<br>- छाला सम्बन्धी रोग<br>- जोर्नि दुखाई<br>- मुखको घाउ |
| २१ | बर्रो | बोक्रा, बिउ | Terminalia Belerica | - कफ, निन्द्रा नलाग्नु<br>- वाक -वाक लाग्ने<br>- सम्पूर्ण पेट सम्बन्धी समस्या |
| २२ | अमला | फल | Emblica Officinalis | - Vitamin –C को मुख्य श्रोत<br>- Immunity शक्ति बढाउन<br>- कपाल झर्ने समस्या<br>- आँखा सम्बन्धी समस्या<br>- शरीरमा रगतको कमि भएमा<br>- खाना पचाउन<br>- तौल घटाउन<br>- छाला सम्बन्धी समस्या |

| क्र.सं. | आयुर्वेद औषधिको नाम | प्लान्ट | वैज्ञानिक | उपयोगिता |
|---|---|---|---|---|
| २३ | घ्यूकुमारी | Gel | Aleo barbadensis | - पुरानो घाउ<br>- खाना पचाउन सहयोग<br>- मुखको समस्या<br>- छालाको समस्या<br>- पोलेको ठाउँमा<br>- तौल घटाउन |
| २४ | सतावरी /कुरीलो | जरा | Asparogus Recemosus | - सुत्केरी महिलाको लागि (दुध बढाउन)<br>- शरिरको तागत बढाउन<br>- अम्लपित्त / पिसाब पोल्ने सम्बन्धी समस्या<br>- महिलामा रक्त श्राव बढी भएमा<br>- कुरिलो टुसालाई तरकारी तथा अचारको रुपमा पनि खान सकिन्छ । |

✍ **जीवन श्रेष्ठ**
**आयुर्वेद बैद्य**
**घ्याङलेख गाउँपालिका**

अनुसूची-३

खण्ड - क

# तामाङ र डम्फु

तामाङ जातिको वाहुल्यता रहेको यस सिन्धुली जिल्ला आफ्ना संस्कृति, रितिरिवाज, चालचलन, मान्यता लोप हुने पो हुन कि भनेर केही समय निकालेर कलम घोट्न विवस छु। सवैलाई थाहा नहुन पनि सक्छ कि भाषा र संस्कृति पनि जीवित वस्तु हो भनेर जीव जस्तै जन्मन्छन ,हुर्किन्छ र मर्छ। विश्वमा कयौं भाषाहरु जन्मेका छन् ,विकासको चरमचुलीमा पुगेका छन ,कालान्तरमा मरेका छन पनि। अहिले चरम चुलीमा पुगेका भाषा संस्कृति पनि कालान्तरमा मर्न सक्छन्। केहि समय अगाडि रामेछाप वसाईको अनुभवमा यहाँ वस्ने सवै तामाङ जाति तामाङ भाषा गति, लय मिलाई राम्रो वोल्न आउदैन। यिनीहर स्यार्वा (हेपिएर वोलाएका तामाङ समुदाय) हुन भन्ने मेरो सोचाई थियो तर विडम्वना त्यहाँ वस्ने एक जना वाजेले वाटोमा "छया" भनि वोलायो म अलमलमा परे "छया" भनेको कुन नाता हो ? वुझ्दै जादा "छया" भनेको असली तामाङ भाषामा नाती भनेको रहेछ। तव म छाँगाबाट खसेझैं भयो। आफू पनि असली तामाङ भाषामा सञ्चार गर्न नसक्दो रहेछ भन्ने महसुस भयो र आफ्नो पनि असली भाषा संस्कृतिको जगेर्ना गर्ने कर्तव्य आफ्नो पनि हो भन्ने आत्मबोधका साथ दुई वर्ष पछि लीपीवद्ध गर्ने जमको गरेको छ पक्कै यस सन्दर्भले तपाईलाई पनि केहि कौतुहलता हुन सक्छ।

भाषा सस्कृतिका विकासको लागि गोडमेल आवश्यक पर्छ। भाषा मानिसको अभिव्यक्तिको लागि शसक्त माध्यम हो र यो सो भाषिक समुदायको मानिसको अन्तरमनसंग सम्वन्धित हुन्छ। अर्को ऊ आफ्नो भाषासंग दुधे अवस्था देखि नै खेल्दै आएका हुन्छन। त्यसले गर्दा हरेका भाषामा स्थानीय लय र भाका हुन्छ। कसैले पनि त्यसलाई छोड्न चाहाँदैनन र छोड्न पनि हुँदैन। सिन्धुलीको तामाङले सैलुङको लय र भाकामा बोल्नुपर्छ भन्ने छैन तर भाषामा मिसावट(आगन्तुक) शब्द हाली भाषिक संरचनामा फेरवदल नगर्नु वेश हुन्छ। सञ्चार माध्यमको अर्थमा विचार सम्प्रेशन गर्ने क्रममा आफ्ना विचार धेरै भन्दा धेरै बुझ्न भन्ने अभिप्राय हुँदा उल्लेखित उक्तिमा न्याय संगत नहुन पनि सक्छ। यहाँ भाषाको कुरा गरिरहँदा तामाङको "आ" अक्षरबाट उत्पन्न हुने नाता प्रायःजसो निकट रक्तसम्बन्ध हुन आउछ। यो तामाङ जातिको जातिय मौलिकपना हो। यहाँ हेरौ जस्तै :-

| तामाङ भाषामा नाता | नेपाली नाता | तामाङ भाषामा नाता | नेपाली नाता |
|---|---|---|---|
| *आखे* | *हजुरवुबा* | *आपाग्रेन* | *ठुलो वुवा* |
| *आमा/आम्वोई* | *आमा* | *आपा पाराङ* | *माईलो वुवा* |
| *आमाग्रेन* | *ठुली आमा* | *आपाच्याङ्बा* | *काका ,सौतेनी वावु* |
| *आमापाराङ* | *माइली आमा* | *आस्याङ* | *मामा* |
| *आमाच्याङ्बा* | *कान्छी आमा* | *आङी* | *माइजु,फुपु* |
| *आरु* | *सानी आमा,सौतेनी आमा* | *आज्यो (ज्यो ज्यो)* | *दाई* |

| | | | |
|---|---|---|---|
| *आसु* | *काकी ,सौतेनी आमा* | *आले* | *भाई* |
| *आपा/आब्वोइ* | *वुवा* | *आङ* | *वहिनी* |

*स्रोतः तामाङ पहिचान सन्दर्भहरु,अमृत कुमार योञ्जनको पुस्तक पेज नं १० र ११ बाट साभार ।*

## तामाङ र डम्फु बिचको सम्वन्ध :

तामाङ शब्द जाति नाम र भाषाको नाम पनि हो । यस शब्दले काठ्माडौ वरिपरि वा मध्यपहाडी भु-क्षेत्रमा अनादिकाल देखि नै बस्दै आएको आदिवासीलाई वुझाउछ। तामाङ शब्द “ताम्बा” शाब्दिक अर्थ ताम र बा बाट भएको हो । ताम् को अर्थ “भाषा” र वा को अर्थ “ब्यक्ति”/“कर्ता” हुन आउछ। “ताम्बा” लाई दार्शनिक पनि भन्न सकिन्छ। “ताम्बा” ले मानब इतिहास र भू-इतिहास र सामाजिक विषय पोख्त हुन्छन। “ताम्बा”लाई प्रवक्ता पनि भन्न सकिन्छ। “ताम्बा” मानव इतिहास संगै तामाङहरुको सृष्ट्रि, मानब उत्पति परम्परा ,रितिथितिबा वारेमा कुरा गर्न अत्यन्तै सिपालु हुन्छन। जे जस्तो भएपनि “ताम्बा” शब्दको अपभ्रसित शब्द “तामाङ” हो । मानव जातिको वोली फुटेकालदेखि नै प्रयोग हुदै आएको संकेत गर्छ। हुनत तामाङ शब्दलाई खण्डित गरेर गलत विग्रह गरी “घोडे चढी सेना”,“घोडे भुत”,टोप लगाएर आएका भनि “टोप्रे”, भोटे, भोट्या र मुर्मी जस्ता व्याख्या गर्ने उरेन्ठेउला र वकमफुसे तर्क वितर्क गर्ने नेपाली विद्धतको पनि अनिकाल छैन। “ताम्बा” र तामाङ शब्दलाई पर्यायवाची शब्दको रुपमा तामाङ विद्धानले अर्थ्याएका छन। “ताम्बा” कसरी दार्शनिक ? भन्ने प्रश्नका लागि प्राचीन ताम्बा ले दिइएको गीत उपदेशलाई मनन गरौं।

## ताम्बको सृष्ट्रि सम्वन्धि अवधारण :

*दाङ्बो तोङ्बा राङ्सीङ्री - उहिले उहिले शुन्य ब्रह्माण्डमा*
*दोर्जेग्याडाम लूङ् छ्याजीम - दोर्जेग्याडाम /भुमरी भएछ हावाको*
*लूङ्ला थोरी मे छ्याजीम - हावामाथी आगो जमेछ*
*मेला थोरी क्यूई छ्याजीम - आगोमाथि वाष्पिकरण भई पानी भएछ*
*क्यूइला थोरी बोः छ्याजीम - पानी माथि फिंज जमेछ*
*बोःला थोरी दुल छ्याजीम - फिंज माथि धुलो जमेछ*
*दुलः ला थोरी सा छ्याजीम - धुलो माथि माटोको तर जमेछ*
*रीग्याल लोङ्बो गाङ् छ्याजीम - सुमेरु पर्वत वनेछ*
*लीङ्सी लीङ्ठान गे छ्याजीम - चार दिशा चार कोण छुटिएछ*
*स्यार्लो नुप ज्याङ छोसेरी - चारै दिशाको भुभागमा*
*डुवारीडुक् मी छ्याजीम - धर्तीमा मान्छे जन्मेछ*
*तोर्से तेडरी ला छ्याजीम - देउताको राज्य आकाशमा*
*मार्से होगरी लु छ्याजीम - नागको राज्य पातलमा*
*केर्से बार्री चान् छ्याजीम - अन्तरिक्षमा शिकारीले राज्य गरेछन*

*स्रोतः तामाङ पहिचान सन्दर्भहरु,अमृत कुमार योञ्जनको पुस्तक पेज नं १७० बाट साभार ।*

अव तपाईको मन पनि व्रह्माण्ड वारे सोच्ने चिन्तनको विकास हुन्छ, दर्शनको विकास हुन्छ र विज्ञान संग जोड्न हुन्छ र "ताम्बा" प्रति आदर भाव जाग्न थाल्छ। "ताम्बा"ले तामाङ संस्कार अन्तर्गत रुई/थरको बारेमा पनि यसो भन्छन ।

**रूई/थरको बारेमा :**

*ओन्मा ह्याङ्ला म्हेमेसे - उहिले हाम्रो पुर्खाले*
*राङ्ला तान्बा थान्बारी - आफ्नो सन्तान राख्नलाई*
*राङ्ला रुईगी फोलारी - आफ्नो थरको वंशमा*
*फार्वेल् छुर्वेल् आतागाई - हाडनातामा नविग्रोस्*
*गान्दीराङ्बा छेरीङ्गाई - नदीको जस्तो आयु होस*
*बीसी थान्बा फोला चु - पुर्खाले राखेको थरको रीत*
*रुईला फोला थाख्लागो - थरको रीतलाई नछोड्नोस*
*तान्बा म्हाला पाप् आला - सन्तान भुटिन्छ पाप लाग्ला*
*मीसेन् ह्याङ्दा तीक बीला - अरुले हामीलाई के भन्ला*

*स्रोतः तामाङ पहिचान सन्दर्भहरु,अमृत कुमार योञ्जनको पुस्तक पेज नं १७५ बाट साभार ।*

यहाँ दर्शन खोज्नुस र विज्ञान जोड्नुस हाडनाता फाप वा अफाप हुने कुरा विज्ञान सम्मत छ कि छैन ? तसर्थ अहिले तामाङ जातिभित्र १०० थर भन्दा वढी थर छन्। त्यसभित्र सहथर स्वाँगे भाई ( वैवाहिक सम्वन्ध कायम नहुने थर) खण्ड "ख" मा उल्लेख गरिएका छन । भने प्राचीन समयमा पनि हाडनाता बीच वैवाहिक सम्वन्ध राम्रो नहुने पक्षमा ताम्बाको भूमिका अथक देखिन्छ । हाडनाता विबाहको शुद्धीकरणका लागि के विधि विधान गरेछन त केही "ताम्बा"को कुरा पढौं :

**हाडनाता विबाहको सुद्धिकरणका लागि के विधि विधान : सगुन**

*मैनमी चरी दौत्तरी*
*ओन्माम दाङबो काल्बारी*
*जा कू जामे कू छर्मामी*
*स्यार्लो ,नुप्ज्याङ् कोर्मामी*
*मिला तेवा आरेवा जीम*
*मायुङ वुरिङ ब्रेल ताजिम*
*डासीङ,डोल्मो ल्हामोदा*
*म्हीला मञ्जु टेहो दा*
*साङ्गेम दाङ्बोरी खा ताजीम*
*डासीङ,डोल्मो फाटे चू*

*काल्बारी तिनी ब्रेल ताजिम*
*धर्मला तेन्बा थान्बारी होई*
*जामाग थन्जीम चुः सगुन*
*जामाग ग्याञ्जिम चः सगुन*
*जेगाइ विसि आईन चुः*
*म्हाङ्गै विसी हाहिन चुः*
*पाप नोन थिम्वा सगुन चुः*

**फेरी दर्शनः**

- सगुन के को ? कसरी वन्यो ?
- भागवान अगि की ? मानिस ?कसरी नौ भाइ नौ वहिनी भायो ?खोज्ने र सो दर्शनलाई वुझ्ने पाटो तपाईको ।

त्यसैगरी तामाङ कलासंग जोडेर हेरौं । डम्फु र तामाङ समुदाय एक अर्कामा अलग हुनै सक्दैन वा अन्योन्याश्रित सम्वन्ध छ । डम्फुको आविस्कार पेङदोर्जेले गरेका हुन ।"ताम्बा" ले उल्लेखित गीतको हरफलाई आफ्नो कला र गला औपचारिक कार्यक्रममा सवैलाई सुनाउँछन् । डम्फुलाई छालाले मोडिएर वनाएका वाजाहरु मध्ये सवै भन्दा प्राचीन मानिन्छ । भने विज्ञान सम्मत एकताको प्रतिक हो जसले हिमाल पहाड र तराई लाई क्रमश डाफे (हिमाल),मृगको छाला,खिर्रकाठ (अम्वु सिङ)(पहाड) र वाँसको ३२ किला (तराई) को प्रतिनिधित्व गरी १२ तामाङ १८ जात लाई कुटिल ढंगमा एकतृत गर्ने गरी प्रस्तुत गरेका छन ।

**अव तामाङ समुदायको मौलिक विशेषतालाई केलाई हेरौं :**

❖ **मामा चेलो र फुपू चेला बीच वैवाहिक सम्वन्ध :** तामाङ समुदायको कुटुम्वा खोज्न टाढा जानु पर्दैन ,केटाकेटी र सासूससुरा वीच परिचित नै हुने कुनै प्रकारको विवाह पछि घरमा ठगी, धोका, छलकपट हुने गुञ्जाइस रहँदैन भने वेहुली भइ जाने घर कनै नौलो नभई त्यहाँ रहेको श्री सम्पती पनि सुरक्षित हुन्छ ।

❖ **छोरी चेलीको थरको स्थायीत्व :** मानिस स्वतन्त्र,सामाजिक र चेतनशील प्राणी हो । विवाह पश्चात लोग्नेको थर आफ्नो नामको पछाडि झुण्ड्याउनु श्रीमान्को दासत्व स्वीकार हो । आफ्नो अस्तित्व गुमाउनु ठान्छन् । त्यसैल तामाङहरु विवाह भई गई सकेपनि माइतीपक्षले अस्तु (हाड) माईतीका अधिनमा नै राख्छन । तामाङ समाजमा अस्तु (हाड)लाई थरको प्रतिक मानिन्छ । तसर्थ माइतीको अनुमति/स्वीकृति विना चलाउन नपाउने मृत्युपछि माइतीले शवको परीक्षण (postmortem) पछि घेवा (मृत्यू संस्कार) का लागि अनुमति दिने गर्छन् । ताम्वा, गान्बा र भद्रभलाद्मी (सामाजिक नायक) को रोहवरमा लास लाई जलाई लामाद्धारा विधिवत् रुपमा मृतकको हड्डी माइतीले फिर्ता लिन्छन् । अस्तु फिर्ता लिईसकेपछि चेलीको अस्तु पुर्वजभमी पवित्र तिर्थभूमी नेसोम ( नमोवुद्ध,वौद्ध,स्वयम्भु ) मा समर्पित गर्ने परम्परा छ । तसर्थ तामाङ चेलीको जन्मदा लिएको थर मृत्यु पर्यन्त सोही हुने गर्छ ।

❖ **पेवा पद्धती :** उपहार स्वरुप पाएका,सिला खोजेको अन्न आदिलाई जोगाएर आर्थिक उपार्जनको विविध उपायबाट तामाङ चेलीहरु आर्थिक मजवुती वनाउँछन् । त्यसैले लरोतरो विवाह प्रस्ताव सोझै अस्वीकार गर्न सक्छन् । विवाह पछि पनि लोग्ने स्वास्नी बीच सेखासेखीमा पेवा धन बढाउन तप्तपर हुन्छिन् ।

❖ **इस्टदेवको पुजाआजा :** तामाङ जाति आदिवासी पनि हुनाले विभिन्न प्रकारका पूजा आजा पनि गर्छन् । आफ्नो भू-इतिहास र पुर्खाको योगदानलाई कदर गर्दै सम्झनास्वरुप फोला (कुलपुजा) गर्ने गर्दछन ।

❖ **सामाजिक भूमिकामा विविधिकरण :** मामा, चेली, कुटुम्वा, ताम्वा, लामा र ज्वाइ न्वारान, पास्नी, छेवार, गुन्यू दिने, विवाह, घेवा प्रचलित संस्कार हुन ।न्वारणमा लामा,पास्नीमा घरमूली/गान्बा, छेवरमा मामा र चेली, विवाहमा ताम्बा र घेवामा लामा र ज्वाईको भूमिका महत्वपुर्ण हुन्छ ।

❖ **आदरसत्कार गर्ने सस्कार :**

- कार्यक्रममा समान व्यवहार गर्नु,
- लेनदेन २ हातले गर्ने १ हातले गरेको लेनदेन अशूभ मान्ने,
- औपचारिक भोजभतेरमा उम्रेका देखि खुम्रेका सवैलाई भतेरको समान हिस्सेदार वनाउनु,
- घरमुलीले खाना शुरु नगरी अरुले खाना शुरु नगर्नु,
- वुढापाका र पहुनाको आदरपूर्ण सम्मान गर्नं,

❖ **वंशवली लेखन परम्परा :** तामाङ समाजमा वंशवली लेखन परम्परा पनि रहेका छन् । जसलाई दोङराप भनिन्छ। घर सिल (कुलपुजा) गर्ने वेला क्रमश सवै वंशावलीको नामवली उच्चारण गरी पितृ श्रद्ध प्रकट गर्छन ।

❖ **विवाद समधान प्रक्रिया :** विवाद चोहोले निरुपण गर्छ । अनयास अदालतमा धन खर्च गरी अदालतमा खर्चने समय भन्दा साइनो अनुसार सानोले ठूलालाई पाउ परी वा ढोग गरी एक पोङ सगुनको भरमा मिल्छन् ।

❖ **परम्परा हस्तान्तरण पक्रिया** : पुरानो पुस्ताले नयाँ पुस्तालाई गोप्य ज्ञान, सीप, प्रदान गर्दै जाने प्रचलन रहेका छन् । गोनेङ्ह्या (भदौ पुर्णीमा) का दिन दिव्य/गोप्य तान्त्रिक ज्ञान प्रदान गर्ने प्रचलन यस समुदायको छ ।

❖ **लोकविश्वास र लोकज्ञान :**

- डम्फुको सृजना पेङदोर्जे,
- पृथ्वीको उत्पतिपूर्व ७ घामा ७ जुन प्रलय हुँदा पनि ७ घाम र ७ जुन हुने,
- मान्छे पछि देवी देउताको सृष्ट्रि भएको,
- लोकउपचार - सवै लोक विश्वास प्रचलन प्रथा तथा अन्धविश्वास हुन भनेर पन्छाइ हाल्नु हुदैन ।

❖ **तामाङ र वौद्धधर्मबीचको प्रचलन :**

- माइतीको स्वीकृति विना चेलीको लास जलाउन नपाउने,
- लास संस्कार गर्दा लाम्तेन (सेतो कपडा) प्रयोग,
- घेवा पूर्व ताम्बा,गान्बा,वोन्बो र चोहोको औपचारिक स्वीकृति,
- मृतकलाई बोटो खर्च दिने प्रचलन,
- मूल लामाले घेवाको अन्त्यमा मृतकको नाम थर पोल्ने प्रचलन,
- मृतकको अस्तु नेसोम (नमोवुद्ध,वौद्ध,स्वयम्भु)मा पुऱ्याउने प्रचलन,

अन्त्यमा नव सन्ततिलाई तामाङको सु-सस्कार सिकाउँदै,गलत अभ्यास र सस्कारको सुद्धीकरण गरी आफ्नो भाषा ,सस्कार पश्चिमीकरणको प्रभावले संस्कार चटक्क विर्से पहिचान हराएर जान्छ साथै नेपालको संविधान २०७२ ले प्रदत्त गरेको धर्मनिरपेक्ष ,संघीयता पछि प्राप्त वाग्मती प्रदेशको सरकारी कामकाज भाषा "तामाङ भाषा"लडेर ल्याएका वीर वीरङ्गना तामाङ योद्धाको सपना र मौलिक हकको रुपमा रहेको धार्मिक स्वतन्त्रताका लागि पुर्खाले गरेको योगदान बालुवाको पानी झैं हुन सक्छ । सक्दो आ-आफ्नो भाषा,सस्कृतिको जर्गेना गरौं र नेपाल एक वहुजातीय, वहुभाषिक, वहुधार्मिक र वहुसास्कृतिक राष्ट्र हो भन्ने उक्तिलाई साकार पारौं ।

*स्रोतः तामाङ पहिचान सन्दर्भहरु,अमृत कुमार योञ्जनको पुस्तकबात सारांस प्रस्तुत गरिएको ।*

✍ **सुरेन्द्र कुमार स्याङ्तान**
**स्थानीय पाठ्यक्रम निर्माण**
**कार्यदल संयोजक**

खण्ड – ख

# घ्याङलेख बासी तामाङ जातिको सामान्य चिनारी

वागमती प्रदेश अन्तर्गतको सिन्धुली जिल्लाको पश्चिमतर्फ रहेका साविकका ५ ओटा अमले, बस्तिपुर, तामाजोर, नेत्रकाली र शान्तेश्वरीलाई गा.वि.स.हरुलाई एकत्रित गरी घ्याङलेख गाउँपालिकाको निर्माण गरिएको छ । महाभारत पर्वत श्रेणीको पानीढलो दक्षिण ढालमा अवस्थित यस गाउँपालिकाको धेरैजसो भूभाग भिरालो भूस्वरुपले ढाकिएको छ । लगभग एक दशक अगाडिदेखि मात्र मोटर बाटोको सुविधासंग जोडिएको यस गाउँपालिकामा तामाङ जातिको बाहुल्यता छ । ७४.५१% तामाङ जातिको वसोबास रहेको यस गाउँपालिकामा मगर,नेवार,कामी,क्षेत्री ,सुनुवार,थामि,दमाई,सार्की ,ब्राह्मण ,गिरी र भुजेल जातिको समेत वसोवास रहेको छ ।

कुल जनसंख्याको ३ चौथाई जनसंख्या रहेको यस गाउँपालिकाका तामाङ जातिले आफ्नो मातृभाषाको प्रयोगको साथै जातीय तथा धार्मिक संस्कारलाई पूर्णता पालना गरेको देखिन्छ । बौद्ध धर्मको प्रभावपूर्व वोन धर्म अपनाउने यस जातिका अधिकांश मानिस अहिले बौद्ध धर्मका अनुयायी छन् । त्यसै ले यस क्षेत्रमा धेरै संख्यामा गुम्बा,मानेहरुको निर्माण भएको देखिन्छ । केहि दशक अगाडिसम्म माध्यमिक शिक्षाको अवसर समेत नभएको यस गाउँपीलका क्षेत्रका तामाङ जातिमा पछिल्लो समय शिक्षातर्फ आकर्षण वढेपनि उच्च शिक्षा तर्फ उल्लेखनीय प्रगति भएको देखिदैन । वैदेशिक रोजगारलाई नै आफ्नो आय आर्जनको मूल पेशा ठान्ने यस समुदायमा क्रमशः सरकारी जागिर/नोकरी तर्फ आकर्षित देखिन्छ । काठमाडौं शहरसँगको सोझो सडक सम्पर्कमा रहेका ३,४ र ५ नं वडाका बासिन्दा केहि व्यावसयिक तरकारी खेती र पशुपालनमा संलग्न रहेतापनि अन्य क्षेत्रमा परम्परागत कृषिबाट नै जीवन गुजारा गरेको देखिन्छ ।

आफ्नो मातृभाषा धार्मिक तथा जातीय संस्कारलाई खुव प्यारो ठान्ने अन्य जनजातिको स्वभाव जस्तै तामाङ जातिको पनि स्वभाब मेल खान्छ । त्यसैले जन्म देखि मृत्यूपरान्त गरिने संस्कारगत प्रचलनमा कुनै बिचलन आएको देखिन्छ । इतिहासको कालक्रममा अन्य कतिपय जातिले तामाङलाई भोटे, मुर्मी लगायतका शब्दले संवोधन गरे पनि खासमा यस जाति आफूलाई “तामाङ” नै भन्न र “तामाङ” कै रुपमा परिचित गराउन चाहान्छन् ।

अन्य जातिको गोत्र परम्परा जस्तै तामाङ जातिमा पनि विभिन्न ह्वइ (थर) हरुको ङारु (स्वागे भाई) को प्रचलन छ । यी ङारु (स्वागे भाई) भित्र एक अर्का बीचमा वैवाहिक सम्वन्ध कायम हुदैन ।

❖ **तामाङला स्वाँगे ह्रुई कादे (तामाङको थरको स्वाँगेभाईहरु/दाजुभाई मान्ने/विवाहवारी नचल्ने थरहरु)**

| क्र.स. | ह्रुई (थर) | ङारु (स्वागे भाई)/वैवाहिक सम्वन्ध कायम नहुने थर |
|---|---|---|
| १ | दोङ | १) दोङ २) गङदान ३) गोङबा ४) वल ५) सिङदान ६) तितुङ ७) गोले ८) गिमदुङ ९) वज्यू |
| २ | मोक्तान | १) मोक्तान २) स्याङ्तान ३) पाख्रिन ४) थोकर |
| ३ | थिङ | १) थिङ २) ङेसुर ३) सिङ्गर |
| ४ | लोप्चन | १) लोप्चन २) बम्जन ३) योञ्जन ४) योन्जन ५) डुम्जन ६) मिक्चन |
| ५ | घिसिङ | १) घिसिङ २) लो ३) घलान |
| ६ | वाईवा | १) वाईबा २) रुम्वा ३) जिम्बा ४) टुबा ५) लुङ्बा ६) ग्याबा ७) मार्पा |
| ७ | छ्यूमी | १) छ्यूमी २) काल्तेन ३) ज्यूमी ४) होपतेन ५) साम्देन ६) लामाखोर ७) खानीखोर ८) जोङगान ९) न्हेगी १०) छ्यारतेन ११) सिङ्तान |
| ८ | ब्लोन | १) स्याङ्वा २) ब्लोन |

✍ **नीर वहादुर स्याङ्तान**
**श्री मा.वि.अमले**
**सामाजिक शिक्षक/स्थानीय व्यक्तित्व**

अनुसूची-४

## पालिकाको गीत (क)

### नेपाली भाषाको गाउँपालिका गीत

उकालीका चित्र छन् चित्र छन् ओरालीका
सिन्धुलीको भूमी यो घ्याङलेख गाउँपालिका ।

शिरमा छ फापरचुली पर्यटनको क्षेत्र यो
शिवजीको बास छ आस्थाको हो केन्द्र यो
उकालीका चित्र छन् चित्र छन् ओरालीका
सिन्धुलीको भूमि यो घ्याङलेख गाउँपालिका ।

शहिद भूमि सिम्ले गाउँ, गाथा गाउँछन क्रान्तिका
लाखाङ गुम्बा सोलाभन्ज्जाङ दीप बाल्छन शान्तिका
अनेक जातजाति छन मानवताको बास छ
अमृत बग्छ पानीमा र पो त यो खास छ
आलु, फाँपर, अम्रिसो तोरी खेत बारिका
सिन्धुलीको भूमि यो घ्याङलेख गाउँपालिका ।

सात दोबाटो, हायुटार चौकीडाँडा सिंपाल
तामाजोर, मरिण खोला बग्छन् काखमा कलकल
कोल्टार फाँट र चन्दनपुर खाद्यान्नको भण्डार
नेत्रकाली रामपुर समृद्धिको आधार
जति हेर्‌यो हेरौँ झैँ चित्र वारिपारिका
सिन्धुलीको भूमी यो घ्याङलेख गाउँपालिका ।

*सेतरमान थोकर*
*कमलामाई न. पा. - १ डाडिगुराँसे, बेल्टार, सिन्धुली*

## पालिकाको गीत (ख)

### तामाङ भाषाको गाउँपालिका गीत

ह्याङलम घ्याङलेख ह्यूलसरी पाडाला म्हेन्दो सरमुला
लबोन म्हेमे ङ्हा ह्राप्सी सिक्-सिक् बर्न दरमूला
जम्मन ङेङ्गोर गितासि ह्राङ केवा नाम्सा सोदोजि
ह्राङ केवा ह्युलसा सोवारी ह्याङलान सेमरी खेन्दोजि

*लास्सो ङेङ्गोर, ज्योज्यो, आले, नाना, अङा फ्याफुल्ला*
*ह्याङ-ह्याङ डिक्सी ह्याङलान ह्यूल्साद सोदोजि*

फापरचुली गङ ग्याल्से ब्राउ सेगे ज्योमो गङ च्यावारी
गडी गङ पीपल भन्ज्याङ ग्याम सरर गाडी ब्रजिजी
डिबी म्रासि चिबा नम्सरी दातेम विजुली लुङजीन्जी
ह्याङला ह्यूल्सा सोवारी नम्सरी सरकार हाजीन्जी

अमले, हायुटार कोरसी मम मरिण ठाकुर सङदोला
लाखाङ गोन्वो ज्याल्सी मम सङगेदा म्हारमेन फूल्दोला
नेत्रकाली, तामाजोर, बस्तिपूर, रामपूर, छरछरे, बन्दिपूर
पटामास, कोल्टार, बछ्युउटार, रिमठिम छर्न लबा सूर

लोप्खाङ पूइगो जजा कोला ब्रिबा डोबा सेदोला
ह्याङलान जजा कोला हयाङलान म्हि तोर-तोर फिरी दोदोला
अख्खेसे छाबा म्राङबूरी सेनोर रोना लादोला
ह्याङकेवा घ्याङलेख सेङबारी सेम गिक तासी ब्रादोला

***किशोर कुमार वाइबा***
***घ्याङलेख गाउँपालिका, वडा नं. २, हायुटार, सिन्धुली***

अनुसूची-५

## गाउँपालिका लोगो

**द्रष्टव्य :** यो लोगो आवश्यकता अनुसार ठूलो वा सानो आकार को बनाउन सकिनेछ। त्यसमा घ्याङलेख गाउँपालिकाबाट निर्धारित रंगको प्रयोग हुनेछ।

अनुसूची-६

# गाउँपालिका वस्तुगत विवरण २०७७ को सारांस

## परिच्छेद २ : गाउँ/गाउँपालिकाको चिनारी

### २.१ भौगोलीक अवस्थिति

घ्याङलेख गाउँपालिका १६६.७७ वर्ग कि.मि. क्षेत्रफलमा फौलिएको छ । समुन्द्री सतहबाट तल्लो सतह ४८४ मिटर देखि माथिल्लो सतह फापरचुली २३८० मिटर सम्म उचाइमा अवस्थित यस गाउँपालिकामा उष्ण मनसुनी, न्यानो समशितोष्ण, ठण्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । यस गाउँपालिकाको औसत तापक्रम २० र औषत वर्षा १८४१ मिलिमिटर हुन्छ । महाभारतको काखमा रहेको यस घ्याङलेख गाउँपालिकामा प्राय भिरालो जमिन छ । यहाँ खोला किनारामा बलौटे पथ्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ ।

अक्षांश : २७ डिग्री १६ मिनटदेखि २७ डिग्री २४ मिनट उत्तरी ।

देशान्तर :८५ डिग्री ४१ मिनटदेखि ८५ डिग्री ५४ मिनट पूर्वी ।

**सिमाना**

पूर्वमा : सिन्धुली जिल्लाको कमलामाई नगरपालिका ।

पश्चिममा : काभ्रेपलान्चोक जिल्लाको महाभारत र सिन्धुली जिल्लाको मरिण गाउँपालिका ।

उत्तरमा : काभ्रेपलान्चोक जिल्लाको रोशी र सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका ।

दक्षिणमा : सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र मरिण गाउँपालिका ।

**क्षेत्रफल** : १६६.७७ वर्ग कि.मि.

लम्बाई : सरदर २०.५ कि.मि.

चौडाई : सदरदर ६.५ कि. मि.

### २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

साविकको नेत्रकाली गा.वि.स.मा रहेको घ्याङलेख डाँडोबाटनै यस गाउँपालिकाको नाम ‘घ्याङलेख’ र हन गएको हो । तामाङ भाषामा ‘घ्याङ’ भन्नाले देवी देवता बस्ने ठाउ र ‘लेख’ भन्नाले अग्लो ठाउँ जनाउने हुँदा सो अग्लो डाँडामा तामाङहरुको इष्टदेवता रहने भएको हुनाले त्यस ठाउँको नाम **घ्याङलेख** रहन गएको देखिन्छ । त्यस घ्याङलेख डाडामा परापूर्व समय देखि नै माघे सक्रान्तीका दिन ठूलो मेला लाग्ने गरेको र यस क्षेत्र वरिपरिका मानिसहरु सो मेला भर्न ठूलो संख्यामा आउने गरेको तथ्यबाट पनि सो ठाउँको ऐतिहासिक महत्व रहेको छ । वर्तमान समयमा सो ठाउँमा मेला लाग्ने प्रचलन हराएता पनि यस ठाउँको ऐतिहासिक महत्वलाई पुनर्ताजगी गराउन यस गाउँपालिकाको नाम घ्याङलेख राखिएको हो ।

घ्याङलेख गाँउपालिकाको शिरमा रहेको फापरचुली(शिवजीको वासस्थान) मानिने यस धार्मिक एवंम पर्यटकीय स्थानमा फापरचुली भ्यूटावरको निर्माण गरिँदै छ । सहिद भुमी भनेर चिनिने सिम्ले गाउँले

क्रान्ती देखाउँछ भने लाखान, गुम्बा, सोल भञ्ज्याङ जस्ता स्थानहरुलाई शान्तीको प्रतिकको रुपमा चिनारी पाएका छन् । सात दोबाटो, हायुटार, चौकी डाँडा, सिम्पाल जस्ता विभिन्न स्थानहरुले यस गाउँपालिकाको ऐतिहासिक महत्वलाई दर्शाएका छन् । सर्वेक्षण अनुसार यस गाउँपालिकामा देहाय वमोजिमका पर्यटकीय स्थलहरु रहेका छन, जसमा तल उल्लेख गर्न सकिन्छ ।

१. फापरचुली भ्यू टावर
२. सिम्ले गाउँ
३. सोला भञ्ज्याङ
४. सात दोबाटो
५. चौकी डाँडा
६. तामाजोर नदी

## २.३ राजनीतिक अवस्थिति

साविक मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको सिन्धुली जिल्लाको साविकको ५३ वटा गा.वि.स.हरु मध्ये अमले, बस्तिपुर, तामाजोर, नेत्रकाली र शान्तेश्वरी गा.वि.स.हरुलाई समायोजन गरी ५ वटा वडामा विभाजन गरी २०७३ साल फाल्गुण २७ गते घ्याङलेख गाउँपालिका गठन भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको ७ वटा प्रदेश मध्ये बागमती प्रदेशको १३ वटा जिल्लामध्ये सिन्धुली जिल्लाको संघीय निर्वाचन क्षेत्र नं. २ प्रदेश निर्वाचन क्षेत्र २ ख मा यो घ्याङलेख गाउँपालिका पर्दछ ।

## २.४ धरातलीय अवस्था

यस गाउँपालिका महाभारत पर्वतमा पर्ने हुनाले प्राय भिरालो जमिन छ । यहाँ खोला किनारामा बलौटे पथ्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ ।

## २.५ प्राकृतिक सम्पदा

प्राकृतिक रुपले मनोरम साल,सिरिस, खयर, बर्रो, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते कटुस, चिलाउने, उत्तिस, लाकुरी आदी जस्ता रुखहरु र लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर, मलसाप्रो, बाघ, आदि प्रकारका जनावर आदिको बासस्थानको रुपमा रहेको यस गाँउपालिकामा मरिण खोला, रामपुर खोला, काली खोला, तामाजोर खोला, चाकखोला, रातु खोला, सिम्ले खोला, ठाडो खोला, चालिसे खोला आदि खोला, रातु खोला, लिपे खोला आदी ।

## २.६ साँस्कृतिक उत्कृष्टता

यस गाउँपालिकामा मनाईने मुख्य चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तीज, रामनवमी, शिवरात्री, फागुपुर्णिमा, वुद्धपुर्णिमा, नागपञ्चमी, माघेसक्रान्ती, साउने संक्रान्ती, कृष्णजन्माष्टमी, चैतेदशै, हरिशयनी एकादशी, हरीवोधनी एकादशी, कुशेऔंसी आदि पर्दछन भने सोनाम ल्होछार, ग्याल्पो ल्होसार, साकेला नाच, लाखे नाच, बालन नाच, संस्कृतिलाई जगेर्ना गरेको छ ।

### २.७ विकासका सम्भावना

सिन्धुली जिल्लाको सांस्कृर्तिक तथा पर्यटकीय दृस्टीकोणले महत्वपूर्ण यस गाउँपालिकामा विकासको धेरै नै सम्भावना भएता पनि भौगोलीक विकटता को कारण ले विकास ले सोचे जस्तो फड्को मार्न सकिरहेको छैन ।

## परिच्छेद ३ : पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

### ३.१ घरधुरी विवरण

पाँच वडामा विभाजित यस घ्याङलेख गाउँपालिकामा जम्मा २७११ घरधुरी छन् । जसमध्ये वडा नं.४ मा सबै भन्दा बढी घरधुरी ७२१ र सबै भन्दा कम घरधुरी ३७३ वडा नं.१ मा अवस्थित छन् । तलको तालिकामा वडागत रुपमा घरधुरीको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं.३.१ वडागत रुपमा घरधुरी विवरण**

| वडा | 1 | 2 | 3 | 4 | 5 | जम्मा |
|---|---|---|---|---|---|---|
| घरधुरी | 373 | 605 | 494 | 721 | 518 | 2711 |

### ३.२ जनसंख्या वितरणको अवस्था

घ्याङलेख गाउँपालिकामा जम्मा १७३०३ जनसंख्याको बसोबास रहेको छ । सबै भन्दा बढी जनसंख्या वडा नं. ४ मा ४७५६ र सबै भन्दा कम जनसंख्या वडा नं. १ मा २०६४ छन् । नेपालको कुल जनसंख्याको ०.०६५ प्रतिशत जनसंख्या यस गाउँपालिकामा छन् । तलको तालिकामा वडागत रुपमा जनसंख्याको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.२ वडागत रुपमा जनसंख्याको विवरण**

| वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| जनसंख्या | 2064 | 3808 | 3012 | 4756 | 3663 | 17303 |

### ३.३ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

यस गाउँपालिकाको कुल जनसंख्याको ५१.४ प्रतिशत पुरुष र ४८.६ प्रतिशत महिला छन् । वडा अनुसार हेर्दा पनि सबै वडामा पुरुषकै बाहुल्यता बढी भएको देखियो । तलको तालिकामा वडागत रुपमा लिङ्गको आधारमा जनसंख्याको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.३ (१) लिङ्गको आधारमा जनसंख्याको विवरण**

| लिङ्ग र वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| पुरुष | 1058 | 1921 | 1564 | 2457 | 1888 | 8888 |
| महिला | 1006 | 1887 | 1448 | 2299 | 1775 | 8415 |
| जम्मा | 2064 | 3808 | 3012 | 4756 | 3663 | 17303 |
| पुरुष ५ | 51.6 | 50.4 | 51.9 | 51.7 | 51.5 | 51.4 |
| महिला ५ | 48.7 | 49.6 | 48.1 | 48.3 | 48.5 | 48.6 |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

**तालिका नं. ३.३ (२) उमेरको आधारमा जनसंख्याको विवरण**

| वडा/उमेर | ०-१८ | १८-४० | ४०-६० | ६०+ | जम्मा |
|---|---|---|---|---|---|
| १ | 729 | 764 | 377 | 194 | 2064 |
| २ | 1373 | 1469 | 647 | 319 | 3808 |
| ३ | 1278 | 1096 | 433 | 205 | 3012 |
| ४ | 2042 | 1800 | 649 | 265 | 4756 |
| ५ | 5422 | 5129 | 2106 | 983 | 13640 |
| **जम्मा** | **6923** | **6537** | **2621** | **1222** | **17303** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

### ३.४ मातृभाषाको आधारमा जनसंख्या विवरण

यस गाउँपालिकामा तामाङ भाषा मुख्य भाषाको रुपमा रहेको सर्भेक्षणबाट देखिन आउँछ। कुल जनसंख्याको ७४.१ प्रतिशत बासिन्दाले बढी मात्रामा तामाङ भाषा प्रयोग गर्ने गरेको र दोस्रो नं. मा खस पर्वते भाषा/नेपाली भाषा १८ प्रतिशतले मात्रा प्रयोग गर्ने गरेको देखिन्छ। यस्तै विभिन्न भाषा प्रयोग गर्ने जनसंख्याको आधारमा वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.४ मातृभाषाको आधारमा जनसंख्याको विवरण**

| मातृभाषा र वडा | १ | २ | ३ | ४ | ५ | जम्मा | जम्मा ५ |
|---|---|---|---|---|---|---|---|
| तामाङ भाषा | 1743 | 2270 | 2552 | 4141 | 2131 | 12837 | 74.19 |
| खस पर्वते भाषा /नेपाली भाषा | 306 | 634 | 169 | 575 | 1447 | 3131 | 18.10 |
| मगर भाषा | 1 | 345 | 41 | 40 | 58 | 485 | 2.80 |
| थामी भाषा | 0 | 348 | 0 | 0 | 0 | 348 | 2.01 |
| सुनुवार भाषा | 13 | 198 | 63 | 0 | 0 | 274 | 1.58 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नेवारी भाषा | 0 | 0 | 186 | 0 | 26 | 212 | 1.23 |
| भाषा नखुलेको | 1 | 13 | 1 | 0 | 1 | 16 | 0.09 |
| **जम्मा** | **2064** | **3808** | **3012** | **4756** | **3663** | **17303** | **100.00** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

### ३.५ धर्म अनुसार जनसंख्या विवरण

यस गाउँपालिकामा बौद्ध धर्म मान्ने जनसंख्या सबै भन्दा धेरै छन्। कुल जनसंख्याको ७५ प्रतिशत जनसंख्याले बौद्ध धर्म मान्छन्। बौद्ध धर्म मान्ने जनसंख्या पछि हिन्दु धर्म मान्ने जनसंख्या २३ प्रतिशत छन्। त्यस्तै गरि क्रिश्चियन धर्म, किराँत धर्म आदि धर्म मान्ने जनसंख्याको वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

**तालिका नं. ३.५ धर्मका आधारमा जनसंख्याको विवरण**

| धर्म र वडा | १ | २ | ३ | ४ | ५ | जम्मा | जम्मा ५ |
|---|---|---|---|---|---|---|---|
| बौद्ध | 1765 | 2232 | 2552 | 4106 | 2312 | 12967 | 74.94 |
| हिन्दु | 266 | 1377 | 459 | 578 | 1267 | 3947 | 22.81 |
| क्रिश्चियन | 20 | 138 | 0 | 71 | 72 | 301 | 1.74 |
| किरात | 12 | 58 | 0 | 0 | 0 | 70 | 0.40 |
| बोन | 0 | 1 | 0 | 0 | 11 | 12 | 0.07 |
| खुलाउन नचाहेको | 1 | 2 | 1 | 1 | 1 | 6 | 0.03 |
| **जम्मा** | **2064** | **3808** | **3012** | **4756** | **3663** | **17303** | **100.00** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

### ३.६ जातिगत आधारमा जनसंख्या विवरण

यस गाउँपालिकामातामाङको जनसंख्या सबै भन्दा धेरै छन। जसमा कुल जनसंख्याको 74.57 प्रतिशत छन्।

**तालिका नं. ३.६ जातिगत आधारमा जनसंख्याको विवरण**

| जाति | १ | २ | ३ | ४ | ५ | जम्मा | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| तामाङ | 1779 | 2235 | 2553 | 4166 | 2169 | 12902 | 74.57 |
| थामी | 0 | 355 | 0 | 0 | 0 | 355 | 2.05 |
| नेवार | 0 | 0 | 190 | 453 | 464 | 1107 | 6.40 |
| दमाई | 7 | 36 | 11 | 0 | 53 | 107 | 0.62 |
| मगर | 2 | 482 | 41 | 44 | 831 | 1400 | 8.09 |
| कामी | 105 | 91 | 149 | 18 | 146 | 509 | 2.94 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्षेत्री | 94 | 328 | 5 | 33 | 0 | 460 | 2.66 |
| ब्राम्हन | 0 | 12 | 0 | 12 | 0 | 24 | 0.14 |
| सार्की | 0 | 0 | 0 | 30 | 0 | 30 | 0.17 |
| सुनुवार | 77 | 269 | 63 | 0 | 0 | 409 | 2.36 |
| **जम्मा** | **2064** | **3808** | **3012** | **4756** | **3663** | **17303** | **100.00** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

## ३.८ पेशाको आधारमा जनसंख्या विवरण

घ्याङलेख गाउँपालिकामामुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको छ। ४२८७ जनसंख्या जिविकोपार्जनको लागि कृषि पेशामा आवद्ध छन्। ९४५ जनसंख्याले नोकरी पेशाबाट आफ्नो जिविको पार्जन गर्दै आइरहेका छन्। हाल सम्म पनि ६३० जनसंख्या बेरोजगार छन्। ५८८ जनसंख्या वैदेशिक रोजगारीमा आवद्ध छन् । अन्य पेशा जस्तै ज्याला, मजदुरी, उद्योग, व्यवसाय आदिमा आवद्ध जनसंख्याको वडागत विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.८ पेशाको आधारमा जनसंख्याको विवरण**

| पेशा र वडा | १ | २ | ३ | ४ | ५ | जम्मा | जम्मा ५ |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी (अध्ययनरत) | 409 | 732 | 511 | 936 | 702 | 3290 | 19.01 |
| गृहणी | 519 | 615 | 608 | 29 | 827 | 2598 | 15.01 |
| नोकरी/रोजगारी | 101 | 164 | 44 | 411 | 225 | 945 | 5.46 |
| ज्याला/मजदुरी | 36 | 122 | 247 | 135 | 342 | 882 | 5.10 |
| बेरोजगार | 28 | 93 | 207 | 60 | 242 | 630 | 3.64 |
| बैदेसिक रोजगारी | 92 | 86 | 129 | 204 | 75 | 588 | 3.40 |
| उद्योग तथा ब्यापार | 24 | 86 | 69 | 97 | 41 | 317 | 1.83 |
| व्यावसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि | 2 | 9 | 33 | 3 | 95 | 142 | 0.82 |
| अन्य | 338 | 671 | 714 | 1110 | 791 | 52 | 0.30 |
| **जम्मा** | **2064** | **3808** | **3012** | **4756** | **3663** | **17303** | **100.00** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

## ३.१२ व्यक्तिगत घटना सम्बन्धि विवरण

### वैवाहिक स्थिति

घ्याङलेख गाउँपालिकामा ८२७३ जना विवाहित जनसंख्या छन् । यस गाउँपालिकामा ४७८१ जनसंख्या अविवाहित छन् भने ७७ जनाले बहुविवाह गरेका छन् भने २३ जनाको बालविवाह भएको सर्भेक्षणबाट देखिन आउँछ। तपसिलको तालिकामा वडागत रुपमा विवरण प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.१२ (१) वैवाहिक स्थितिको आधारमा वर्गीकरण**

| वैवाहिक स्थिति | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| विवाहित | 1053 | 1990 | 1374 | 2166 | 1690 | 8273 |
| अविवाहित | 612 | 1083 | 783 | 1291 | 1012 | 4781 |
| विधुर/विधवा | 42 | 51 | 97 | 150 | 140 | 480 |
| वहुविवाह | 12 | 6 | 21 | 18 | 20 | 77 |
| विवाहित तर अलग बसेका | 0 | 5 | 18 | 30 | 18 | 71 |
| पुन:विवाह | 1 | 0 | 14 | 0 | 11 | 26 |
| बालबिबाह | 6 | 6 | 0 | 0 | 11 | 23 |
| अन्य | 338 | 667 | 705 | 1101 | 761 | 3572 |
| **जम्मा** | **2064** | **3808** | **3012** | **4756** | **3663** | **17303** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

## मृत्यु भएका मानिसको वडागत विवरण

घ्याङलेख गाउँपालिकामा २०७७ सालमा मृत्यु भएका कुल ६९ जनाा मानिस मध्ये ४१ पुरुष र २८ महिला छन् । मृत्यु हुनेमा ५० जनाको रोग लागेर, ८ जनाको दुर्घटनामा र २ जना आत्महत्या गरेर मृत्यु भएको रहेछ । रोग लागेर मृत्यु हुनेमा मुटु सम्बन्धी रोगबाट मृत्यु हुने २१ जना छन् । १२ जनाको मृत्यु श्वास सम्बन्धी रोगले मृत्यु भएको छ । तपसिलको तालिकाहरुमा वडागत रुपमा विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.१२ (२) मृत्यु भएको मानिसको लिङ्गको आधारमा वडागत वर्गीकरण**

| मृत्यु भएको मानिसको लिङ्ग | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| पुरुष | 5 | 6 | 7 | 11 | 12 | 41 |
| महिला | 6 | 6 | 6 | 3 | 7 | 28 |
| **जम्मा** | **11** | **12** | **13** | **14** | **19** | **69** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

**तालिका नं. ३.१२(३) मृत्युको कारणको आधारमा वर्गीकरण**

| मृत्युको कारण | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| रोग लागेर | 9 | 10 | 10 | 6 | 15 | 50 |
| अन्य | 1 | 1 | 3 | 1 | 3 | 9 |
| दुर्घटना | 1 | 1 |  | 5 | 1 | 8 |
| आत्महत्या |  |  |  | 2 |  | 2 |
| **जम्मा** | **11** | **12** | **13** | **14** | **19** | **69** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

**तालिका नं. ३.१२(४) मृत्यु हुनेमा लागेको रोगको आधारमा वर्गीकरण**

| मृत्यु हुनेमा लागेको रोग | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| मुटु सम्बन्धी रोग/उच्च रक्तचाप/ब्लड प्रेसर | 4 | 4 | 7 | 1 | 5 | 21 |
| श्वासप्रशास सम्बन्धी रोग | 2 | 2 | 1 | 2 | 5 | 12 |
| क्यान्सर | 3 | 2 | 2 | 1 | 1 | 9 |
| अन्य | | | | 1 | 2 | 3 |
| मानसिक | | 1 | | 1 | 1 | 3 |
| मृगौला सम्बन्धी रोग | | 1 | | | 1 | 2 |
| **जम्मा** | **9** | **10** | **10** | **6** | **15** | **50** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

### ३.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

घ्याङलेख गाउँपालिकामाविगत देखि नै सामाजिक सुरक्षा कार्यक्रम नियमानुसार सञ्चालन हुँदै आएको छ। उक्त कार्यक्रम अनुसार यस गाउँपालिकाका वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण यस प्रकार रहेको छ।

**तालिका नं. ३.१३ वडागत रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण**

| सामाजिक सुरक्षा भत्ता | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **वडा नं. १** | **वडा नं. २** | **वडा नं. ३** | **वडा नं. ४** | **वडा नं. ५** |
| जेष्ठ नागरीक | १२६ | १६६ | ११२ | ११० | १०७ |
| जेष्ठ नागरीक दलित | ८ | २ | २ | ४ | ५ |
| जेष्ठ नागरीक एकल महिला | १८ | २५ | १९ | ३५ | १५ |
| विधुवा | १४ | ४१ | २८ | ३९ | ३२ |
| पूर्ण अपाङ्ग | १२ | १३ | ३४ | ६ | ५ |
| अति अशक्त | ८ | १२ | १९ | १७ | १३ |
| दलित बालबालिका | १० | ३ | १५ | १ | ९ |
| **जम्मा** | **१९६** | **२६२** | **२०९** | **२१२** | **१८६** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

### ३.१४ संस्थागत विवरण

घ्याङलेख गाउँपालिकमा विभिन्न किसिमका उद्योग तथा कलकारखाना/जलविद्‌युतको साथै विभिन्न संस्थागत संरचनाहरु सम्वन्धित निकायमा दर्ता भई सञ्चालनमा आएका छन्। यस गाउँपालिकामा हालसम्म सञ्चालनमा आएका संस्थागत विवरण तपशिलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.१४ संस्थागत विवरण**

| संस्थाको प्रकार<br>वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| उद्योग तथा कलकारखाना/जलविद्युत | 2 | 4 | | | 6 | 12 |
| गैसस/क्लब/समूह | | 2 | | | 1 | 3 |
| पुल तथा पुलेसा | 1 | 2 | | | 3 | 6 |
| प्राकृतिक श्रोत (पोखरी, झरना, खानी, गुफा, कुण्ड, कुवा, पधेरो) | 1 | | | | 1 | 2 |
| बैंक तथा वित्तिय संस्था | | 2 | | | 1 | 3 |
| भवन (सरकारी, सभागृह, समुदायिक, सहकारी) | | 1 | | 1 | 1 | 3 |
| व्यापार तथा व्यवसाय (किराना, मासु, कपडा) | 2 | 20 | 18 | 26 | 43 | 109 |
| शैक्षिक संस्था | 9 | 5 | 6 | 7 | 10 | 37 |
| संस्कृतिक सम्पदा (मठ मन्दिर, धर्मशाला, संग्रालय, दरवार) | 2 | 4 | 2 | 2 | 7 | 17 |
| सुरक्षा निकाय | | 1 | | | 1 | 2 |
| स्वास्थ्य संस्था | 2 | 2 | 2 | 3 | 4 | 13 |
| होटल/रिसोर्ट/होमस्टे | 2 | 4 | 1 | 2 | 4 | 13 |
| **जम्मा** | **21** | **47** | **29** | **41** | **82** | **220** |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

## परिच्छेद ४ : आर्थिक अवस्था

### ४.१.९ आयात र निर्यातको अवस्था

**आयात हुने वस्तु**

| तरकारी तथा खाद्यान्न श्रोत | | | उत्पाजनजन्य वस्तुहरु | |
|---|---|---|---|---|
| **तरकारी** | **फलफूल** | **अन्नदलहन** | **शैक्षिक सामग्री** | **नुनतेल** |
| आलु | स्याऊ, आँप | चामल, दाल | कापी, किताव, कलम | नुन, तेल बेसार, मसला |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

**निर्यात हुने बस्तु**

| प्राकृतिक श्रोत साधन | | | कृषिजन्य वस्तुहरु | | | | पशुजन्य बस्तुहरुमा | |
|---|---|---|---|---|---|---|---|---|
| खानी, ढुङ्गा, गिटी, वालुवा | वन पैदावर | अन्य | तरकारी | फलफूल | दलहन | अन्य नगदे वाली | पशुजन्य | पंक्षी जन्य |
| ढुङ्गा | सिन्कौली | कुरीलो, बोजो, पुदिना अन्य जडिवुटी | स्कुस, फर्सी, वोडी, निउरो आदि | जुनार, सुन्तला, निवुवा, कागती, किवी, हलुवावेद, भुइँकटहर | मासको दाल, वोडीको दाल, सिमिको दाल आदि | अदुवा, अम्रिसो, बेसार, | खसी, बोका, भेडा, बंगुर, राँगा | लोकल कुखुरा, कालिज, कुखुरा आदि |

*स्रोत :गाउँपालिका वस्तुगत विवरण २०७७/०७८*

## ४.२ भू-उपयोग तथा स्वामित्व

### ४.२.१ वर्तमान भू-उपयोग

